# माधव घिमिरेका कविताकाव्यमा देशभक्ति

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र**

**सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही**

**नेपाली विभाग, स्नातकोत्तर तह**

**द्वितीय वर्षको दसौँ पत्रको**

**प्रयोजनको लागि**

**प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**

शिवप्रसाद गुप्ता

त्रि. वि. भैरहवा बहुमुखी क्याम्पस

सिद्धार्थनगर, रूपन्देही

त्रि.वि.द.नं. ६-१-५२-४८०-९७


२०६८

शोधनिर्देशक
**डा. दामोदर ढकाल**
सहप्राध्यापक

# माधव घिमिरेका कविताकाव्यमा देशभक्ति

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र**
**सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही**
**नेपाली विभाग, स्नातकोत्तर तह**
**द्वितीय वर्षको दसौँ पत्रको**
**प्रयोजनको लागि**
**प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**
**शिवप्रसाद गुप्ता**
**त्रि. वि. भैरहवा बहुमुखी क्याम्पस**
**सिद्धार्थनगर, रूपन्देही**
त्रि.वि.द.नं. ६-१-५२-४८०-९७

२०६८

## शोधनिर्देशकको मन्तव्य

प्रस्तुत “माधव घिमिरेका कविताकाव्यमा देशभक्ति” शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली विभाग भैरहवा बहुमुखी क्याम्पसको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि छात्र शिवप्रसाद गुप्ताले मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबाट म सन्तुष्ट छु । प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

......................

डा. दामोदर ढकाल

सह-प्राध्यापक

नेपाली विभाग

भैरहवा बहुमुखी क्याम्पस

सिद्धार्थनगर रूपन्देही

मिति : २०६८।११।१५

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली विभाग,
भैरहवा बहुमुखी क्याम्पस, सिद्धार्थनगर रूपन्देही

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली विभागका छात्र शिवप्रसाद गुप्ताले स्नातकोत्तर तह, (एम.ए.) दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरी यस विभागमा प्रस्तुत "माधव घिमिरेका कविताकाव्यमा देशभक्ति" शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिको प्रयोजनका निम्ति आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## शोधमूल्याङ्कन समिति

| क.सं. | | नाम | | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | उप प्रा. बनमालीराज शर्मा | (विभागीय प्रमुख) | ............... |
| २ | सदस्य | ................................. | (बाह्य परीक्षक) | ............... |
| ३ | सदस्य | सह प्रा.डा. दामोदर ढकाल | (शोध-निर्देशक) | ............... |

मिति : २०६८।०९।

# कृतज्ञताज्ञापन

"माधव घिमिरेका कविताकाव्यमा देशभक्ति" शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पस, सिद्धार्थनगरअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि अनिवार्य नेपाली विभागाध्यक्ष आदरणीय गुरु सहप्राध्यापक डा.दामोदर ढकालज्यूको कुशल निर्देशनमा तयार गरेको हुँ । जुनसुकै बेला आफ्नो अमूल्य समय प्रदान गरेर यस कार्यमा मलाई निर्देशित गर्नु भएकोमा म वहाँप्रति अन्तरात्मादेखि नै हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु ।

शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी प्रस्तुत शीर्षकमा शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने तत्कालीन ऐच्छिक नेपाली विभागीय प्रमुख सहप्रा. मदनप्रसाद दवाडीज्यूप्रति तथा शोधपत्र लेखनका सन्दर्भमा अमूल्य सहयोग र सुझाव प्रदान गर्नुहुने आदरणीय गुरुज्यूहरू भैरहवा बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख सहप्रा. डा. कपिलदेव लामिछाने, सहायक क्याम्पस प्रमुख एवम् स्नातकोत्तर (नेपाली) का कार्यसंयोजक सहप्रा.डा. घनश्याम न्यौपाने 'परिश्रमी', ऐच्छिक नेपाली विभागका अध्यक्ष उपप्रा. बनमालीराज शर्मा, सहप्रा. डिल्लीराज भट्टराई, उपप्रा. शालिकराम पौड्यालज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । आदरणीय मित्र उपप्रा. त्रिभुवन बरईप्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

प्रस्तुत शोधकार्यका क्रममा आवश्यक मूल तथा सम्बद्ध सामग्रीहरू उपलब्ध गराउनुका साथै शोध गर्ने अनुमति प्रदान गर्नुहुने वरिष्ठ साहित्यकार आदरणीय माधव घिमिरेज्यूप्रति पनि म हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

तमाम चुनौतिका बावजुद पनि मेरो अध्ययनकार्यलाई यहाँसम्म ल्याइपुऱ्याउने आदरणीय बुवा बहादुर गुप्ता तथा आमा फुलझारी गुप्ताप्रति म कृतज्ञ छु । यसका साथै आवश्यक वातावरण मिलाउने श्रीमती उर्मिला गुप्ता तथा भाइ रामप्रसाद गुप्तालाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । साथै सामग्री सङ्कलन गर्ने क्रममा पुस्तकालय प्रयोग गर्न दिई सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय र भैरहवा बहुमुखी क्याम्पस पुस्तकालय परिवार प्रति पनि आभार प्रकट गर्दछु । त्यस्तै शोधपत्रलाई शुद्ध एवम् टङ्कण गरिदिनुहुने रीम कम्युनिकेशनलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग, सिद्धार्थनगर समक्ष प्रस्तुत गर्दछु ।

...................

शिवप्रसाद गुप्ता
नेपाली विभाग
भैरहवा बहुमुखी क्याम्पस
सिद्धार्थनगर, रूपन्देही

शैक्षिक सत्र (२०६२-२०६४)
मिति : २०६८/११/१५

# विषयसूची

स्वीकृतिपत्र

शोधनिर्देशकको मन्तव्य सङ्क्षेपीकृत शब्दसूची

## परिच्छेद एक

## शोधपरिचय

| | पृष्ठ सङ्ख्या |
|---|---|
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधको प्रयोजन | १ |
| १.३ समस्याकथन | १ |
| १.४ शोधपत्रको उद्देश्य | २ |
| १.५ पूर्वकार्यको समीक्षा | २ |
| १.६ अध्ययनको औचित्य र महत्त्व | ५ |
| १.७ शोधकार्यको सीमाङ्कन | ५ |
| १.८ सामग्रीसङ्कलन विधि | ५ |
| १.९ शोधविधि | ५ |
| १.१० शोधपत्रको रूपरेखा | ६ |

## परिच्छेद दुई

## माधव घिमिरेको जीवनी र व्यक्तित्वको अध्ययन

| | |
|---|---|
| २.१ जीवनी | ७ |
| २.१.१ जन्म र जन्मस्थान | ७ |
| २.१.२ बाल्यकाल र शिक्षादीक्षा | ८ |
| २.१.३ पारिवारिक पृष्ठभूमि | ९ |
| २.१.४ विवाह र दाम्पत्य जीवन | ९ |
| २.१.५ संस्थागत संलग्नता | १० |
| २.१.६ भ्रमण | १० |
| २.१.७ सम्मान एवम् पुरस्कार | ११ |
| २.१.८ लेखनमा प्रेरणा र प्रभाव | १२ |
| २.२ माधव घिमिरेका व्यक्तित्व | १३ |

२.२.१ शारीरिक व्यक्तित्व १३
२.२.२ कवि व्यक्तित्व १४
२.२.३ खण्डकाव्यकार व्यक्तित्व १५
२.२.४ गीतकार व्यक्तित्व १६
२.२.५ गीतिनाटककार व्यक्तित्व १७
२.२.६ बालकवि व्यक्तित्व १७
२.२.७ निबन्धकार व्यक्तित्व १८
२.२.८ कथाकार व्यक्तित्व १८
२.२.९ अनुवादक व्यक्तित्व १८
२.३ निष्कर्ष १९

## परिच्छेद तीन

## माधव घिमिरेका काव्यप्रवृत्तिहरूका विश्लेषण

३.१ विषयप्रवेश २०
३.१.१ रतिकरुणामूलक भावतरलता २१
३.१.२ बद्धछन्दात्मक लयात्मकता २३
३.१.३ संरचनात्मक सन्तुलन २५
३.१.४ शिल्पसज्जा-सौकुमार्य २६
३.१.५ पदलालित्य परिपाक २८
३.१.६ सुमर्यादित शैलीमा झर्रोपना र छचल्काहरू २९
३.१.७ भावको संयमित स्वस्फूर्तता ३०
३.१.८ सांस्कृतिक सौरभ ३०
३.१.९ राष्ट्रिय राग ३२
३.१.१० सुक्ष्म-मसृण जीवनबोध ३३
३.१.११ प्रकृतिबोधमय माधुर्य ३४
३.१.१२ सुसम्परिष्कार-चारुता ३५
३.१.१३ मानवतावाद ३६
३.१.१४ सङ्क्षिप्तता ३६
३.२ निष्कर्ष ३७

## परिच्छेद चार

## माधव घिमिरेका देशभक्तिपरक कविताकाव्यको विवेचना

४.१. माधव घिमिरेका कवित्वको अध्ययन ३८
४.१.१ कविताको सैद्धान्तिक परिचय ३८
४.१.२ कविताका तत्त्वहरू ३९
४.१.२.१ शीर्षकीकरण ४०
४.१.२.२ संरचना ४०
४.१.२.३ विषयवस्तु ४०
४.१.२.४ लयविधान ४१
४.१.२.५ भाषाशैली ४१
४.१.२.६ भावविधान ४२
४.१.२.७ कथनपद्धति ४३
४.१.२.८ बिम्ब-प्रतीक ४३
४.१.३ नेपाली कविताको विकासक्रम र आधुनिककालको सापेक्षतामा माधव घिमिरे ४४
४.१.३.१ प्राथमिक काल (१८२६-१९४०) ४५
४.१.३.२ माध्यमिक काल (१९४१-१९७४) ४६
४.१.३.३ आधुनिक काल (१९७४ देखि हालसम्म) ४७
४.१.४ कविताका उपविधाहरू ४९
४.१.४.१ मुक्तक (लघुत्तम रूप) ५०
४.१.४.२ फुटकर कविता (लघु रूप) ५०
४.१.४.३ खण्डकाव्य (मझौला रूप) ५०
४.१४.४ महाकाव्य (बृहत रूप) ५०
४.१.४.५ विकाशील महाकाव्य (बृहत्तम रूप) ५१
४.२. माधव घिमिरेका कवितामा देशभक्ति ५२
४.२.१ स्वदेशभक्ति ५४
४.२.२ स्वदेशी गीत ५४
४.२.३ स्वदेशी गीत ५५
४.२.४ हाम्रो भावना ५६
४.२.५ जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ५६
४.२.६ राष्ट्रिय झण्डा ५७
४.२.७ स्वदेशको सङ्ग्रेलो ६०

४.२.८ नेपाल ठूलो भए ६१
४.२.९. तर अचल नेपाल नभ्कुकोस् ६२
४.२.१०. हामी बिपना रच्छौँ ६२
४.२.११. दधिमन्थन ६४
४.२.१२. सम्बोधन ६५
४.२.१३ पँधेर्नी ६६
४.२.१४ नवयुवक ६७
४.२.१५ नेपालै नरहे ६७
४.३. घिमिरेका खण्डकाव्यहरूमा देशभक्ति ६९
४.३.१ राजेश्वरी खण्डकाव्यको विश्लेषण ७०
४.३.१.१ ऐतिहासिक विषयवस्तुसँग राजेश्वरी खण्डकाव्यको तुलना ७५
४.३.२ राष्ट्रनिर्माता खण्डकाव्यको विश्लेषण ७६
४.३.२.१ ऐतिहासिक विषयवस्तुसँग राष्ट्रनिर्माता खण्डकाव्यको तुलना ८३
४.३.३ धर्तीमाता खण्डकाव्यको विश्लेषण ८४
४.३.३.१ पृथिवीसूक्तसँग धर्तीमाता खण्डकाव्यको तुलना ८६
४.४ माधव घिमिरेका गीतमा देशभक्ति ८८
४.४.१.पर्वतकी पार्वती हे ८९
४.४.२. परन्तु यौटै मूर्तिमा विराट ८९
४.४.३. जय जय जय हे नेपाल ९०
४.४.४. स्वदेश मेरो नेपाल ९०
४.४.५. यही हो मेरो द्यौराली ९०
४.४.६. अलकापुरी मै हेर्छु फर्की-फर्की ९१
४.४.७ लाग्दछ मलाई रमाइलो ९१
४.४.८. आज मेरो बाडुल्कीमा ९२
४.५ निष्कर्ष ९२

## परिच्छेद पाँच

## उपसंहार र निष्कर्ष

५.१ उपसंहार ९४
५.२ निष्कर्ष ९५
सन्दर्भसूची ९७

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अप्र. | – | अप्रकाशित |
| इ.सं. | – | इस्वी सम्वत् |
| एम्.ए. | – | मास्टर्स अफ आर्ट |
| डा. | – | डाक्टर |
| ने.रा.प्र.प्र. | – | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| ने.के.वि. | – | नेपाली केन्द्रीय विभाग |
| ने.भा.प्र. | - | नेपाली भाषा प्रकाशन |
| प्रा.लि. | - | प्राइवेट लिमिटेड |
| पृ. | – | पृष्ठ |
| पृ.सं. | – | पृष्ठ सङ्ख्या |
| संस्क. | - | संस्करण |
| सा.प्र. | – | साझा प्रकाशन |
| सम्पा. | – | सम्पादक |
| त्रि.वि. | – | त्रिभुवन विश्वविद्यालय |

# परिच्छेद एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "माधव घिमिरेका कविताकाव्यमा देशभक्ति" राखिएको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

नेपाली साहित्यको फाँटमा प्रथम प्रकाशित कविता 'ज्ञानपुष्प' कविताबाट साहित्यिक यात्रा प्रारम्भ गरेका माधव घिमिरेले विभिन्न विधाका कृतिहरू रचना गरेका छन् ।

साहित्यका विभिन्न विधामा परिचित हुँदै आएका भएपनि कविता नै उनको व्यक्तित्व विकासको मूल केन्द्र बन्न पुगेको देखिन्छ । उनी कवि, गीतकार र गीतिनाटककारका रूपमा सक्रिय तथा सुपरिचित रहेका छन् । यसरी विविध विधामा कलम दौडाउँने घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, बालसाहित्यकार र राजेश्वरीको कृतिपरक अध्ययनका साथै घिमिरेका फुटकर कविताहरूको समीक्षात्मक अध्ययन भएको पाइए तापनि उनका रचनामा देशभक्तिको भाव भएका कविताकाव्यको समग्र अध्ययन हुन सकेको हालसम्म पाइएन । तसर्थ निम्नलिखित समस्याहरू देखिएका छन् :

(क) माधव घिमिरेको जीवनी र व्यक्तित्व के-कस्तो रहेको छ ?

(ख) माधव घिमिरेका काव्यप्रवृत्तिहरू के-कस्ता छन् ?

(ग) माधव घिमिरेका कविताकाव्यमा के-कस्तो देशभक्तिको भावना पाइन्छ ?

यिनै समस्याहरूमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ । यस्ता प्रश्नहरूका समस्यालाई उठाई त्यसका समाधानका लागि व्यवस्थित अध्ययन प्रस्तुत गरिएको छ । विविध कोणबाट माधव घिमिरेका देशभक्तिका कविताकाव्यको अध्ययन गर्दै उनको योगदानको मूल्याङ्कन गर्नु जस्ता विषयहरू यो शोधपत्रको प्रमुख समस्याभित्र रहेको छ ।

## १.४ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रका मूलभूत उद्देश्यहरू निम्नलिखित छन् :

(क) माधव घिमिरेको जीवनी र व्यक्तित्व पहिल्याउनु,

(ख) माधव घिमिरेका काव्यप्रवृत्तिका निक्र्योल गर्नु,

(ग) माधव घिमिरेका कविताकाव्यमा पाइने देशभक्तिको भावना पहिल्याउनु ।

## १.५ पूर्वकार्यको समीक्षा

राष्ट्रकवि माधव घिमिरेका कवित्वको बारेमा विभिन्न कवि, लेखक र समालोचकहरूले आ-आफ्नो धारणा व्यक्त गरेका छन् । ती धारणाहरूलाई निम्नानुसार दिइएको छ :

केशवप्रसाद उपाध्यायले 'कवि घिमिरे र उहाँका पापिनी आमा' लेख (**मधुपर्क**, भदौं, २०१३, पृ.८५) मा यहाँ प्रकृतिलाई मानवको सहचर र सहनुभवी जुन रूप प्रदान गरिएको छ, त्यो रोमान्सेली कविताका लागि सर्वस्व कृति नै रहेको भन्दै जीवन सुखद र शुभलक्षणमा प्रकृतिको शान्त, स्निग्ध र सौम्य रूप अनि दुःखद र अशुभ लक्षणमा उग्र र रौद्र रूपको चित्रण गरिएको छ भनेका छन् ।

माधव घिमिरेले 'भूमिका भाग' **राजेश्वरी** खण्डकाव्य (२०१७, पृ.क-ख) मा यस सुन्दर संसारमा मानिस बाँच्न चाहनुका साथै जीवन कर्मको निम्ति हो; प्रेमको निम्ति हो र आखिर जीवनकै निम्ति भएको जीवनमा हामी प्रेम चाहन्छौ, प्रेम पाइँदैन भने पनि हामीले आफ्नो कर्तव्य गरी नै रहनु पर्ने भएकोले आज सतीप्रथा छैन, मानिसको मानिसप्रतिको यो उपेक्षा र जीवनप्रतिको यो विरक्ति आज पनि उस्तै छ भनेर चित्रण गरेका छन् ।

वासुदेव त्रिपाठीले 'कवि घिमिरेको काव्ययात्रा र **राजेश्वरी** खण्डकाव्य' समालोचना ( **रूपरेखा**, वर्ष १२, अङ्क १३१ चैत्र २०२८, पृ.५) मा **राजेश्वरी** खण्डकाव्य घिमिरेको प्रौढताको निसानी र उनका काव्यप्रकृतिको केन्द्रविन्दु बन्न पुगेको भन्दै मान्छेको मूल्य वा जिजीविषा नै यस खण्डकाव्यको केन्द्रविन्दु हो भनी उल्लेख गरेका छन् ।

दैवज्ञराज न्यौपानेले 'कवि घिमिरेका राष्ट्रनिर्माता' लेख (**मधुपर्क**, वर्ष ६, अङ्क ६, पृ.३०) मा घिमिरेले उपजाति छन्दलाई राष्ट्रनिर्माता काव्यद्वारा नेपालीमा जीवन्त बनाइदिनुको साथै छन्दवादी कविहरूमा वार्णिक छन्दमा घिमिरेसँग कुम जोड्ने व्यक्ति अहिले अरू छैनन् भन्दै उनी यस क्षेत्रका एकछत्त नाइके हुन् भनी बताएका छन् ।

राममणि रिसालले **नेपाली काव्य र कवि** भन्ने पुस्तक (२०३१, पृ.२२४-२२८) मा **राजेश्वरी** खण्डकाव्यमा राष्ट्रियताको व्यापक सन्दर्भलाई उचालेर आञ्चलिक मर्यादा, जीवन र प्रकृतिको गाथा गाएर राष्ट्र र राष्ट्रियताका विपुल दृष्टिमा चम्किएका घिमिरे विश्वबन्धुत्वको महिमा गाउन अग्रसर छन् भनी बताएका छन् ।

कृष्ण गौतम 'पापिनी आमा लघुकाव्यमा कवि माधव घिमिरे' लेख (**गोरखापत्र**, भाद्र-४, २०३४, पृ.७) मा घिमिरेका लोकलयमा तीब्रता र गतिमयता पाइनुका साथै काव्यको शीघ्रगामी घटनाका लागि यस्तो गतिशील छन्दलाई उपयुक्त बताएका छन् ।

यदुनाथ खनालले **साहित्यचर्चा** भन्ने पुस्तक (२०३४, पृ.३५) मा राजेश्वरी अति भावुक र गहन कृति हो भनी उल्लेख गरेका छन् ।

भानुभक्त पोखरेलले **घिमिरेका विशिष्ट खण्डकाव्य** पुस्तक (२०३९, पृ.१२६) मा **राष्ट्रनिर्माता** खण्डकाव्य अत्यन्त खारिएका, चुनिएका र प्रौढ पदावलीको कविताकृति भन्दै सम्वादको पद्धतिमा भावानुभूतिमूलक चिन्तनलाई क्षणक्षणको सावधानी र कणकणको परिमार्जनद्वारा दीप्त पार्दै कालिदासीय उपमा शैलीमा लेखिएको एउटा महत्तम प्राप्ति हो भनेका छन् ।

घटराज भट्टराईले **वार्षिक छन्दका समकक्ष कवि** पुस्तक (नेपाली साहित्यकार परिचय कोश, नेपाल रिसर्च एसोसिएट्स, काठमाडौं, २०५१, पृ.६०) मा माधव घिमिरेलाई साधनाले परिपक्व कवि, राष्ट्रियता र नेपाली संस्कृतिका अधिवक्ता भन्दै उनी जे बोल्छन् घत पर्ने गरी कविताको आकारमा बोल्दछन् र जे लेख्छन्  कवि नै लेख्छन् र उनको लामो तपस्या र साधना कवितामा फुलेको छ, गीतमा फुलेको छ र गीतिनाटकमा  आएर झाँगिदै छ भनेका छन् ।

लक्ष्मणप्रसाद गौतमले समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण भन्ने पुस्तक ( २०६०, पृ.१) मा बिम्ब कलात्मक र सौन्दर्य हुनाका साथै यसले कवितामा ओज थप्ने काम गर्छ भनेका छन् । सम्वेदात्मक, प्रतीकात्मक, यौन, छाँयात्मक, लोक, मिथकीय, पौराणिक, बैदिक, ताीन्त्रक, ब्रम्हाण्ड, आद्‌भूतिक, प्राकृतिक, ऐतिहासिक, स्मृति,शिशु, ग्राम्य, सांस्कृतिक एवम् आलङ्कारिक आदि बिम्बका प्रकार हुन् भनी उल्लेख गरेका   छन् ।

दैवज्ञराज न्यौपानेले 'कविताका एक असल साक्षी' लेख (**गरिमा** वर्ष २१, अङ्क १०, पूर्णाङ्क २५०, २०६०, पृ.११४-१२४) मा माधव घिमिरेका कवितामा पाइने राष्ट्रिय राग, संस्कृति, प्रकृत्ति र व्याप्ति बोलेको पाइन्छ भनेका छन् । यसमा घिमिरेका कवितामा राष्ट्रियता पाइने उल्लेख भए तापनि समग्रमा माधव घिमिरेका कविताकाव्यमा पाइने  देशभक्तिको अध्ययन हुन सकेको पाइँदैन ।

रमेश गोर्खालीले 'सफल राष्ट्रवादी नेपाली' शीर्षक लेख (नेत्र एटम,सम्पा.) **राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन**, (२०६०, पृ.२४१) मा राष्ट्रको सुन्दरता र शान्तिप्रियतालाई काव्यकारले सदैव प्रभावोत्पादक तुल्याएका हुन् भनेका छन् ।

भगवत आचार्यले 'घिमिरे राष्ट्रवादी कवि हुन्' शीर्षक लेख (नेत्र एटम, सम्पा.), **राष्ट्रकवि घिमिरे : समीक्षत्मक अवलोकन**, (२०६०, पृ. ३२२) मा माधव घिमिरेका काव्यप्रवृत्तिलाई छोटकरीमा बताउँदै उनलाई राष्ट्रवादी कवि भनेर चित्रण गरेका छन् ।

बिन्दु शर्माले **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे** भन्ने पुस्तक (२०६२, पृ.१६) मा माधव घिमिरे नेपाली साहित्यमा अनुवादकका रूपमा पनि देख्नुका साथै भाषानुवाद परिषद्मा जागिर भएपछि उनको काम कृतिको अनुवाद गर्ने भएकाले उनी यसतर्फ लागेको देखिन्छ भनी बताएका छन् ।

त्यसैगरी समालोचनात्मक ग्रन्थकारका रूपमा रत्नध्वज जोशी, वासुदेव त्रिपाठी, भानुभक्त पोखरेलका समालोचनाहरू देखा पर्दछन् भने समालोचनात्मक लेखकका रूपमा विभिन्न पत्रपत्रिकामा दैवज्ञराज न्यौपाने, माधवप्रसाद पोखरेल, घटराज भट्टराई, भानुभक्त पोखरेल आदिका समालोचनात्मक लेखहरू देखिन्छन् ।

यसरी विभिन्न सन्दर्भमा उनको कवित्वको बारेमा कवि, लेखक, समालोचकहरूले चर्चा परिचर्चा गरे पनि सिङ्गो रूपमा घिमिरेका कविताकाव्यमा देशभक्तिको अध्ययन हुन बाँकी रहेकाले यहाँ उनको कविताकाव्यमा भएको देशभक्तिको बारेमा समग्र अध्ययन र विश्लेषण गरिएको छ ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

माधव घिमिरेका देशभक्तिपरक कविताकाव्यको विवेचना गरी ती राष्ट्रिय रागले ओतप्रोत भएका कविताकाव्यका विशेषताहरूलाई ठम्याउन सक्नुमा नै यस शोधकार्यको शोधपरक प्राज्ञिक औचित्य एवम् शोधपरक महत्त्व रहेको छ । उनका कविताकाव्यमा भएको देशभक्तिका बारेमा जान्न चाहनेहरूलाई यस शोधले मद्दत गर्ने हुँदा पनि यो शोध निकै उपयोगी एवम् औचित्यपूर्ण ठानिएको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

माधव घिमिरेका कवितासङ्ग्रह, खण्डकाव्य, गीतिनाटक, कथासङ्ग्रह, निबन्धसङ्ग्रह र गीतसङ्ग्रह प्रकाशित भएका छन् । त्यस्तै उनका अन्य अप्रकाशित रचनाहरू पनि रहेका छन् । तसर्थ यहाँ उनको प्रकाशित कविताकाव्यमा भएको देशभक्तिको मात्र विश्लेषण र मूल्याङ्कन गरिएको छ, जुन यस शोधपत्रको मुख्य सीमा हो । साथै विभिन्न सान्दर्भिक कोणबाट घिमिरेका कविताकाव्यमा भएको देशभक्ति अर्थात् राष्ट्रिय रागलाई विवेचना गर्नु नै यस शोधपत्रको अर्को प्रमुख क्षेत्र एवम् सीमा पनि हो ।

## १.८ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधपत्रको तयारीका सिलसिलामा पुस्तकालय विधिका आधारमा सम्बन्धित विषयवस्तुका पुस्तक, सम्पादन, विविध पत्रपत्रिकामा भएको लेख, रचना, समालोचना आदिको माध्यमबाट अध्ययन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

## १.९ शोधविधि

यस शोधकार्यलाई सुव्यवस्थित गर्नका लागि सङ्कलित सामग्रीलाई परम्परित, सैद्धान्तिक र व्यावहारिक समालोचना पद्धतिको उपयोगद्वारा विश्लेषण गरिएको छ । यस क्रममा जीवनी र व्यक्तित्वको अध्ययनका लागि जीवनीपरक, प्रभावपरक र कृति अध्ययनका लागि समीक्षात्मक, विवेचनात्मक दृष्टिकोणबाट अवलम्बन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र पाँच परिच्छेदमा विभक्त गरी प्रस्तुत गरिएको छ । यसको मुख्य रूपरेखा यसप्रकार छ :

परिच्छेद एक : शोधपरिचय,

परिच्छेद दुई : माधव घिमिरेको जीवनी र व्यक्तित्वको अध्ययन,

परिच्छेद तीन : माधव घिमिरेका काव्यप्रवृत्तिहरूका विश्लेषण,

परिच्छेद चार : माधव घिमिरेका देशभक्तिपरक कविताकाव्यको विवेचना,

परिच्छेद पाँच : उपसंहार र निष्कर्ष ।

सन्दर्भसूची

उपर्युक्त परिच्छेदभित्र विभिन्न उपशीर्षकहरूको पनि विधान गरिएको छ । अन्त्यमा सन्दर्भसूची पनि दिइएको छ ।

# परिच्छेद दुई
# माधव घिमिरेको जीवनी र व्यक्तित्वको अध्ययन

## २.१ जीवनी

यहाँ वरिष्ठ साहित्यकार माधव घिमिरेको जीवनीलाई सङ्क्षेपमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### २.१.१ जन्म र जन्मस्थान

राष्ट्रकवि माधव घिमिरेको जन्म १९७६ साल असोज ७ गते सोमबार औँसी छोएको चतुर्दशी तिथिका दिन भएको हो । उनको चिनाको नाम टोपनाथ घिमिरे हो ।[१] उनको जन्म गौरीशङ्कर उपाध्याय र द्रौपदीदेवीको पहिलो सन्तानका रूपमा गण्डकी अञ्चल, लमजुङ जिल्लाको पुस्तुन बाहुनडाँडा गाउँमा भएको हो । औपचारिक नाम माधवप्रसाद घिमिरे भए पनि साहित्यिक जगत्मा उनी माधव घिमिरेका नामबाट प्रख्यात रहेका छन् । करिब तीन वर्षको उमेरमै मातृस्नेहबाट वञ्चित भएका घिमिरेले परिवारबाट उति माया र ममता प्राप्त गर्न सकेनन् ।[२] प्राकृतिक सौन्दर्यले भरिपूर्ण लमजुङको पुस्तुन बाहुनडाँडा गाउँ मनचुली हिमालको काखमा अवस्थित छ । माधव घिमिरे त्यहाँको निगालाको छायाँ, छहराको गर्जन तथा मर्स्याङ्दीको अविरल गायनसँगै लेकबेँसी गरेर हुर्केका हुन् ।[३] प्रकृतिको रमणीय स्थानमा जन्मेका घिमिरेका काव्यमा ग्रामीण जनजीवनको प्रभाव परेको पाइन्छ साथै यिनका काव्य कृतिहरूमा मुख्य गरी गाउँले जनजीवनको अमिट छाप र प्रकृतिको सुन्दर चित्रण पाइनु स्वाभाविक हो । जन्मस्थानको प्राकृतिक सुन्दरताले घिमिरेको कवि हृदयलाई प्रशस्त प्रेरणा प्रदान गरेको छ । त्यसैले घिमिरेको जन्म तथा जन्मस्थान पनि उनको साहित्यिक रचनाधर्मितामा प्रेरणा तथा पृष्ठभूमि तयार गर्ने बलियो जगका रूपमा रहेका छन् ।

### २.१.२ बाल्यकाल र शिक्षादीक्षा

---

[१] नेत्र एटम, 'अन्तर्वातामा बिम्बित माधव घिमिरे', **राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन**, (सम्पा.) नेत्र एटम, (काठमाडौँ : तन्नेरी प्रकाशन, २०६०), पृ. २८७

[२] बिन्दु शर्मा, **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे**, (काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेशन, २०६२), पृ. १ ।

[३] शैलेन्द्रप्रकाश नेपाल, **राष्ट्रकवि माधव घिमिरे**,, (काठमाडौं : गण्डकी सामाजिक गुठी, २०६१), पृ. २ ।

माधव **घिमिरे**ले लमजुङको पुस्तुन बसाइकै क्रममा १९८१ सालमा ६ वर्षको उमेरदेखि घरमै शिक्षा आरम्भ गरे । त्यसबेला उनले 'दुर्गाकवच' र 'चण्डी' घोकिसकेका थिए । आठ/नौ वर्षको उमेरदेखि फुले बाबाजीसँग ज्योतिष पढ्न थालेका घिमिरेले 'भास्वती'बाट पञ्चाङ्ग (पात्रो) निकाल्ने विधिको अध्ययन गरे ।[४] अनौपचारिक अध्ययनकै क्रममा बाऱ्हदेखि सोऱ्ह वर्षसम्मको उनको किशोरकालीन जीवन लमजुङकै दुराडाँडा र खुदीबेनीमा बितेको थियो । दुराडाँडामा बस्दा उनले मोक्षेश्वर घिमिरेसँग गणित र फलित ज्योतिष पढे ।[५] खुदीबेनीको संस्कृत पाठशालामा बद्रीनाथ सुवेदी (चरी पण्डित) बाट उनको पढाइ अगाडि बढ्यो ।[६] १९९३ सालमा माधव घिमिरे काठमाडौँ आएर रानीपोखरी संस्कृत प्रधान पाठशालाबाट सोही साल प्रथमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे । त्यसपछि उनले तीनधारा पाठशालामा भर्ना भएर पढी बनारसको क्विन्स कलेजबाट मध्यमा परीक्षा १९९७ सालमा प्रथम श्रेणीमा र त्यसै कलेजबाट २००१ सालमा सर्वदर्शन विषयमा शास्त्री पनि प्रथम श्रेणीमै उत्तीर्ण गरे । दुराडाँडामा बसेका बेला उनले 'उपदेशमञ्जरी'को सिको गरी वसन्ततिलका र उपजाति छन्द मिलाएर पहिलोपल्ट कविता लेखेर सुनाएका थिए । खुदीबेनीमा बस्दा 'वैराग्यपुष्प' शीर्षकको कविता लेखेर त्यहाँका नारायणदत्त पण्डितलाई सुनाएपछि उनले 'कवि हुन्छौ क्यारे' भन्ने भविष्यवाणी गरेको र वसन्ततिलका छन्दको नियम सिकाइदिएको कुरा स्वयम् घिमिरेले बताएका छन् ।

खुदीबेनीमै बस्दा उनले 'गोरखापत्र'मा प्रकाशित लेखनाथ पौड्याल र चक्रपाणि चालिसेका कविताहरू पढ्ने अवसर पाएका थिए । उनको प्रथम प्रकाशित कविता 'ज्ञानपुष्प' १९९२ सालको **गोरखापत्र**मा प्रकाशित छ । यो पनि खुदीबेनीबाटै पठाइएको थियो । रानीपोखरीको तीनधारा पाठशालामा अध्ययन गरिरहेका बेलामा घिमिरेले कविता लेख्ने र छपाउने कार्यलाई निरन्तरता दिइरहेका थिए । यसैबेला उनको **नवमञ्जरी** (१९९४) कवितासङ्ग्रह प्रकाशित भएको हो ।[७]

यसरी घिमिरेको बाल्यकाल विभिन्न स्थानमा बितेको थियो र शिक्षादीक्षा पनि विभिन्न ठाउँका अनुभव, सल्लाह र सुझावबाट प्रेरित भएर अगाडि बढेको थियो ।

---

[४] भानुभक्त पोखरेल, **कवि घिमिरे र उनका काव्य चिन्तन**, दोस्रो.संस्क. (ललितपुर साझा प्रकाशन, २०५०), पृ.६६ ।
[५] ऐजन् ।
[६] दैवज्ञराज न्यौपाने, 'कविताका एक असल साक्षी' **गरिमा** (वर्ष २१, अङ्क १०, पूर्णाङ्क २५०, २०६०), पृ.११४ ।
[७] ऐजन् ।

### २.१.३ पारिवारिक पृष्ठभूमि

माधव घिमिरे आफ्ना पिताको भन्दा ठूलो बुवाको प्रभुत्व भएको पारिवारिक वातावरणमा हुर्केका हुनाले उनले बाल्यकालमा चाहिँदो पारिवारिक ममता पाउन सकेको देखिदैन ।[८] तीन वर्षको उमेरमै टुहुरो भएका घिमिरे ठूलो बुवाबाट अपहेलित थिए । उनले सौतेनी आमाबाट उचित माया-ममता पाउन सकेका थिएनन् । त्यसैले एघार वर्षको उमेरसम्म घरको उदास वातावरणबाट मुक्ति पाउन हिउँदमा पुस्तुन र वर्षामा बाबुसँगै जगराको गोठमा बस्दै आएका थिए ।[९] उनको परिवार सामान्य संस्कृतको पठनपाठन गर्ने 'उपदेशमञ्जरी' जस्ता नेपाली साहित्यका पुस्तकमा चाख राख्ने र लोकगीत-गाथामा रूचि भएको थियो ।[१०] माधव घिमिरे सत्र वर्षको उमेरमा बिनाखर्च काठमाडौं आएका थिए र पारिवारिक दायित्व आफैं वहन गर्न थालेका थिए ।[११] काठमाडौंमा तेह्र ठाउँमा डेरा सरिसकेपछि मात्र आफ्नो घर बनाउन सफल भएका घिमिरेले ठूलो पारिवारिक बोझ खपेरै पनि आठ जना छोराछोरीहरू सबैलाई स्नातक गराउनु, दुई छोरालाई इन्जिनियरिङ, एउटी छोरीलाई एम्.बि.बि.एस्. डाक्टर र अर्कोलाई एम्.ए. उत्तीर्ण गराउन सक्नु उनको कुशल अभिभावक व्यक्तित्वको परिचय हो ।[१२] यसरी हेर्दा माधव घिमिरेको परिवार सभ्य र सुशिक्षित रहेको देखिन्छ ।

### २.१.४ विवाह र दाम्पत्य जीवन

माधव घिमिरेको पहिलो विवाह चौध वर्षको उमेरमा १९९० सालमा लमजुङ खुदीबेनीकी गौरी पोखरेलसँग भएको थियो । गौरीबाट उनका दुई छोरीहरू शान्ति र कान्ति भएका छन् । २००४ सालमा गौरीको निधन भएपछि उनले २००५ सालमा दोस्रो विवाह महाकाली अधिकारीसँग गरे ।[१३] महाकालीबाट चार छोरीहरू मञ्जु, उषा, किरण र ज्योति तथा दुई छोराहरू इन्दीवर र राजीव गरी ६ जना सन्तान प्राप्त भएका छन् ।[१४]

यसरी घिमिरेको वैवाहिक जीवनमा गौरी तथा महाकालीको आगमन अत्यन्त ठूलो सफलता साबित हुनुका साथै साहित्यिक जीवनमा पनि पत्नीहरूको आगमन प्रेरक बन्न गएको

---

[८] भानुभक्त पोखरेल, **कवि घिमिरेको रचनायोग**, (ललितपुर : साझा प्रकाशन, २०५९), पृ.१७० ।
[९] भानुभक्त पोखरेल, **कवि घिमिरे र उनका काव्यचिन्तन**, पूर्ववत्, पृ.६६ ।
[१०] बिन्दु शर्मा, पूर्ववत्, पृ.१ ।
[११] शैलेन्द्रप्रकाश नेपाल, पूर्ववत्, पृ.१० ।
[१२] भानुभक्त पोखरेल, **कवि घिमिरेको रचनायोग**, पूर्ववत्, पृ.१७१ ।
[१३] बिन्दु शर्मा, पूर्ववत्, पृ. ३ ।
[१४] ऐजन ।

छ । घिमिरे प्राज्ञिक व्यक्ति र महाकाली सफल गृहिणी भएका कारणले उनको सम्पूर्ण परिवार शिक्षित, सम्पन्न र प्रतिष्ठित रूपमा स्थापित भएको छ ।

### २.१.५ संस्थागत संलग्नता

माधव घिमिरेले १९९९ सालको सुरूदेखि नै भाषानुवाद परिषद्मा लेखक पदमा जागिर खान थालेका हुन् ।[१५] चार वर्ष त्यहाँ जागिर खाएपछि २००३ सालमा उनी 'गोरखापत्र'को सहायक सम्पादक बने । २००४ सालमा आधार-शिक्षाको तालिम लिई उनी २००५ सालमा लमजुङको प्राथमिक विद्यालयमा प्रधानाध्यापक भए । २००८ सालसम्म त्यहाँ काम गरी २००९ सालमा काठमाडौँ आएर 'शिक्षक-शिक्षण केन्द्र' ताहाचलमा शिक्षकका साथै छात्रावास निरीक्षकको काम पनि गर्न थाले ।[१६] घिमिरे काव्यप्रतिष्ठानको सदस्य रहेका बेला त्यस प्रतिष्ठानबाट निस्किने 'इन्द्रेणी' पत्रिकाको २०१३ सालको पाँचौँदेखि नवौँ अङ्कसम्म सम्पादन गरेको पाइन्छ । २०२१/२२ सालदेखि सहायक सम्पादक तथा प्रधान सम्पादक बनेर नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट निस्किने 'कविता' पत्रिकाका तीन तथा आठ अङ्कसमेत जम्मा एघार अङ्कको सम्पादन गरेको देखिन्छ ।[१७] घिमिरे २०१४ सालमा रोयल नेपाल एकेडेमी (हालको ने.प्र.प्र.) को गठन हुँदा त्यसका सदस्य (२०१४-२७), आजीवन सदस्य (२०२८), उपकुलपति (२०३६-४५) र कुलपति ( २०४६-४७) भएर कुशल ढङ्गले जिम्मेवारी वहन गरेका छन् । उनले शाही नेपाली चलचित्र संस्थानको सदस्य भएर पनि काम गरिसकेका छन् भने २०५९ सालदेखि राजपरिषद्को सदस्य रहनुका साथै हाल नेपाली शिक्षा परिषद्को सभापति समेत छन् । भाषानुवाद परिषद (१९९९), आधार शिक्षाका शिक्षक (२००५), शिक्षक शिक्षण केन्द्रका शिक्षक (२००९), कलेज अफ एजुकेसनमा प्रशिक्षक (२०१२) जस्ता संस्थामा संलग्न रहेको पाइन्छ ।[१८] यसरी घिमिरेले विभिन्न संघ-संस्थासँग आबद्ध भएर काम गरेको देखिन्छ ।

### २.१.६ भ्रमण

माधव घिमिरेले साहित्यिक कार्यक्रमका माध्यमबाट पटकपटक गरी स्वदेश तथा विदेशका विभिन्न ठाउँको भ्रमण गर्ने अवसर पाएका छन् । स्वदेशतर्फ राप्ती, लुम्बिनी, मेची, कोसी, जनकपुर, सगरमाथा, बाग्मती, गण्डकी र नारायणी अञ्चलका सदरमुकामलगायत तिनका

---

[१५] ऐजन् पृ. ७१ ।
[१६] दैवज्ञराज न्यौपाने, पूर्ववत्, पृ.११४ ।
[१७] भानुभक्त पोखरेल, **कवि घिमिरेको रचनायोग**, पूर्ववत्, पृ.१६४ ।
[१८] विन्दु शर्मा पूर्ववत्, पृ.४ ।

विभिन्न स्थानको भ्रमण गरेका छन् ।[१९] विदेश भ्रमणतर्फ घिमिरे २०१३ सालमा नयाँ दिल्लीमा सम्पन्न प्रथम अफ्रो एसियाली लेखक सम्मेलनमा प्रतिनिधि मण्डलको सदस्य बनेर भाग लिन गएको जानकारी पाइन्छ । त्यस्तै २०१५ सालमा रूसको तासकन्दमा सम्पन्न दोस्रो अफ्रो एसियाली लेखक सम्मेलनमा पनि घिमिरेले भाग लिएका थिए ।[२०] उनले रूसका विभिन्न भागको भ्रमण गर्नुका साथै भारत सरकारको अतिथि बनेर भारतका सुप्रसिद्ध सहर र दर्शनीय स्थलहरूको भ्रमण गरेका छन् । २०५७ सालमा पहिलोपल्ट बेलायत तथा संयुक्त राज्य अमेरिकाको भ्रमण तथा पाकिस्तान, बङ्गलादेश, चीन आदि देशहरूमा पनि साँस्कृतिक प्रतिनिधि मण्डलका अध्यक्ष भएर भ्रमण गरिसकेका छन् ।[२१]

यसरी घिमिरेले स्वदेश तथा विदेशका विभिन्न स्थानहरूको भ्रमण गरेको देखिन्छ ।

### २.१.७ सम्मान एवम् पुरस्कार

नेपाली भाषा र साहित्यका क्षेत्रमा झन्डै सात दशकदेखि निरन्तर रूपमा योगदान गर्दै आएका माधव घिमिरेले आफ्नो जीवनकालमा प्रशस्त सम्मान र पुरस्कारहरू पाएका छन् । नेपाली समाज र राष्ट्रका लागि साहित्यका माध्यमद्वारा गरेको गुणात्मक र सिर्जनात्मक योगदानको कदरस्वरूप उनले पाएका सम्मान, पदक र पुरस्कारहरूको विवरण यसप्रकार छ :

- प्रथम पुरस्कार र स्वर्णपदक ('राष्ट्रिय झन्डा' पद्यकवितामा) : प्रथम साहित्य सम्मेलन, २००४ जेठ ।
- नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रदत्त एकेडेमी विशिष्ट प्रज्ञापदक, २०२२ ।
  त्रिभुवन प्रज्ञा पुरस्कार, २०३३ ।
- गोरखा-दक्षिणबाहु द्वितीय, २०३७ ।
- 'मालती-मङ्गले' विशेष नगद पुरस्कार, २०४१ ।
- सिलसिला परिवारबाट रथयात्रा, २०५१ ।
- सीताराम साहित्य पुरस्कार, २०५१ ।
- त्रि.वि. दीक्षान्तका प्रमुख र दीक्षान्त भाषण, २०५२ र २०६० ।
- आदिकवि भानुभक्त पुरस्कार, २०५२ ।
- साझा पुरस्कार, २०५४ र २०५८ ।
- राष्ट्रिय व्यक्तित्व सम्मान, २०५६ ।

---

[१९] भानुभक्त पोखरेल, **कवि घिमिरेको रचनायोग**, पूर्ववत्, पृ. १८० ।
[२०] ऐजन ।
[२१] दैवज्ञराज न्यौपाने, पूर्ववत्, पृ. १२४ ।

- भूपालमानसिंह कार्की प्रज्ञा-पुरस्कार, २०५६ ।
- बसुन्धरामान सम्मान, २०५७ ।
- सुप्रसिद्ध गोरखा-दक्षिणबाहु प्रथम, २०५७ ।
- वीरेन्द्र-ऐश्वर्य पदक, २०५८ ।
- राष्ट्रिय प्रतिभा पुरस्कार, २०६० ।
- पूर्वाञ्चल नागरिक अभिनन्दन, विराटनगर, २०६० ।
- 'तन्नेरी' पत्रिकाबाट 'राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क' प्रकाशित गरी विशेष अभिनन्दन, २०६० भदौ ६ गते ।
- जनस्तरबाट भव्य नागरिक अभिनन्दनग्रन्थ समर्पण एवम् श्री ५ बाट औपचारिक रूपमा राष्ट्रकवि घोषणा, २०६० असोज ७ गते ।
- चितवनमा रथयात्रा तथा नागरिक अभिनन्दन (२०६० पुस १६) गरी वागीश्वरी पत्रिकाको 'राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क' (२०६१) प्रकाशित ।

उल्लिखित सम्मान एवम् पुरस्कारका साथै लमजुङ युवासाहित्य समाजले नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने साहित्यिक स्रष्टाहरूलाई सम्मान गर्ने रचनात्मक उद्देश्य राखेर २०५७ सालमा माधव घिमिरे साहित्य पुरस्कारको स्थापना गरेको छ । लमजुङ जिल्लामा जन्मेर नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने साहित्यकारलाई उक्त पुरस्कार दिइने लक्ष्य रहेको जानकारी पाइन्छ ।[२२] यसरी घिमिरेलाई बेलाबेलामा प्रदान गरिएका सम्मान एवम् पुरस्कारहरूले उनको साहित्यसिर्जनामा थप ऊर्जा प्रदान गरेको पाइन्छ ।

### २.१.८ लेखनमा प्रेरणा र प्रभाव

माधव घिमिरेको साहित्यिक जीवनमा विभिन्न व्यक्तिहरूको प्रेरणा र प्रभाव परेको पाइन्छ । घिमिरे सुरुमा लेखनाथ पौड्यालका रचना तथा तीर्थराज पाण्डेको 'उपदेशमञ्जरी'का कविताबाट प्रभावित देखिन्छन् । बाल्यकालमा सुनेका 'घोडाको पुच्छर काट्ने बोक्सीको क्रियाकलाप', 'मधुमालतीको प्रेम', 'सुनकेशरी मैयाँको सुनौला कपाल' आदि कथाहरूका साथै पुस्तुनका छहराहरूको गर्जना तथा त्यहाँ देखिने हिमाली दृश्य आदिबाट पनि उनी प्रभावित भएको जानकारी पाइन्छ ।[२३] घिमिरेले वैचारिक प्रेरणा चाहिँ महात्मा गान्धीबाट प्राप्त गरेका हुन् ।

[२२] डिल्लीराम मिश्र, 'प्रतिभाले पुरस्कार हैन, पुरस्कारले प्रतिभाको सम्मान हेतु', **राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन**, (सम्पा.) नेत्र एटम, (काठमाडौँ : तन्नेरी प्रकाशन, २०६०), पृ १७८ ।

[२३] उत्तम कुँवर, **स्रष्टा र साहित्य**, चौथो.संस्क., (ललितपुर : साझा प्रकाशन, २०५०), पृ. १२५ ।

त्यसैले गान्धीको अहिंसावादी मानवतावादी विचार उनका सबै काव्यकृतिहरूमा देखिन्छ । घिमिरेले संस्कृतका महाकवि कालिदास र बङ्गालीका विशिष्ट कवि रवीन्द्रनाथ ठाकुरलाई आदर्श मानेको पाइन्छ । उनी कालीदासको थोरैमा धेरै भन्न सक्ने क्षमता तथा रवीन्द्रनाथको दर्शनका रहस्यमय कुरालाई पनि स्पष्ट पारेर बुझाउन सक्ने सामर्थ्यबाट प्रभावित छन् ।[२४] यसरी घिमिरेले विभिन्न महापुरुषका वैचारिक मान्यताबाट प्रेरित भएर तिनलाई साहित्यको आदर्शका रूपमा प्रयोग गर्नुका साथै आफ्नै आदर्श र मान्यताहरूको स्थापना पनि गरेका छन् ।

## २.२ माधव घिमिरेको व्यक्तित्व

हरेक व्यक्तिको आ-आफ्नै किसिमको व्यक्तित्व हुन्छ । त्यस्तै माधव घिमिरेको पनि मौलिक व्यक्तित्व रहेको छ । शाब्दिक अर्थमा व्यक्तित्वलाई अर्थ्याउने क्रममा 'नेपाली बृहत् शब्दकोश'मा व्यक्तित्वको अर्थ "कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण, व्यक्तिविशेषको निजीपन, व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्तिविशेषमा निहित विशेषता" भनी उल्लेख गरिएको छ ।[२५] माधव घिमिरेको ९२ वर्ष लामो जीवनयात्रामा उनले निर्माण गरेको आफ्नो बहुआयामिक व्यक्तित्वलाई विभिन्न शीर्षक, उपशीर्षकहरूमा राखी चर्चा गर्न सकिन्छ :

### २.२.१ शारीरिक व्यक्तित्व

न अग्लो न होचो, साँढे पाँच फिटजतिको उचाइ भएका, गहुँगोरो तर अलि रातो रङ बढी भएको गोलोगोलै खालको तर अलिक लाम्चिलो अनुहार, ठूलो देखिने अलि-अलि चुच्चो नाक, ठूलो तर केही भित्र गढेको आँखा, तीनरेखा परेका निधार, ठूला देखिने राता केही रौँ भएका कान, आँखीभौँका रौँ सलक्क नमिलेका भए पनि उज्यालो अनुहार भएका, चेप्टो चेप्टो शरीर भएका माधव घिमिरेको शारीरिक व्यक्तित्व प्रभावशाली र आकर्षक छ । उनको बोली ठूलो भए पनि सुमधुर र कर्णप्रिय छ । प्रायः राष्ट्रिय पोसाक लगाउने घिमिरे हँसिलो भएर पनि गम्भीर, फर्स्याइलो भएर पनि धकिलो लाग्नु उनको शारीरिक व्यक्तित्वको निजी विशेषता हो ।

### २.२.२ कवि व्यक्तित्व

माधव घिमिरे १९९२ मा 'ज्ञानपुष्प' शीर्षकको फुटकर कविताका माध्यमबाट साहित्यिक जगत्मा देखापरेका हुन् । कविता लेखनको आरम्भमा लेखनाथ पौड्यालको प्रभाव बढी देखापर्ने घिमिरेका त्यसै साल 'गोरखापत्र' (१९९२) मा नौवटा फुटकर कविताहरू पनि प्रकाशित भएका

---

[२४] नेत्र एटम, पूर्ववत्, पृ. २८६ ।

[२५] बालकृष्ण पोखरेल र अन्य (सम्पा), **नेपाली वृहत् शब्दकोश,** (काठमाडौँ : ने.रा. प्र. प्र., २०४०), पृ. १२४५ ।

छन् ।[२६] पुस्तकाकार रूपमा प्रकाशित उनका कवितासङ्ग्रहहरू **नवमञ्जरी** (१९९४) र **चैत-वैशाख** (२०६०) रहेका छन् ।

**नवमञ्जरी** (१९९४) कवितासङ्ग्रहमा घिमिरेका नौवटा कविताहरू सङ्कलित छन् । यसका अतिरिक्त उनका विभिन्न फुटकर कविताहरू पनि छन् । ती यसप्रकार छन् : 'राष्ट्रिय झन्डा' (२००४), 'कलमवीर' (२००७), 'विश्ववन्धु' (२००७), 'स्वदेशको सङ्ग्रेलो' (२००७), 'पर्वतवासिनी देवी' (२०१०), 'साँझ' (२०१०), 'वैशाख' (२०११), 'अन्नपूर्ण' (२०११), 'नवयुवक' ( २०१३), 'हाइड्रोजन बम' (२०१३), 'यात्री' (२०१३), 'कालीगण्डकी' (२०१५), 'दुलही हिमाल कञ्चनजङ्घा' (२०३५) । यी कविताहरूमा घिमिरेको स्वच्छन्दतावादी प्रवृत्ति भेटिन्छ । कवि घिमिरेका १९९९ देखि २०६० सम्ममा रचना गरिएका पचासीवटा कविताहरू **चैत-वैशाख** ( २०६०) मा सङ्कलित छन् । यस सङ्ग्रहका कविताका आधारमा घिमिरे वर्णमात्रिक छन्दप्रयोगका दृष्टिले लेखनाथका उत्तराधिकारी र वार्णिक लोकछन्द प्रयोगका दृष्टिले देवकोटाका उत्तराधिकारी मानिन्छन् ।[२७] घिमिरेका कविताहरूमा सङ्गीतोन्मुख प्रवृत्तिका साथै स्थानीय जीवनपद्धति र लोकसंस्कृति पनि प्रबल रूपमा पाइन्छ । कवि लेखनाथको युगै जागेको र कवि देवकोटा स्वच्छन्दतावादी धाराका केन्द्रीय प्रतिभा भइसकेको समय यताका टुप्लुक्क झुल्किएका कवि घिमिरे अहिले राष्ट्रकविका रूपमा स्थापित भएका छन् । घिमिरेले कालिदास र रविन्द्रनाथ ठाकुरलाई पनि आफ्नो आदर्श मान्दै परिष्कृत र परिमार्जित छन्दोबद्ध कवितामै कछुवाको चालले निरन्तर सक्रिय भइरहने कवि घिमिरे नेपाली कविताको स्वच्छन्दतावादी, परिष्कारवादी धाराका एक्लो वृद्ध र स्वस्थ्य जीवित कवि हुन् । गद्य कविताको लेखनको बाढी वेग आउँदा पनि अटेश-मटेश नभई छन्दमै सुन्दर कविता लेखेर लोकछन्दलाई बचाईराख्ने घिमिरे छन्दवादी कवि हुन् ।

प्रकृतिको अमूर्त पक्षभन्दा मूर्त पक्षको प्रस्तुतिमा जोड दिने र आकर्षित हुने घिमिरेले नेपाली राष्ट्रिय प्रकृतिको आत्मपरकतालाई आफ्ना कवितामा निकै सफलतापूर्वक मानवीकृत गरेका छन् । हिमाली,पहाडी र ग्रामीण जनजीवनको रन्को र फन्कोलाई अत्यन्त सरल र सहजतासाथ सूत्रात्मक तर अत्यन्त आकर्षक र रसमय बनाउने क्षमता भएका माधव घिमिरेका कवितामा राष्ट्रवाद र देशप्रेमले आफ्नै विशेष ठाउँ ओगटेको पाइन्छ । राष्ट्रनिर्माणको महान यज्ञमा सामेल हुन आह्वान गर्ने कवि घिमिरे राष्ट्रिय र जातीय एकतामा जोड दिएका छन् । कवितामा दर्शन र बौद्धिकताको,धार्मिक अन्धताको जटिल चाप र रापलाई अस्वीकार गर्ने कवि घिमिरेले आफ्ना कवितालाई मानवतावादको खोलले ढपक्क ढाकेका छन् । सानो कवितामा पूर्ण संसारको चाहना र आकाङ्क्षा राख्ने जीवनवादी, रसवादी, छन्दवादी, रहस्यवादी, मानवतावादी,

---

[२७] विन्दु शर्मा, पूर्ववत्, पृ. ९ ।

स्वच्छन्दतावादी,प्रगतिवादी कवि घिमिरे मूलत: हृदयवादी र सौन्दर्यवादी कवि हुन् । पूर्वीय काव्यकलालाई आफ्नो मूल आदर्श स्वीकार गरी नेपाली कवितालाई सुन्दर, सरल र सहज बनाएर हृदयमा उम्रेर हृदयमै खोली आँखाबाट बाहिर निस्कने सुधारवादी चेतनका कवि हुन् ।[२८] यसरी हेर्दा नेपाली कविताका क्षेत्रमा लेखनाथ तथा देवकोटाका मध्यबिन्दुका रूपमा रहेका घिमिरेको साहित्यिक व्यक्तित्वको प्रमुख पक्ष कवि व्यक्तित्व बनेको देखिन्छ ।

### २.२.३ खण्डकाव्यकार व्यक्तित्व

नेपाली साहित्यमा माधव घिमिरेको कवि व्यक्तित्व पछि खण्डकाव्यकार व्यक्तित्वको चर्चा हुने गरेको पाइन्छ । २००४ सालमा **गौरी** खण्डकाव्यका केही श्लोकहरू प्रकाशित हुन थालेपछि घिमिरेको खण्डकाव्ययात्रा सुरू भएको मानिन्छ ।[२९] **गौरी** (२००४) को आंशिक प्रकाशनबाट सुरु भएर वर्तमानसम्म निरन्तर चलेको घिमिरेको खण्डकाव्ययात्रामा प्रकाशित खण्डकाव्यहरूमा **पापिनी आमा** (२०१३), **गौरी** (२०१५), **राजेश्वरी,** (२०१७), **राष्ट्रनिर्माता** (२०२३) र **धर्तीमाता** (२०३०) रहेका छन् ।

रचनाकालका आधारमा **पापिनी आमा** (२०१३) घिमिरेको दोस्रो खण्डकाव्य मानिए पनि प्रकाशनका दृष्टिले यो उनको प्रथम खण्डकाव्य हो । **गौरी** (२०१५) प्रकाशनका दृष्टिले दोस्रो खण्डकाव्य हो । उनका खण्डकाव्यहरू स्वच्छन्दतावादी कविताधारालाई आत्मसात् गरेर लेखिएको पाइन्छ । घिमिरेले खण्डकाव्य लेखनको प्रथम प्रयास १९९५ को 'रामविलास' (संस्कृत) खण्डकाव्यबाट गरेको देखिन्छ । रामविलास संस्कृत खण्डकाव्य पछि नेपालीमा रचना गरिएका कृष्णभक्त (१९९६), जीवन सङ्गीत (१९९८), सुदामाचरित्र (१९९९) खण्डकाव्यहरू अप्रकाशित अवस्थामै हराइसकेका छन् ।

खण्डकव्यकार माधव घिमिरेका काव्यमा स्वच्छन्दतावादी प्रवृत्ति पाइन्छ । यिनका काव्यमा भावपक्ष र भावनाको स्वतःस्र्फुत मिश्रणको प्रमुख प्रबलता रहेको पाइन्छ । संयमित शैलीमा स्वतःस्फुर्त सहज स्वभाविक भावधारा अभिव्यक्त हुनु घिमिरेका काव्यप्रवृत्ति हुन् । यिनका काव्यमा जीवनवादी र मानवतावादी स्वर प्रतिध्वनित हुन्छन् । मानवीय मर्म र वेदनाको गायन गर्दै मानव जीवनका कुण्ठा, नैराश्य, घृणा जस्ता हीनतम प्रवृत्तिबाट माथि उठेर जिजीविषाका

[२८] ऐजन् ।
[२९] भानुभक्त पोखरेल, 'माधव घिमिरेका विशिष्ट खण्डकाब्य', दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०५६), पृ.२० ।

साथै मानवतावादी महान विचार अभिव्यक्त भएका पाइन्छ । घिमिरेले एउटा सानो टुक्रे कृतिमा पूर्ण संसार अटाएको लेख्छन् । अर्थात् उनी गागरमा सागर अटाउँछन् । घिमिरेले नेपालका हिमाल, पहाड, गाँउवेशी, लेक, वन, पाखा-पखेरा, नदी, छहरा, फूल, आकाश, पाताल, जून, ताराजस्ता सूक्ष्म र विराट प्रकृतिको चित्रण गरेका छन् । घिमिरेका काव्यमा राष्ट्र, राष्ट्रियता, संस्कृति एवम् राष्ट्रिय वीरताका स्वरहरू प्रतिध्वनित गरेका छन् । नेपाली जातीय वीरता, राष्ट्रको महिमा, संस्कृतिक गौरव गायन, राष्ट्रिय ध्वजाको महिमा गान, हिमालयको गौरव गायन प्रस्तुत गर्नु जस्ता ओजस्वी राष्ट्रवादी भावना घिमिरेका काव्यमा पाइन्छन् ।

### २.२.४ गीतकार व्यक्तित्व

गीतलेखनका क्षेत्रमा माधव घिमिरेको औपचारिक यात्रा २००२ साल चैतमा प्रकाशित 'हामीलाई बोलाउँछन् हिमचुली' गीतबाट सुरु भएको मानिन्छ । माधव घिमिरेका सबै गतिहरू **किन्नरकिन्नरी** (२०३३) गीतसङ्ग्रहमा सङ्कलित छन् ।[३०] तर घिमिरेको **किन्नरकिन्नरी** गीतसङ्ग्रहमा २००२ सालदेखि २०६० सालसम्म रचना गरिएका एकसय एकसट्ठीवटा गीतहरू समावेश गरिएका छन् । यसमा गीतहरूलाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई खण्डमा राखिएको छ । पूर्वार्द्ध खण्डमा त्रियासीवटा गीत रहेका छन् । यस खण्डमा देशभक्तिपूर्ण राष्ट्रिय गीतहरू समावेश गरिएका छन् । त्यसैले केही कडा भावमा लेखिएकाले ओजगुणयुक्त रहेका छन् । उत्तरार्द्ध खण्डमा अठहत्तरवटा गीत रहेका छन् । यसमा मायापिरतीका कोमल माधुर्य गुणयुक्त गीतहरूका साथै केही राष्ट्रिय गीतहरू पनि समावेश गरिएका छन् ।[३१] यी बाहेक उनका कतिपय गीतहरूमा स्थानीय रङको प्रयोग भएको छ भने कतिपय गीतहरू दार्शनिक र रहस्यात्मक रहेका छन् । धेरैजसो लोकलयको प्रयोग गरिएका उनका गीतमा साँस्कृतिक बिम्बहरूको सफल प्रयोग गरिएको पाइन्छ । यसरी 'गाउँछ गीत नेपाली', 'नेपालै नरहे', 'लाग्दछ मलाई रमाइलो', 'क्षमा गर्न सक्तिनँ म', 'आज र राती के देखेँ सपना' र 'कहिले भेट होला हे राजै' जस्ता कालजयी गीतहरूको रचना गर्ने गीतकार माधव घिमिरे नेपाली गीतिक्षेत्रमा उत्कृष्ट स्थानमा रहेका छन् ।

### २.२.५ गीतिनाटककार व्यक्तित्व

माधव घिमिरेको साहित्यिक-यात्रा उत्तरार्द्धतिर गीतिनाटक लेखनतिर मोडिएको पाइन्छ । उनका गीतिनाटकहरू **शकुन्तला** (२०३८), **मालती-मङ्गले** (२०३९), **विषकन्या** (२०५०),

---

[३०] बिन्दु शर्मा, पूर्ववत्, पृ. १२ ।
[३१] ऐजन ।

**अश्वत्थामा** (२०५३), **हिमालपारि हिमालवारि** (२०५४), **देउकी** (२०५५) र **बालकुमारी** (२०६१) लगायतका रहेका छन् ।[३२]

घिमिरेका गीतिनाटकहरूमा सामाजिक, ऐतिहासिक तथा पौराणिक पात्रलाई पनि वर्तमान युगसापेक्ष बनाएर प्रस्तुत गरिएको पाइन्छ । घिमिरेले सम्भावनाका सङ्केतलाई साकार रूप दिँदै गीतिनाटकहरूको प्रकाशन गरेका छन् । काव्यकृति प्रकाशनका दृष्टिले फुटकर कवितामा फाटफुट र गीतिनाटकमै बढी सक्रिय रहेको देखिन्छ । कवित्वको दृष्टिले कविमा गीततर्फ ज्यादै रूचि बढेको छ र गीतिनाटक विद्यामा उनले आफूलाई केन्द्रित गरेका छन् ।

### २.२.६ बालकवि व्यक्तित्व

माधव घिमिरेले २००५ सालदेखि २००८/९ सालसम्म लमजुङमा आधारशिक्षा माध्यमिक विद्यालयको प्रधानाध्यापक भएका बेला बालकविता लेख्न सुरु गरेको देखिन्छ ।[३२] शिक्षक भएकाले बालबालिकाहरूसँग नजिकिन र उनीहरूको रूचि तथा भावनालाई बुझ्न सकेकाले कवि घिमिरे बालकवितातर्फ आकर्षित भएका देखिन्छन् ।[३३] घिमिरेका अहिलेसम्म प्रकाशित बालकविताकृतिहरू **घामपानी** (२०१०), **बाला-लहरी** (२०२६), **राहुल यशोधरा** (२०३५) र **सुनपङ्खी चरी** (२०५३) रहेका छन् ।

यी बालसाहित्यसम्बन्धी कविताकृतिहरूमध्ये **राहुल यशोधरा** (२०३५) चाहिँ बालकाव्य हो । यसमा बुद्धका छोरा राहुल र पत्नी यशोधराको जीवनकथालाई काव्यिक रूप दिइएको छ । घिमिरेका अरू कृतिहरू **घामपानी** (२०१०) मा बाईसवटा, **बाला-लहरी** (२०२६) मा चौबीसवटा र **सुनपङ्खी चरी** मा तीसअवटा गरी जम्मा छयहत्तरवटा बालकविताहरू छन् । विषयगत विविधता भएका घिमिरेका बालकवितामा पशुपन्छी, बालसुलभ खेलहरू, देशप्रेम, संस्कृति आदिलाई विषयवस्तु बनाइएको छ ।

### २.२.७ निबन्धकार व्यक्तित्व

माधव घिमिरेले केही निबन्धहरू लेखेर आफ्नो निबन्धकार व्यक्तित्वको परिचय दिएका छन् । **आफ्नो बाँसुरी आफ्नै गीत** (२०३०) र **चारू चर्चा** (२०५८) गरी दुईवटा निबन्धसंग्रहहरू प्रकाशित छन् ।

---

[३२] भानुभक्त पोखरेल, पूर्ववत्, पृ. ७१ ।
[३१] बिन्दु शर्मा, पूर्ववत्, पृ. १३ ।

**आफ्नो बाँसुरी आफ्नै गीत** (२०३०) मा एघारओटा लेखहरू सङ्कलित छन् भने **चारू चर्चा** (२०५८) मा चाहिँ विविध विषयका लेखहरू, अन्तवार्ता, संस्मरण र विभिन्न पुस्तकहरूका भूमिका गरी एकसय साठीओटा रचनाहरू सङ्कलित
छन् ।

### २.२.८ कथाकार व्यक्तित्व

माधव घिमिरेले कथा विधामा पनि कलम चलाएका छन् । यिनका कथाहरूको एउटा मात्र सङ्ग्रह **मनचिन्ते मुरली** (२०५७) प्रकाशित छ । यस सङ्ग्रहमा जम्मा छवटा कथाहरू सङ्कलित छन् । यी कथाको स्रोत सामाजिक यथार्थ रहेको छ भने एउटा कथाचाहिँ स्वैरकल्पनामा आधारित छ । उनका कथाभित्र समाजमा हुने गरेका मानवताविरोधी कार्यहरूप्रति व्यङ्ग्य र विद्रोह प्रकट गर्दै उच्च मानवीय चिन्तनका साथै अध्यात्म दर्शनको पनि प्रयोग गरिएको छ ।[३४] घिमिरेले आफ्ना कथाहरूमा समाजका निम्न तथा मध्यमवर्गका मानिसका कारूणिक अवस्थाहरूको चित्रण गरेका छन् । त्यसैले उनी मानवतावादी कथाकार हुन् तर घिमिरले कथाका क्षेत्रमा भने कविताविधामा जस्तो महत्त्वपूर्ण स्थान प्राप्त गर्न सकेको देखिँदैन ।

### २.२.९ अनुवादक व्यक्तित्व

माधव घिमिरे नेपाली साहित्यमा अनुवादकका रूपमा पनि देखिएका छन् । १९९९ सालमा भाषानुवाद परिषद्मा जागिरे भएपछि उनको काम कृतिको अनुवाद गर्ने भएकाले उनी यसतर्फ लागेका देखिन्छन् ।[३५] उनले संस्कृतका नाटककार श्रीहर्षको ‘नागानन्द’ नाटकको अनुवाद गरी २००२ सालमा प्रकाशित गरे । २००६ सालमा उनले रवीन्द्रनाथ ठाकुरका गीतहरू बङ्गालीबाट नेपालीमा अनुवाद गरेर **शारदा** पत्रिकामा प्रकाशित गराए । उनको ‘देवीस्तुति’ दुर्गासप्तशतीका एक्काइस श्लोकको अनुवाद हो । यो **गरिमा** पत्रिकाको मङ्सिर २०५९ अङ्कमा प्रकाशित भएको पाइन्छ । यसबाहेक वैदिक ऋचाहरूको अनुवाद गरिएका पन्ध्रवटा कविताहरू **चैत-वैशाख** कवितासङ्ग्रह (२०६०) मा सङ्कलित छन् ।

---

[३४] नरेन्द्र कोइराला, ‘मनचिन्ते मुरली कथासङ्ग्रहको कथानक विश्लेषण’, **राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन**, (सम्पा.) नेत्र एटम, (काठमाडौं : तन्नेरी प्रकाशन, २०६०) पृ. २०८ ।

[३५] बिन्दु शर्मा, पूर्ववत्, पृ. १६ ।

## २.३ निष्कर्ष

माधव घिमिरेले कवितालेखनबाट साहित्यको यात्रा आरम्भ गरेका हुन् । नेपाली राष्ट्रभाषाका माध्यमबाट नेपाली लोकसंस्कृति, प्रकृति र राष्ट्रियताको चित्रण गर्ने घिमिरे नेपाली साहित्यको विकासमा समर्पित रहेका अत्यन्त सफल कवि, गीतकार, गीतिनाटककार र बालकवि हुन् । उनी कविता, गीत, गीतिनाटक र बालकवितामा जति सफल कथा, निबन्ध र अनुवादमा हुन सकेका छैनन् । घिमिरे स्वच्छन्दतावादी भावधाराका कवि तथा गीतकार हुन् । उनले सामाजिक तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्यालाई आफ्ना रचनामा प्रस्तुत गरेका छन् । राष्ट्रकवि घिमिरेका काव्यप्रबृत्ति र उनको व्यक्तित्व यात्रालाई ध्यानमा राखेर यिनका काव्यले दिएका योगदानको मूल्याङ्कन महत्वपूर्ण र अमूल्य छ । जीवन मूल्यको पक्षमा लडदै राष्ट्रियताको मूलमन्त्रलाई अङ्गीकार गर्दै प्रेमिकाको मधुर मुस्कानझैं पाठकका हृदयलाई छाम्दै भावको इन्द्रधनुषी पुष्पवृष्टि गरी पाठकको हृदयलाई द्रवीभूत पार्दै पथभ्रान्त युवापिढीलाई कर्मवादी बन्ने निर्देशन घिमिरेले दिएका छन् ।

# परिच्छेद तीन

# माधव घिमिरेका काव्यप्रवृत्तिहरूको विश्लेषण

## ३.१ विषयप्रवेश

राष्ट्रकवि माधव घिमिरे आफ्ना समष्टि कवितात्मक योगदानका आधारमा आधुनिक नेपाली साहित्यकाशमा देदीप्यमान 'आत्मनिष्ठ देहात्मवादी' वा 'शास्त्रीयताप्रेमी परिष्कारशील' स्रष्टा-सुधांशु हुन् । मेरा सतही अध्ययन र कल्पनाशील चिन्ताले झल्का पाए अनुसार अर्थात सूक्ष्म बीजबाट सङ्केत ग्रहण गरी विशाल वृक्ष झँग्याउने मेरा प्रवृत्तिले बुझेबमोजिम पूर्वीय काव्यशास्त्रको अन्तर्निहित आशय र काव्यकविताको स्वरूपअनुसार ।[१] रसभावलाई वा सहानुभूति तत्त्वलाई सर्वस्व ठान्ने वा प्रधानता दिने कविलाई आत्मवादी कवि भनिन्छ भने पाश्चात्य काव्यशास्त्रका अन्तर्निहित आयाम अनुसार यस्ता कविलाई रोमान्टिक वा स्वछन्दवादी कवि भनिन्छ भन्ने मलाई लाग्छ; नेपाली साहित्यमा यस्ता कविको प्रतिनिधित्व मूलतः महाकवि लक्ष्मीप्रसाद देवकोटाले गरेका छन् र यसै अर्थमा देवकोटालाई आत्मवादी र स्वछन्दतावादी भनेर गर्नुपर्छ वा गरिल्याइएको छ । यसै गरी काव्यकविताको देहलाई, दैहिक साजसज्जालाई सर्वस्व ठान्ने वा त्यसलाई प्रधानता दिने कविलाई देहवादी कवि भन्नुपर्छ; जसको प्रतिनिधित्व संस्कृतमा भारवी, माघ र श्रीहर्षले गरेका छन् । आधुनिक नेपाली साहित्यका सन्दर्भमा चाहिँ यस्ता कविको प्रतिनिधित्व पण्डितराज सोमनाथ सिग्द्यालले गरेका छन् र पाश्चात्य काव्यशास्त्रानुसार यस कित्तामा कविलाई सामान्यतया शास्त्रीयतावादी वा क्लासिकल भन्ने गरिएता पनि सूक्ष्म विभेदका दृष्टिले उपयुक्त नभएकाले यस कित्ताका कविलाई देहवादी रीतिशास्त्रीयतावादी वा रूढशास्त्रीयतावादी भनेर चिन्ने-चिनाउने गरेको पाइन्छ ।

माधव घिमिरेका काव्यप्रवृत्तिको चर्चा काव्य-कविताका 'शरीरात्मागत' तत्त्वहरूका आधारमा र कविका 'व्यक्तित्व-चेतनागत' रुचिका आधारमा गरिनु पर्दछ अर्थात सर्वप्रथम मूलतः 'काव्यशरीरात्मागत प्रवृति भनेर खण्ड विभाजन गरी तदन्तर्गत विभिन्न बुँदाहरूको छुट्टाछुट्टै वर्गीकरण र विश्लेषण गर्नु र त्यसपछि 'कविव्यक्तित्व चेतनागत प्रवृत्ति' भनेर विभाजन गरी त्यस भित्रका बुँदाहरूको वर्गीकरण विश्लेषण गर्नु अध्ययनको सहजताको दृष्टिले राम्रो मानिएको छ । तर यसो गर्दा एकातिर अत्यन्त सूक्ष्म अध्ययनको कठिनाई आइपर्छ भने अर्कोतिर ती दुवै खण्डका बुँदाहरू दुध र पानी मिसाएजस्तो लगभग अभेद्य रूपमा एकीकृत भएर रहने हुनाले

---

[१] घट. लीन वस्तुनि येन सुक्ष्मसुभगं तत्वं गिरा कृष्यते निर्मातुं प्रभवेन्मनोरमदिं वाचैव यो वा बहिः भानुभक्त पोखरेल, **कवि घिमिरेको रचनायोग** ,पृ. २०७ ।

यस्तो विभाजन गर्ने पद्धति व्यावहारिकताका दृष्टिले अनावश्यक हुन जाने स्थिति पनि आइपर्न सक्छ । कुनै पनि कविका काव्य शरीरात्मागत तत्त्वहरू नै उसका प्रकृतिका प्रतिरूप हुन भने उसका व्यक्तित्व चेतनागत रूचिहरू नै झुसिल्किरा पुतलीमा परिणत भएझैँ उसका काव्य शरीरात्मागत तत्त्वमा परिणत भएका हुन्छन् ।[२] त्यसैले सामान्यतया पूर्वापर कायम राखी मूलतः एकीकृत रूपमा नै उल्लेख गरिएको छ; जस अनुसार कवि माधव घिमिरेको मूलभूत काव्यप्रवृत्तिहरूका विश्लेषण निम्नानुसार गर्न सकिन्छ :

### ३.१.१ रतिकरुणामूलक भावतरलता

कविवर माधव घिमिरेका काव्य-कविताको एक प्रमुख आकर्षण वा उनका कविताको एक मूलभूत शक्तितत्त्व हो भावतरलता । माधव घिमिरे पर्याप्त मात्रामा शिल्पसिद्धका कवि हुँदाहुँदै पनि र उनले शिल्पशैली र भावमध्ये दुवैलाई बराबर महत्त्व दिएको देखिँदादेखिँदै पनि उनी मूलतः भावनिष्ठ कवि हुन्; भावतरलता उनको एक काव्यप्रवृत्ति हो । घिमिरेका काव्य कवितामा रति, उत्साह, शोक वा करूणा, शम वा भक्ति र विस्मय आदि स्थायी भाव एवम् शृङ्गार, करुण, वीर र शान्त आदि रसहरू पनि पाइन्छन् भने मति, हर्ष, गर्व, चिन्ता, स्मृति, उत्कण्ठा, आलस्य, ग्लानि, स्वप्न र लज्जा आदि अनेकौँ सञ्चारी भावहरू पनि पाइन्छन् । धेरैजसो गीतहरूमा सञ्चारी भावलाई व्यञ्जित गर्नु, कतिपय गीतमा स्थायी भावलाई उद्बुद्ध गर्नु गराउनु तथा कतिपय फूटकर कविताहरूमा स्थायी भावलाई व्यञ्जित गर्नु र कतिपयमा रसपरिपाक समेत गराउनु एवम् सबैजसो खण्डकाव्य र गीति नाटकहरूमा विभिन्न भावहरूको मिश्रणका साथै कुनै एक रसको सम्यक् परिपाक गराउनु कवि घिमिरेका विशेषता हुन् र यिनै विशेषताहरूको समष्टि नामलाई नै भावतरलता भन्न सकिन्छ ।[३]

कवि घिमिरेको राष्ट्रिय प्रकृतिका चित्रणमा जुन उत्साह भाव देखिन्छ ; त्यो प्रकृति तत्त्वका पछाडि विद्यामान रहेको नारीत्व, दिव्य सृजनी शक्तित्व अर्थात् उदात्त रति, परारति हो भन्ने कुरा कवि घिमिरेका कृतिहरूको अनुशीलनबाट पनि स्पष्ट हुन्छ । यति मात्र होइन करुण भाव र करुण रसको जुन परिपाक तथा प्रभावशालिता यिनका काव्यकृतिमा पाइन्छ । त्यसको दाँजोमा उत्साहभाव र वीररस टिक्न सक्दैनन् । अनि २०३१ सालदेखि क्षीण हुँदै गएको उत्साह २०३७ सालदेखि झन् क्षीण हुँदै गएको देखिन्छ भने **गौरी, राजेश्वरी** पछिको करुणभावको मात्र नभएर करुण रसकै अत्यन्त उल्लेख्य कृति **मालतीमङ्गले** आइसकेको छ । यसरी करुणभाव र

---

[२] ऐजन, पृ. २११ ।
[३] भानुभक्त पोखरेल, पूर्ववत्, पृ. २११-२१२ ।

करुणरसपछि मात्र क्रमशः उत्साहभाव र वीररसको स्थान आउँछ भन्ने निष्कर्षमा पुग्न सकिन्छ । संयोगात्मक वा वियोगात्मक र वियोगात्मक वा संयोगात्मक दुबै खाले रतिभाव जोड्दा, प्रकृति चित्रणगत एवम् दिव्यपात्रगत रति वा 'परारति' पनि दिव्य नर-नारीत्वमा आधारित रति पनि विशेषतः रति नै हुनाले कवि माधव घिमिरेको मुख्य वा प्रिय भाव रति नै मान्नुपर्ने हुन्छ ।

कवि माधव घिमिरे मूलतः आत्मानिष्ठ देहात्मावादी वा रोमान्टिक कवि हुनाले र 'रोमान्टिकता' भन्नु एक प्रकारको रतिराग हुनाले उनमा मूल रूपले लहरिनु स्वभाविक प्रक्रिया हो । यस बाहेक कवि घिमिरे संस्कृतिका सर्वश्रेष्ठ महाकवि कालिदासका अनन्य उपासक पनि रहँदै आएकोले कालिदासमा पाइने रतिभावको प्रभावले पनि उनमा रतिभाव, रतिवृत्ति वा विप्रलम्भ श्रृङ्गार चेत प्रबल हुँदै जानु स्वाभाविक हुन जान्छ । कवि घिमिरे लोकगीतका अत्यन्त घना छहारीमा हुर्किएका हुनाले र उनी गीतकार वा गीतिकवि पनि हुनाले रतिभाव उनमा बाल्यकालदेखिको सहचर तथा बालहृदयदेखि अङ्कुरित भएर आइरहेको संस्कार हुन पुग्नु अझ स्वाभाविक देखिन्छ । यस प्रकार राष्ट्रकवि माधव घिमिरे मूलतः रतिभावका कवि हुन् भन्ने निश्चय गर्न सकिन्छ र उनको पहिलो मुख्य वा प्रिय भाव रति हो भन्न सकिन्छ तर उनलाई मूलतः श्रृङ्गाररसका कवि मात्र भन्न सकिँदैन ।

परिशेषमा माधव घिमिरे आफ्ना काव्य-कविताका प्रत्येक फाँकी, श्लोक, गुच्छ, सर्ग तथा गीतिनाटकका अङ्क, दृश्य, गीतगुच्छ आदिलाई भावका चास्नीमा नभिजाएसम्म सासै नफेर्ने जिद्दीवाल कवि हुन भन्न सकिन्छ । उनी रचनाको आकार बढाउन वा तानतुन पारेर लम्ब्याउनका निम्ति एउटा पनि शुष्क निरस श्लोक थप्न नचाहने सृजनरुचिका कवि हुनाले नै उनको कवितामा भावतरलता भरिन पुगेको अनुभव हुन्छ । जसले गर्दा कवि घिमिरेका कवितामा एउटा पनि शुष्क श्लोक वा मरूपद्य पाउन सकिदैन । उनका काव्यकृतिमा अनावश्यक गन्थन थपिएको अनुभव हुँदैन । कवितामा भावार्द्रता भर्नु सबभन्दा कठिन एवम् महत्त्वपूर्ण काम पनि हो । माधव घिमिरे त्यसैका निम्ति मरिमेट्ने प्रवृत्तिका कवि हुन् । घिमिरेका कविता-कृतिहरूमा पाइने विभिन्न स्थायी-सञ्चारी आदि अनेकौं भावहरूको यही आर्द्रतालाई नै भावतरलता भनिएको हो ।

### ३.१.२ बद्धछन्दात्मक लयात्मकता

कविवर माधव घिमिरे छन्दबिना कविता लेख्न नसक्ने र छन्दलाई कविता संस्कृति वा काव्यसंस्कार मान्ने स्रष्टा हुन् । उनी कविता- निर्झरिणी बहनासाथ त्यसमा छन्दरूपी तरङ्गहरू स्वतः छचल्काउन थाल्छन् । उनले शास्त्रीय छन्द र लोक छन्दमा पर्याप्त कविताहरू एवम् गीतहरू लेखेका छन् भने थोरै मात्रामा, त्यो पनि आफ्ना काव्ययात्राका प्रथम चरणमा मात्रिक छन्दको प्रयोग पनि गरेका छन् । बद्ध छन्द भन्नाले उपर्युक्त तीनैवटा वर्गका विभिन्न छन्दहरू

बुझिन्छ र यी तीनैवटा वर्गका विविध छन्दमा बाँधिएका लयसन्धानलाई वा बद्धछन्दहरूमा कसिएको लयतरङ्गलाई यहाँ बद्धछन्दात्मक लयात्मकता भनिएको छ ।

माधव घिमिरेले आफ्ना काव्ययात्राको प्रारम्भिक अभ्यासकालमा मात्रिक छन्दलाई खेलाउन खोजे पनि त्यसलाई उनले रूचिका साथ अँगाली ल्याएको पाइँदैन । १९९८ सालमा प्रकाशित भएको 'उषाचरित्र' नामक पौराणिक कथामा आधारित **चम्पु काव्य** मा मात्रिक छन्दका केही राम्रा पङ्क्तिहरू पाइन्छन् । तर ती पङ्क्ति खास उल्लेख्य छैनन् र कवि घिमिरेले २००० सालदेखि यता त्यस छन्दलाई चटक्कै छाडिदिएको देखिन्छ । त्यसैले मात्रिक छन्दमा कवि माधव घिमिरेको कुनै योगदान छैन यति मात्र होइन यस छन्दलाई उनले गम्भीर रुचिका साथ अँगाल्न चाहेनन् भन्न पनि सकिन्छ । कविता लेखनका अभ्यासका क्रममा १९९८ सालमा मात्रिक छन्दका जम्माजम्मी त्रिसठ्ठी हरफ प्रकाशमा ल्याएपछि तथा त्यस छन्दमा लेखिएको छाँयावादी काव्यसम्बन्धी 'जीवनसङ्गीत' नामक पुस्तिका नछाप्ने निर्णय गरेपछि त कवि घिमिरेले मात्रिक छन्दप्रति पूरै उपेक्षाभाव राखेको देखिन्छ । यस्तो हुनु आकस्मिकता मात्र होइन, यसका पछाडि कविका आन्तरिक रूचि र प्रवृत्तिको महत्त्वपूर्ण भूमिका रहेको छ, किनभने मात्रिक छन्दमा पनि 'समतौलको लयतरङ्ग' पाइन्छ तापनि नेपालीहरूको चिन्तनात्मक आत्मसंस्कारारूढ जातीय स्वादको भाका हालेर उरालिने ओजस्वी लयप्रवाहको वेग पाइँदैन वा अपेक्षाकृत कम पाइन्छ । यस कुराको रहस्य मूलतः मात्रिक छन्दलाई आफ्ना कविताको माध्यम बनाएर काव्य-कविता लेख्ने धेरैजसो नेपाली कविहरू लोकरुचिमा भिज्न असफल भएका घटनाले खोलिदिन्छ ।[४]

माधव घिमिरे लोकगीतको प्रभावशाली परिवेशमा अर्थात् वार्णिक छन्द वा लोक छन्द एवम् लोकलय र लोकभावहरूले गुञ्जायमान पहाडी गाउँघरमा जन्मिएर हुर्किएका व्यक्ति हुन् तापनि उनका कविता लेखनको उपक्रमका चार पाँच वर्ष चाहिँ वर्णमात्रिक छन्दका साधनामा नै व्यतित भएको देखिन्छन् । अत्यन्त लोकप्रिय **गौरी** जस्तो लोकप्रिय काव्य एवम् अन्य फुटकर कविताहरू पनि वर्णमात्रिक छन्दपरिवारका विभिन्न भेदहरू रचिएकाले माधव घिमिरेलाई वार्णिक छन्दमा भन्दा वर्णमात्रिक छन्दमा अत्यधिक सफल कवि मान्नुपर्ने वा बढी सफल ठान्नुपर्ने देखिन्छ । उनको वार्णिक छन्दसाधना पनि पर्याप्त शक्तिशाली रहेको तथ्य बिर्सिन सकिदैन । उनले १९९५ सालदेखि नै वार्णिक छन्दमा कविता लेख्न थालेका हुन् र हालका दुई दशक यतादेखि यसै छन्दमा गीतिनाटकहरू लेखिरहेका छन् । कवि घिमिरेको वार्णिक छन्द उनका बालहृदयदेखिकै रागात्मकसम्बन्धका साथ घनिष्ट मित्र बनेर आइरहेको मात्रै होइन ज्यादै सजिलो गरी कवितात्मक मिठास लिएर बग्दै आइरहेको पनि छ । वार्णिक छन्दमा पनि प्रकाशित रूपमा

[४] भानुभक्तपोखरेल, पूर्ववत्, पृ. २१७ ।

**किन्नर-किन्नरी** का उच्चतर डेढसय गीत वा कवितागीत, अन्य असङ्कलित फुटकर गीत, **पापिनी आमा** लघुखण्डकाव्य तथा अत्यन्त प्रभावशाली र सर्वाधिक लोकप्रिय **मालती-मङ्गले** लगायत **विषकन्या**, **बालकुमारी**, **हिमालवारी-हिमालपारी**, **देउकी** र **हिमकमल** जस्ता उत्कृष्ट छवटा गीतिनाटकसमेत **गौंथली र गजधम्मे** पर्याप्त सफल लघुकाव्य वार्णिक (लोक) छन्दमा रचिएको देखिन्छ । कवि घिमिरेका प्रकाशित अप्रकाशित समेत उपर्युक्त दश थान पुस्तकमा र अन्य फुटकर काव्यगीतमा पाइने वार्णिक छन्द गुणात्मक र सङ्ख्यात्मक दुबै दृष्टिले वर्णमात्रिक छन्दभन्दा कम नभएको अनुभव हुन्छ । यसबाहेक उनी वर्णमात्रिक छन्दमा पनि गीतितत्व भर्न अत्यन्तै गम्भीर प्रयास गर्ने कवि हुन् । वर्णमात्रिक अपेक्षा वार्णिक छन्द खेलाउन पनि धेरै सजिलो हुने हुनाले कवि घिमिरेको वार्णिक छन्द वर्णमात्रिक छन्दमा कोमलतरल, मृदु-मधुर र किशोरीस्मितसदृश आकर्षक बन्न पुगेको ठान्नु वा उनको कवित्व यसै छन्दमा अधिक खुलेको मान्नु उपयुक्त रहेको प्रतीत हुन्छ ।

उपर्युक्त विश्लेषणका आधारमा माधव घिमिरे धेरै भन्दा धेरै बद्धता भएका, सघनत्व कायम रहेका वा अनुशासनको दृढबन्धन रहेका, छन्दहरूको लयसन्धानमा रूचि राख्ने र त्यस्ता छन्दहरूमा टम्म बाँधिएका कविताहरूमा नै बढी सफल भइआएका कवि हुन् भन्ने तात्पर्य निस्किन्छ । यसै हुनाले आपेक्षाकृत बद्धता कम भएका मात्रिक छन्दका तुलनामा उनी वार्णिक छन्दमा सफल हुन पुगेका देखिन्छन् भने यस भन्दा पनि बद्धता भएका वर्णमात्रिक (शास्त्रीय) छन्दमा सफल हुन पुगेका देखिन्छन् । तसर्थ सामान्य मात्र होइन् कडा कसिलो बद्धछन्दात्मक लयात्मकता उनको एक काव्यप्रवृत्ति हो भन्न सकिन्छ ।[५]

### ३.१.३ संरचनात्मक सन्तुलन

कवि माधव घिमिरेका काव्य, कविता, गीत र गीतिनाटक सबैमा संरचनात्मक सन्तुलन पाइन्छ । यिनमा यस्तो संरचना-शक्ति वा व्यवस्थापन कौशल मूलत : २००४ सालदेखि विकसित अवस्थातिर पुगेको अनुभव गर्न सकिन्छ । 'फेरि भेट हुन्न कि', 'बुहारी', 'काफल पाक्यो', 'नेपालकी रानी', 'इन्द्रेणी', 'पहाडी झर्ना', 'गाउँछ गीत नेपाली' आदि जस्ता कविता तथा गीतहरूको सरंचनात्मक संयोजन पर्याप्त व्यवस्थित छ । अतः यी रचनाहरूमा कृतित्वका बीजभाग, विकारभाग र फलभाग समेत स्पष्ट छुट्टिएका छन् भने प्रबन्धकाव्यतर्फ **पापिनी आमा** र **गौरी**को संरचना परिपाक पनि उल्लेख्य नै रहेको छ । २०१० सालदेखि अझ **इन्द्रेणी** पत्रिकाको

[५] भानुभक्त पोखरेल, पूर्ववत्, पृ.२१६-२२१ ।

सम्पादन काल २०१३ देखि २०१५ सम्म आफ्ना रचनाका एक-एक कुरालाई वा हरेक वस्तुलाई व्यवस्थित पार्ने गम्भीर बोध पनि कवि घिमिरेलाई भइसकेको देखिन्छ ।

उपर्युक्त अध्ययनबाट संरचना तत्त्व अन्तर्गत पर्ने कथातात्विक सन्निवेश, उक्तिपद्धतिगत तारतम्य, भावगत क्रम र विकास आदि तमाम कुरामा २००४ सालदेखि उत्तरोत्तर सफल हुँदै आएका कवि घिमिरे एक सचेत संरचनाशिल्पी देखिएका छन् । माथि दिएको रचनाहरूमा बीजभाग, विकास भाग र फलभागको संयोजन, भावोत्कर्ष र अर्थोत्कर्षको क्रमिकता, पूर्वापर सङ्गति- सामञ्जस्य, भावनाको आख्यानीकरण तथा आख्यान र भावको यथोचित सन्तुलित बनेर बसेका छन् । यस किसिमको संयोजन गीतका फाँकीफाँकीमा र सिङ्गो गीतमा, कविताका पाउपाउमा, श्लोक श्लोकमा र सिङ्गो कवितामा तथा काव्यनाट्यका सर्ग, परिच्छेद, दृष्य आदिमा एवम् सिङ्गै ग्रन्थको बनोटमा मिल्नुका साथै भावविश्रान्तिबोध रचनाको समाप्तिबोध स्वतः हुन पुगेको आभाष पनि प्रायः दिइएको छ । यस किसिमको सामञ्जस्य वा सङ्गठन- व्यवस्थापन बाह्य रूपमा मात्र होइन । आन्तरिक रूपमा अर्थात् कृतिका आन्तरिक रासायनिक गुण धर्ममा पनि मिलेको हुनुपर्छ र त्यस्तो मेल पनि खासगरी विशिष्ट कृतिमा भएको छ । जसको परिणाम वा प्राप्ति हो- कृतिमा पूर्णता र जीवन्तता भरिनु । पाठकलाई एक मनस्थितिका लागि वा एक लघुभाव बिम्बका लागि कति लामो कविता दिने ? कति लेख्न पाएँ भनेर एउटा सानो भावझल्कालाई पनि जति सक्यो त्यति तन्काएर लाने कि ? यथोचित मात्रा दिने जस्ता प्रश्नहरूको समाधान सोच्नु पनि संरचना चेत नै हो - जुन कुरा कवि घिमिरेमा पाइन्छ । यिनै र यस्तै सम्पूर्ण संरचना तत्त्वहरूको यथासम्भव यथोचित संयोजनबाट प्राप्त हुने दीप्तिलाई 'संरचनात्मक सन्तुलनको बान्की' भन्ने अर्थ झल्काउने उद्देश्य अन्तर्निहित राखी माधव घिमिरेको त्यस किसिमको कविता प्रवृत्तिलाई 'संरचनात्मक सन्तुलन' भन्नु उपयुक्त हुन्छ । यस किसिमको संरचनात्मक बान्की वा सन्तुलन कवि घिमिरेका गीत, कविताकाव्य र नाटकमा समेत लगभग समान रूपले खुलेको छ । संरचनात्मक सन्तुलनको दृष्टिले उनी गीतमा अर्थात गीतिकविता वा गीतमा सर्वाधिक सफल देखिन्छन् । त्यसपछि फुटकर कविता, गीतिनाटक र खण्डकाव्यमा पनि सफल भएका छन् । प्रयोगका दृष्टिले **राजेश्वरी**को संरचना प्रर्याप्त राम्रो मानिएको छ तापनि खण्डकाव्य भन्दा गीतिनाटकमा संरचनात्मक सन्तुलनका दृष्टिले बढी सफल भएको मान्न सकिन्छ । यद्यपि **इन्द्रकुमारी** जस्तो संरचना तत्त्वचाहिँ प्रर्याप्त शक्तिशाली भएको कृति सहित कवि घिमिरेका ६/७ वटा खण्डकाव्यको संरचनात्मक शक्ति समष्टिलाई लिएर उनलाई खण्डकाव्यको संरचनामा नाटकीय संरचनाको समकक्षी मान्न सकिन्छ तापनि मूलत : **मालती-मङ्गले** र **विषकन्या** तथा **देउकी** आदि उनका नाटकहरूको संरचनात्मक सारसमष्टिलाई प्रबल मान्न सकिन्छ किनभने प्रबन्धकाव्यतत्त्वका अन्य पक्षको सन्तुलन पनि उस्तै रहेको छ ।

### ३.१.४ शिल्पसज्जा-सौकुमार्य

शिल्पसज्जा भन्नाले मूलत : अलङ्कार विधानलाई लिइन्छ, अलङ्कारका मर्मानुभूति भित्र बिम्ब, प्रतीक र मानवीकरण आदि सबै कुरा समेटिन्छन् । अझ एक-डेढ दशक यतादेखि त क्रमशः कविताचिन्तनका सन्दर्भमा अलङ्कारको महत्त्व बिम्ब, प्रतीक र मानवीकरण आदि पछिका मान्यताभन्दा कता हो कता ठूलो र व्यापक मानिनुका साथै त्यसलाई अपरिहार्य कविता तात्त्विक सामग्री पनि ठान्न थालिएको छ । प्रस्तुत प्रसङ्गमा शिल्पविधान र शिल्पसज्जा भन्नाले शब्दालङ्कार तथा अर्थालङ्कारहरूको साजसज्जालाई लिइएको छ र त्यसबाट प्रतिफलित हुने सौन्दर्याकर्षण वा माधुर्यलाई 'सौकुमार्य' शब्दभित्र अटाउन खोजिएको छ । 'शिल्पसज्जा सौकुमार्य' पनि माधव घिमिरेका काव्य कविताको एक उल्लेख्य तत्त्व हो वा आफ्ना कविता काव्य र नाट्यकृतिहरूमा शिल्पसज्जाको सौकुमार्य भर्नु उनको एक काव्यप्रवृत्ति हो । यद्यपि माधव घिमिरे अलङ्कारवादी कवि होइनन्, उनी मूलतः रसभाववादी कवि हुन् तापनि काव्यकविताको आत्मतात्त्विक रसभावको उत्कर्षका निम्ति कवि घिमिरे अलङ्कारको सहयोग लिन्छन् र उनका काव्य कवितामा शब्दालङ्कार-अर्थालङ्कार दुबैको औचित्यपूर्ण पाइन्छ; जुन कुरा यस प्रसङ्गको शीर्षकका शब्दावलीबाट पनि स्वतः स्पष्ट भएको देखिन्छ ।

माघव घिमिरे शब्दालङ्कार मध्ये पुनरुक्तवदाभास, बृहल्लाटानुप्रास, वक्रोक्ति, शब्दश्लेष र यमकजस्ता शब्दक्रीडा प्रधान अलङ्कारहरू रूचाउने होइनन् । श्लेषालङ्कार एकाध ठाउँमा स्वतः परेको वा पारिएको भए पनि त्यो मूलत : अर्थोत्कर्षका निम्ति आएको देखिन्छ तर दुई-तीन अर्थ प्रस्तुत गर्ने गराउने शब्दश्लेषजस्ता अलङ्कारमा घिमिरेको चाख नरहेको देखिन्छ । जहाँ-जहाँ स्वल्प मात्रामा श्लेष परेको पाइन्छ त्यो अर्थश्लेष हो जुन प्रायः सहज किसिमले स्वत : पर्न पुगेको हो । यमक अलङ्कार पनि उनको प्रिय होइन जो कष्टसाध्य पनि छ, तर उनका गीत र कविताका पङ्क्तिहरूका अन्तिम खण्डीय चरण युगलमा यमकालङ्कारत्त्व वा यमकाभाष पर्याप्त परेको पाइन्छ, त्यो अलङ्कार होइन यमकाभाष मात्र हो ।[६]

अनुप्रास अलङ्कारबारे पनि कवि घिमिरेको रूचि परिष्कृत ढङ्गको छ तापनि यसलाई चाहिँ उनको प्रिय अलङ्कार मान्न सकिन्छ । अनुप्रास अलङ्कारको प्रमुख उद्देश्य नादसौन्दर्य भर्नु वा ध्वनि माधुर्यको सृष्टि गर्नु हो, जसलाई कविताको साङ्गीतिकता भन्न वा गीतिचेतनाको प्रतिफल मान्न पनि सकिन्छ । अनुप्रास अलङ्कार अन्तर्गतको श्रृत्यानुप्रास, वृत्यानुप्रास, छेकानुप्रास, अन्त्यानुप्रास र लाटानुप्रास तथा स्फुटानुप्रास एवम् अर्थानुप्रास विभिन्न भेदोपभेदहरूको तात्विक रूपमा प्रयोग गर्नु वा ती तमाम अनुप्रास अलङ्कारको सोझो एवम् स्थूल मांसल रूपको यथावस्तु ग्रहण नगरी

---

[६] भानुभक्त पोखरेल, पूर्ववत, पृ.२२८ ।

तिनको तात्त्विक उपयोगितालाई लिनु वा ध्वनिमाधुर्यात्मक अनुसरण-तत्त्वको सङ्ग्रह ग्रहण गर्नु कवि घिमिरेको अनुप्रास चेतना हो र शब्दालङ्कार चेतना पनि हो । माधव घिमिरेका कवितामा आदि-मध्यानुप्रास, मध्यान्तानुप्रास पनि श्रुति सुखद किसिमले प्रस्तुति भएको पाइन्छ । कविता पादयुगलमा अन्त्यानुप्रास मिलाउन माधव घिमिरेलाई सर्वश्रेष्ठ मानिन्छ । अन्त्यानुप्रास मिलाउन कम्तिमा पनि क्रमशः माथिल्ला-तल्ला पाउका अन्त्यमा दुईवटासम्म उस्तै-उस्तै वर्णाक्षर दोहोरिएकै हुनुपर्छ । यसरी अनुप्रास अलङ्कारको तात्त्विक प्राप्ति ध्वनिमाधुर्य अनुरणित गर्नु हो र त्यो प्राप्त गर्न सत्प्रयास कवि घिमिरेले गरेका पनि छन् र त्यसमा उनी सर्वाधिक सफल पनि भएका छन् ।

उपर्युक्त विश्लेषणबाट कवि घिमिरेमा उपमाअलङ्कार बढी लहरिएको पाइन्छ । उनमा महाकवि कालिदासका उपासनाको सार्थकता पनि झल्किन्छ । दोस्रो स्थानमा उत्प्रेक्षाअलङ्कार अडिग भएर बसेको र लगभग उपमाकै समकक्षी हुन खोजी लहरिएको छ । तेस्रो स्थानमा दृष्टान्तालङ्कार विराजमान छ । पहिलो स्थानी उपमा र तेस्रो स्थानी दृष्टान्त दुबै जोड्दा कवि घिमिरेको अलङ्कार चेतनामा बढी 'औपम्यमूलकता' चलमलाउने गरेको देखिन्छ । दोस्रो स्थानी उत्प्रेक्षा र चौथो स्थानी रूपक पनि साधर्म्यमूलक वर्गमा नै पर्दछन् । कवि घिमिरेका अर्थालङ्कारको सन्दर्भ र विषय सुहाउँदो, पात्रचरित्रानुकूल तथा यथोचित रहेको छ । शब्दालङ्कारको प्रयोग पनि ठिक्क सुहाउँदो न घटी न बढी स्थितिमा रहेको देखिन्छ ।

### ३.१.५ पदलालित्य परिपाक

जुनसुकै रसभावका सन्दर्भमा पनि तदानुकूल वर्णनपूर्वी ध्वनि झङ्कृत गर्दै लाने स्वर-व्यञ्जन, पद-पदावलीका स्थापत्यको क्रमानुक्रमलाई पदलालित्य भनिन्छ । 'पदलालित्य' शब्दले विद्यमान प्रयुक्त कोमलकान्त पदावलीका इँटाहरूको विन्यासलाई मात्र लिँदैन । लगभग समानगुञ्जशाली कोमल पदहरूको प्रयोगमात्र पदलालित्य होइन त्यस्ता कडाकडा पदहरूको प्रयोगबाट पनि 'पदलालित्य'को निर्माण भएको हुन्छ अर्थात् त्यस्ता दुबैखाले पद-पदावलीको प्रयोगबाट पदलालित्यको सृष्टि हुन्छ । यस शीर्षक अन्तर्गत पदहरूको लालित्य तथा परिपाक दुबै कुरा समेटिएका छन् ।

माधव घिमिरे मूलत : तद्भव नेपाली झर्रो भाषाका कवि हुन् । उनको काव्ययात्राका विभिन्न कालखण्डको भाषिक नतिजा हेर्दा उनका कविताको मूल वा प्रधान भाषिक स्रोत तद्भव वा झर्रो नेपाली लोकभाषा नै रहेको देखिन्छ । तत्सम शब्दसम्पदा पनि प्रर्याप्त नै रहेको छ र नगण्य रूपमा हिन्दी, उर्दूका आगन्तुक शब्द पनि उनले कतै-कतै प्रयोग गरेको पाइन्छ । तथापि कवि घिमिरेलाई हिन्दी-उर्दू आदि आगन्तुक शब्दका प्रयोक्ता मान्न मिल्दैन । बरू उनको दोस्रो

गौण रूपको भाषिक स्रोत चाहिँ तत्सम संस्कृत शब्दभण्डार हो भन्न सकिन्छ । फलतः कवि घिमिरेलाई तत्सम संस्कृत पद-पदावलीका कवि नभएर तद्भव नेपाली झर्रो लोकभाषाको पद-पदावलीका कवि मान्न सकिन्छ । कवि घिमिरेका कविता छापिन थालेदेखिको कविता सामग्री हेर्दा उनका भाषिक स्वरूपको-स्रोतको शब्दभण्डारको स्थिति निम्नानुसारको देखिन्छ : १९९२ देखि २००३ सम्म झर्रोबहुल वा तद्भवमय पद-पदावलीको प्रयोग भएको पाइन्छ । २००४ सालदेखि २०१६ सालसम्म तत्सम शब्दको केही मिश्रण देखिएको छ र त्यस अवधिका भाषिकस्वरूपलाई सोझै झर्रोमय नभनेर 'प्राय झर्रोमय तर तत्समसिक्त' भन्नुपर्ने देखिन्छ । २०१७ देखि २०२२ सम्मका अवधिमा तत्सम, तद्भव दुबै मिसिएको भाषा वा दुबैको समानुपातिकता कायम रहेको 'तत्सम-तद्भवमिश्रित समन्वित' भन्नुपर्ने देखिन्छ भने २०२३ देखि २०३० सम्मको अवधिमा चाहिँ तत्सम शब्दको प्रधान्य रहेको 'तत्सम संस्कृतबहुल' भाषा प्रयुक्त भएको छ । २०३१ देखि २०३८ सम्म तत्सम संस्कृत शब्दको राम्रै सहयोग लिएको भए पनि 'सरदर प्रायः तद्भवबहुल' भन्नुपर्ने खालको भाषिक स्वरूप कायम रहेको छ र २०३९ सालदेखि हालसम्मको भाषा भने झर्रो तद्भबवहुल हुन पुगेको छ । २०१७ देखि २०२२ सम्मको अवधिमा तत्सम्-तद्भव मिश्रित-समन्वित भाषा कायम रहेको देखिएता पनि सात वर्षको मूलतः तत्समबहुल अवधि र पाँच वर्षको अंशतः समन्वित अवधिसित १२ वर्षको अवधि कवि घिमिरेका साढे छ दशकको अर्थात १९९२ साल लगायत २०५६ सालपर्यन्त लिँदा पैंसट्ठी वर्षमा चलिरहेको काव्ययात्रामा नगण्य हुन पुग्छ । यति लामो काव्ययात्राका अवधिमा मूलतः पाँच वर्षभरी कवि घिमिरे 'तत्सम-संस्कृत-शब्दबहुल' देखिए भने लगभग साट्ठी वर्षभरी त उनी 'तद्भव-नेपाली झर्रोबहुल' नै रहेका देखिन्छन् । फलतः उनका काव्यभाषाको स्रोत 'तद्भवप्रधान नेपाली लोकभाषा' नै रहेको वस्तुतथ्य स्पष्ट हुन्छ । आंशिक सहयोगी र गौण स्रोतका रूपमा तत्समलाई अँगालिएको प्रतीत हुँदै गरे पनि कवि घिमिरेका सम्पूर्ण रचनात्मक सृजनाको भाषिक स्वरूपचाँहि झर्रोबहुल वा तद्भवबहुल नै रहेको निश्चित हुन्छ ।[७]

माधव घिमिरे मुख्य गरी रतिकरुण भावका एवम् विप्रलम्भश्रृङ्गार-चेत वा विरह चेतका कवि हुनाले र लोकगीतका छहारीमा खेलेर हुर्किएका हुनाले अनि स्वयं पनि गीतकार एवम् सङ्गीत चेतनाका कवि समेत हुनाले उनी मूलत : कोमल सुललित रचनाधर्मी कवि बन्न पुगेका छन् । उनको रतिकरुणामूलक भाव चेतना र स्निग्ध-सुमधुर कल्पनानुरूप उनका पदस्थापत्यमा कोमल-मधुर ध्वनिझङ्कार बाहुल्य रहेको पाइन्छ ।

[७] भानुभक्त पोखरेल, पूर्ववत, पृ.२३५-२३६ ।

### ३.१.६ सुमर्यादित शैलीमा झर्रोपना र छचल्का

अनियन्त्रित बनेर जतासुकै र जसरी भन्यो उसरी छरपस्ट र छताछुल्ल नछरिने सन्तुलित अभिव्यक्ति कलालाई सुमर्यादित शैली भन्न सकिन्छ । सुमर्यादित शब्दको सट्टा 'शास्त्रीय', 'क्लासिकल' शब्द प्रयोग गरेर काम चलाउन पनि सकिन्छ । पेटबोलीमा कतै-कतै त्यसो पनि गरिएको छ तापनि शीर्षकमा नै शास्त्रीय वा क्लासिकलजस्ता पारिभाषिक र अर्थ विश्लेषणको विविधताले भरिएका शब्दहरूको प्रयोग गर्नु भन्दा विषयवस्तुको स्पष्टताका निम्ति सर्वमान्य वा सर्वसुगम 'सुमर्यादित' शब्द राख्नु बढी उपयुक्त ठानिएको हो । शास्त्रीयरीति -पद्धतिको नियम हालेको वा क्लासिकल धर्मी अभिव्यक्ति कलाको रसायन परेको शैलीमा ताजा झर्रोपन भर्नु र तरङ्गशीलताका छल्का भर्नु कवि घिमिरेको एक उल्लेख्य काव्यप्रवृत्ति हो । घिमिरेको कविताशैली सु-स्पष्ट रूपले कोरा क्लासिकल कविको जस्तो आवश्यकताभन्दा रीतिवद्ध वा रूढिभूत पनि छैन । कोरा रोमान्टिक कविको जस्तो भावावेगमा जथाभावी हुत्तिएको अमर्यादित पनि छैन बरू दुबैको मध्यबिन्दुजस्तो देखिन्छ ।

माधव घिमिरेले प्रेमप्रसाद भट्टराई, तीर्थराज पाण्डे, लेखनाथ र चक्रपाणि आदिका प्रभावबाट कविता लेख्न थालेका हुन् । घिमिरेले मूलत : लेखनाथको शास्त्रीय वा क्लासिकल शैलीका छहारीमा बसेर कविता लेखनको तालिम लिएका हुन् । १९९५ मा आएर उनले कवि देवकोटाको स्पर्श प्राप्त गर्न थालेको देखिन्छ र त्यसपछि मात्र उनमा निजी कवित्व पनि केही चलमलाउन थालेको देखिन्छ । देवकोटाको साथै विश्वकवि रविन्द्रनाथको प्रभाव ग्रहण गर्न थाले पनि २००३ सालपर्यन्त कवि घिमिरेमा शास्त्रीय काव्य-शैलीको प्रभाव नै प्रबल रहेको पाइन्छ । यद्यपि १९९५ सालदेखि उनको शैली शास्त्रीय नै रहे पनि त्यसमा यदाकदा झर्रोपन देखिन्छ ।

### ३.१.७ भावको संयमित स्वस्फूर्तता

माधव घिमिरेका कवितामा १९९७ सालको 'विवाह' कवितादेखि प्रस्तुत प्रवृत्ति आभासित हुन थालेको हो । 'भाषानुवाद- परिषद्को अभिनन्दन' (२०००), 'विजयी गोर्खालीको प्रत्यागमन' (२००२), मा क्रमश : बढ्दै २००३ सालको 'अप्सरा'मा पुग्दा निकै स्पष्ट भएको देखिन्छ भने २००४ सालको प्रारम्भमा 'राष्ट्रिय झण्डा', 'झरीको साँझमा' आदि कतिपय कविताहरूमा पनि यो प्रवृत्ति विकास हुँदै गएको देखिन्छ । यी बाहेक **गौरी**, **राजेश्वरी**का सर्ग, छालहरूमा पनि यस प्रवृत्तिको विकासिँदो रूप पाउन सकिन्छ । अर्थात् सुमर्यादित शैलीमा झर्रोपन र छचल्काका प्रसङ्गमा नाम उल्लेख गरिएका प्रायः सबै कृतिहरू भावको संयमित स्वस्फूर्तताका पनि उदाहरण हुन् । साथ-साथै यसको पनि विकास हुँदै आएको छ । विशेष स्पष्टताका निम्ति अन्य केही छुट्टै

उदाहरण 'असारको पहिलो झरी', 'वैशाखका दिन', मट्टीको महिमा' आदि कृतिहरूलाई अघि सार्न सकिन्छ ।

पत्नीविरहको आलो चोटले आहत भएका बखत भावविह्ल बनेर लेखिएका 'अन्तिम आँसु', 'फेरि भेट हुन्न हैँ कि' र 'लाऊँलाऊँ र खाऊँखाऊँ वैँशमै' जस्ता कविताबाट यस प्रवृत्तिको मर्म बुझ्न सकिन्छ । जसमा भावलाई हतारहतार पोख्ने होडबाजीले त्यसमा कसरमसर मिसिएको छैन, खारिएको छ, भावविह्लतामा बहकिएर आवश्यकताभन्दा बढी कविता लेखेको लेख्यै अनावश्यक डङ्गुर लगाएका पनि छैनन् । यी तीनैवटा कविता क्रमशः ७, १० र १३ श्लोकमा ठिक्क सुहाउँदो आकारमा टुङ्गिएका छन् ।

### ३.१.८ सांस्कृतिक सौरभ

माधव घिमिरे सनातनधर्मी ब्राह्मण परिवारमा श्रौतस्मार्ती संस्कारअन्तर्गत जन्मिएर हुर्किएका व्यक्ति हुन् । उनले लिएका शिक्षादीक्षामा र उनले अँगालेका जीवनशैलीमा पनि वैदिक पौराणिक सनातन आर्य संस्कृतिको प्रभुत्व कायम रहेको छ । घिमिरेले आफ्ना काव्ययात्रा सुरु गर्दा तीर्थराज पाण्डे, लेखनाथ पौड्याल, चक्रपाणि चालिसे, प्रेमप्रसाद भट्टराई र भानुभक्त आचार्य जस्ता सनातन हिन्दु धर्मका छहारीमा हुर्किएका कविहरू उनका आदर्श थिए वा तिनै कविहरूको काव्य वैभवबाट घिमिरे आफ्ना कविता लेखनको प्रथम प्रहरमा प्रेरित प्रभावित रहे । यसप्रकार कवि घिमिरेको पारिवारिक संस्कार, शैक्षिक संस्कार, प्रारम्भिक काव्यसंस्कार तथा मुख्य गरी पूर्वीय काव्यशास्त्रानुसारको कवितात्मक रूचिपरिष्कार र सनातन आर्य संस्कृति वा हिन्दु संस्कृतिका तत्त्वले बनेको देखिन्छ । यसबाहेक नेपाली हुनुको कारण जन्मजात उपलब्धिको रूपमा नेपाली लोकसाहित्य तथा लोकसंस्कृतिको छाप पनि उनमा परेको देखिन्छ । पछि-पछि गएर कवि घिमिरेले आत्माविकास गर्दै जाँदा आफ्ना सांस्कृतिक स्रोतमा अन्य संस्कृतिको रङ्गरोगन लगाएको देखिए पनि लेखनाथ तथा देवकोटाका कृतिहरूका साथै विश्वकवि रविन्द्रनाथ तथा महाकवि कलिदासका कविताकृतिहरूको गम्भीर अध्ययन-अनुशीलन गरिरहेकाले उनमा सर्वथा भौतिकवादी पाश्चात्य संस्कार-संस्कृतिले खास प्रभाव पार्न सकेन । माधव घिमिरे सनातन आर्य वा हिन्दु संस्कृतिका माझमा विकसित हुँदै आएको नेपाली संस्कृतिका प्रभावमा अङ्कुरित, पुष्पित-पल्लवित र फलित कवि बन्न पुगेका छन् । नेपाली लोक साहित्यको मूलप्रवाह र नेपाली संस्कार संस्कृतिको स्वरूप पनि माथि चर्चित पूर्वीय दर्शन तथा साहित्यवेदोपनिषद सारतत्त्वका मिश्रणबाट बनिआएको स्पष्ट छ ।

परिशेषमा सांस्कृतिक चेतना बाल्यकालदेखि नै माधव घिमिरेका अन्तरङ्गमा रहिआएको एक प्रवृत्ति हो, जो पछि गएर उनको एक उल्लेख्य काव्यप्रवृत्ति बन्न पुगेको र त्यसले उत्तरोत्तर

प्रभावशाली भूमिका खेल्दै आएको कुरा स्पष्ट हुन्छ । कवि घिमिरे नेपाली जातीय संस्कृतिका गायक, चित्रकार र मूर्तिकार मात्र होइनन् । त्यसका सुधारक-संस्कारक तथा त्यसलाई उनका मूलस्रोतसित गाँसेर दरिलो भरिलो पार्दै युगानुकूल  बनाउने कवि पनि हुन् । कविता लेखनको प्रारम्भिक अवस्थातिर कवि घिमिरेको सांस्कृतिक बोध सामान्य स्पर्शका स्थितिमा मात्र रहेको देखिए पनि केही पछि गएर त्यससित घनिष्ठ सम्बन्ध वा सम्पर्कको स्थिति प्राप्त गर्दै मानवीय सांस्कृतिक मूल्यसित सम्बन्ध स्थापित गरेर चित्त नबुझी त्यसमा उनका उपजीब्य दार्शनिक स्रोतहरूको सेचन रसाइन समेत थपी त्यसमा नयाँ शक्ति सञ्चार गर्ने काम पनि उनले गरेका छन् । यसरी नेपाली संस्कृतिलाई आर्य संस्कृतिको दीप्ति थपेर आर्यता वा आर्य भावनालाई सरल मानवता एवम् मानवीय मूल्यचेतका रूपमा प्रस्तुत गरी हामीलाई हाम्रा सांस्कृतिक उच्चताको अनुभूति गराएको कुरा उल्लेख्य हुन आउँछ । यसबाट सांस्कृतिक चेतना कवि घिमिरेको एक प्रमुख काव्यप्रवृत्ति रहेको र सांस्कृतिक सौरभ उनका काव्यकविता, गीत, गीतिनाटक आदि सिर्जनात्मक रचनाहरूको जीवनशक्तितुल्य एक अन्तस्तत्व भएको देखिन्छ ।

### ३.१.९ राष्ट्रिय राग

माधव घिमिरे नेपाली राष्ट्रिय स्वरका अत्यन्त प्रभावशाली र हालसम्मका लगभग सर्वश्रेष्ठ राष्ट्रिय रागका कवि बन्न पुग्नु कुनै आकस्मिक घटना नभएर उनकै निरन्तर साधनाको प्रतिफल हो भन्ने कुरा आफ्नो काव्ययात्राको प्रवेशवर्षदेखि नै राष्ट्रिय भावनालाई समात्न थाल्नुले सिद्ध गरेको छ । १९९२ सालदेखि १९९४ सालभित्र चारवटा राष्ट्रिय कविता लेखिसकेका कवि घिमिरे १९९५ सालमा ‘स्वदेशी गीत’ असारे लोकलयमा लेख्न पुग्छन् र ‘जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी’ (१९९६) कविताद्वारा प्रारम्भिक अभ्यासकालमा नै राष्ट्रिय भावनाको कविका रूपमा परिचित हुन थालेका हुन् ।

यसरी १९९२ देखि १९९४ सम्म राष्ट्रिय स्तरको सामान्य सतही उल्लेख छिटफुट मात्रामा मात्र गर्ने कवि घिमिरे १९९६ सालसम्ममा राष्ट्रिय चेतनाको स्पर्श प्राप्त गर्न थालेका हुन् भने २००० तथा २००२ सालका भाषानुवाद परिषद्का अभिनन्दनसम्बन्धी दुईवटा कविता ‘विजयी गोर्खालीको प्रत्यागमन’ (२००२) र ‘घामपानीको दुनियाँ’ (२००३) कविताद्वारा राष्ट्रिय चैतन्यसित सम्पर्क स्थापित गर्न पुग्छन्, अनि ‘राष्ट्रिय झण्डा’ (२००४) कवितामा प्रथम पुरस्कृत हुन पुग्दा राष्ट्रिय स्वरका मनग्गे चहकिला कविका रूपमा चिनिन थाल्दछन् । यसरी १९९२ देखि २००४ सालसम्म आइपुग्दा कवि घिमिरेमा राष्ट्रिय चेतनाको पकड पर्याप्त भएको देखिन्छ ।[८]

---

[८] भानुभक्त पोखरेल, पूर्ववत, पृ. २५३ ।

२००४ सालदेखि २०१६ सम्मका अवधिको सिंहावलोकन गर्दा राष्ट्रिय चेतको सम्पन्नताको दृष्टिले यस समयका काव्यकविता अत्यन्त उल्लेख्य रहेको पाइन्छ । यस अवधिका कृतिबाट माधव घिमिरे राष्ट्रोपासना वा राष्ट्रिय स्वर-शैलीका सर्वश्रेष्ठ नेपाली कविहरूका अग्रपङ्क्तिमा खडा हुन पुग्दछन् । यस समयमा राष्ट्रिय दीप्तिका अनेकौँ गीत र कविता लेखिएका छन् । ती मध्ये 'हिउँचुलीको यात्रा', 'नेपालकी रानी', 'कलमवीर', 'स्वदेशको सङ्ग्रेलो', 'सम्बोधन' र २०१० सालका 'सपूत स्यार्पा', 'पर्वतवासिनी देवी' एवम् 'गाउँछ गीत नेपाली', 'वैशाख' अनि २०१३ सालमा 'परिचय', 'लाग्दछ मलाई रमाइलो', 'मेरो प्राचीन नेपाल' आदि फुटकर रचना उल्लेख्य छन् ।

कवि घिमिरेका काव्ययात्राको उत्तरार्धकाल २०१३ सालदेखि यताका अवधिमा समसामयिक विश्वबन्धुत्व वा अन्तर्राष्ट्रिय भाइचाराको अनुरूप अर्थात् वर्तमान विश्वको युगचेतनानुरूप एवम् परिवर्तित सन्दर्भअनुकूल उनका राष्ट्रिय भावनाले अथवा राष्ट्रवादी स्वरले पर्याप्त विकास बिस्तार लिएको छ । अब राष्ट्रप्रेम वा नेपालप्रेम, देशप्रेम, विश्वबन्धुत्व प्रेम र धर्तीप्रेम उस्तै-उस्तै बन्न थालेको छ वा राष्ट्रिय वा जातीय रागले विश्वमानव मूल्यबोधको सेचन प्राप्त गर्न थालेको छ । यस भनाइको परिपुष्टिका निम्ति **राष्ट्रनिर्माता** खण्डकाव्य (२०२३) र **धर्तीमाता** खण्डकाव्य ( २०३०)लाई अघि सार्न सकिन्छ । **राष्ट्रनिर्माता**को राष्ट्रवादी दर्शनका स्थापनामा पाइने विश्वमानवतावादी चिन्तन वा अन्तर्राष्ट्रिय उदारवाद, सचेत राष्ट्रवाद अति उल्लेख्य छ भने **धर्तीमाता**को विश्वम्भरा पृथ्वीप्रतिको प्रेम अझ सम्यक् उल्लेख्य छ । **राष्ट्रनिर्माता**मा पाइने उदार राष्ट्रवादी दर्शन पनि वर्तमान विश्वचेतनाअनुकूल पग्लिएको छ भने **धर्तीमाता**को राष्ट्रिय चेतना सीमित सङ्कुचित घेराबाट विराट् धर्तीमा फिँजिन र विश्वनागरिकताको व्याप्तिसित सामाञ्जस्य राख्न पुगेको छ । यसबाहेक **इन्द्रकुमारी**मा पनि राष्ट्रिय रागको रूनझुनाहट समयानुकूल नै बनेर रहेको देख्न सकिन्छ ।

राष्ट्रिय चेतना वा राष्ट्रभक्ति कवि घिमिरेको एक प्रमुख काव्यप्रवृत्ति रहिआएको तथ्य माथिका विश्लेषण र विवेचनाबाट स्पष्ट हुन्छ भने राष्ट्रिय राग काव्यकविता र गीतको एक आकर्षक व्यक्तित्व बन्न पुगेको देखिन्छ । फलतः राष्ट्रिय स्वरसन्धानका दृष्टिले माधव घिमिरे १९९२ देखि २०३० सम्मकै अवधिमा हालसम्मका सबभन्दा ठूला, राम्रा र मीठा नेपाली कवि बनिसकेका छन् भने त्यसपछि पनि त्यो प्रवृत्ति सूक्ष्म-मसृण अन्तस्तत्त्व बनेर यताउता चलमलाइरहेकै छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ३.१.१० सूक्ष्म-मसृण जीवनबोध

जीवनबोध मूलत : जीवन भोगेर वा अनुभव सँगालेर रसाउने कुरा हो दर्शन, शास्त्र, संहिता, ज्ञान-विज्ञान र साहित्य आदि पढेर तथा सामाजिक संसारिक गतिविधिको अध्ययन अनुशीलनबाट पनि जीवनबोध गर्न सकिन्छ, तर त्यो प्राप्त गर्न पनि व्यक्ति स्वयम्ले चिन्तन-मनन वा केही न केही गरेकै हुनुपर्छ भने त्यसको सूक्ष्म-मसृण रूप प्राप्त गर्नु अझ कठिन हुन जान्छ । त्यसैले होला माधव घिमिरे आफ्ना काव्ययात्राको प्रथम चरणका प्रारम्भिक तीन वर्षसम्म जीवनबारे कुनै धारण बसाल्न सक्दैनन् र अरू कविहरूको अनुकरणको माध्यमले जीवनलाई चियाएझैँ मात्र गर्दछन् । केही वर्षपछि काव्यसाधनाको अन्तिम क्षणतिर आइपुग्दा कवि घिमिरेमा जीवनबोधी चेतना चाहिँ आभासित हुन थालेको पाइन्छ तर तद्गत सूक्ष्मता भने प्राप्त हुन थालेको देखिदैन । उनी जीवनबोधी चेतनाको सामान्य स्पर्शको अवस्थाभन्दा माथि उठेका देखिँदैनन् ।

कवि माधव घिमिरेका कविता लेखनगत यात्राको उत्तरार्धीय प्रथम चरण २०२३ देखि २०३० सम्मको अवधिका काव्यकवितामा वैदिक-ऋग्वैदिक प्रकृत्यानुगमनपरक दार्शनिक प्रौढी पर्याप्त तपतपाएको छ र उनका आजसम्मका जीवनबोधलाई वा जीवनभावना दृष्टिलाई स्वछन्दतावादी सम्वेदना सुहाउँदो एक दार्शनिक अडान स्पष्ट रूपले मिल्न थालेको छ । यस अवधिका रचनामध्ये **राष्ट्रनिर्माता** खण्डकाव्य यस प्रसङ्गमा अत्यन्त उल्लेख्य छ र 'वसन्त बोल्छ' मौलिक कविता तथा वैदिक सूक्तका भावविस्तारित 'अभयसूक्त', 'मृण्मय सुगन्ध', **धर्तीमाता**, इत्यादि उल्लेख्य छन् । **धर्तीमाता** खण्डकाव्यमा वैदिक प्राकृतिक रसार्द्र चिन्तनद्धारा जीवनको व्याख्या गरिएको छ र तत्कालीन नेपाली कविताको प्रयोगवादी धाराको मूल जीवनदृष्टि मानिएको विसङ्गतिबोध, मृत्युअवसादबोध र वीभत्सताप्रेम आदिका रचनात्मक विरोध गरिएको छ । तृतीय चरण २०४१ देखि २०५२ सम्मको अवधि मूलतः सामाजिक र व्यावहारिक जीवनको सेरोफेरोमा वर्तामान विश्वको मानव मूल्यवादी चिन्तनलाई घोलेर जीवनका सूक्ष्मतर मर्मानुभूति, अन्तर्वेदना र आत्मिक चाहना समेटिएको अवधि देखिन्छ । सम्भवतः आफू वृद्धावस्थातिर ढल्किसक्दै जानुको कारण जिजीविषा वा जीवनेच्छा प्रबल हुँदै गएकाले हो अथवा जीवन विषयक अनुभूति खाइसक्दै जान लागेकोले हो । कवि घिमिरे नाट्यरचनामा सबैतिर केन्द्रित गराएर जीवनलाई अत्यन्त पारदर्शी र हृदयस्पर्शी तरिकाले खेलाउन थालेका देखिन्छन् । उनले यस कममा प्रशस्त गीतिनाटकहरू लेखेका छन्, जस्तैः **मालती- मङ्गले, बालकुमारी**, **देउकी, बोराको पर्दा** तथा **हिमालवारी हिमालपारी** इत्यादि चर्चित रहेका छन् । **हिमालवारी हिमालपारी** र **हिमकमल**को छाँटछनकमा जीवनबोधात्मक अनुभूति मनग्गे पाइन्छ । कवि घिमिरेका जीवनबोधी भावनामा वा जीवनलाई हेर्ने सम्वेदना दृष्टिमा जगत्का सौन्दर्यप्रति आकर्षण र जीवनका माधुर्यप्रति अनुराग

मुस्कुराएका छन् भन्न सकिन्छ । अन्ततः जीवनभोगप्रति विमुखता र वैरागको होइन, उन्मुखता र अनुरागको भाव जागृत गर्नु कवि घिमिरेको जीवनबोधको केन्द्रीय धुन हो भन्न सकिन्छ ।

### ३.१.११ प्रकृतिबोधमय माधुर्य

प्रकृति-रसमयता वा प्रकृतिको दीप्ति पनि माधव घिमिरेको काव्य, कविता, गीत र नाटकहरूको एक अत्यन्त उल्लेख्य आकर्षण तत्त्व हो । प्रकृति-तादात्म्यशीलता उनको एक प्रमुख काव्यप्रवृत्ति हो । माधव घिमिरेले आफ्नो बाल्य र किशोरकाल पुस्तुन र जगराका लेकको प्राकृतिक परिवेशमा बिताएका हुन् जसको गम्भीर प्रभाव उनमा आजीवन पर्न गएको देख्न सकिन्छ । कवि घिमिरेले यस्ता प्रकृतिपरक कृतिहरू धेरै लेखेका छन्, जस्तै 'वनशोभा', 'स्वदेशी गीत', 'उषाचरित्र', 'वैशाखका दिन', 'घामछाँया' इत्यादि । प्रकृतिकै छाँयाछविबाट मानव समाज प्रेरित र प्रभावित हुन्छन् त्यसैगरी घिमिरे पनि प्रकृतिबाट निकै प्रभावित भएको देख्न सकिन्छ ।

कवि घिमिरे प्रकृतिसँग राम्रो सम्बन्ध भएको देखिन्छ । प्राकृतिक सेरोफेरोमा रमाउने उनको आफ्नो प्रवृत्ति हो । घिमिरेको नेपाली प्रकृतिप्रति बढी मोह रहेको देखिन्छ । कवि घिमिरेले आफ्ना विभिन्न गीतिनाटकहरूमा नेपाली लेकाली प्रकृतिको मोहक चित्रण गरेको पाइन्छ । तर उनमा चोखो प्रकृतिलाई लिएर भावमग्न हुने भन्दा जीवनमा व्यावहारिक भावधारामा प्रकृतिबाट बिम्ब टिप्ने प्रवृत्ति पाइन्छ ।

### ३.१.१२ सुसम्परिष्कार-चारुता

परिष्कार चेतना कवि घिमिरेको एक प्रमुख काव्यप्रवृत्ति हो, सृजनधर्मगत संरूचि हो र तज्जन्य चारुता वा सुकुमारता अर्थात तासतुस, पुछपाछ-परिमार्जनजन्य सुषमा उनका काव्यकविताका व्यक्तित्त्वको एक आकर्षक तत्त्व हो । माधव घिमिरेका कवित्वको सफलतामा उनी भित्रका परिष्कारचेतको पनि ठूलो हात रहेको देखिन्छ । काव्ययात्रागत हिसाबले पूर्वार्धका प्रथम चरण १९९२ देखि २००४ सम्मको मध्यावधि अर्थात् १९९७ सालमा 'विवाह' कवितादेखि माधव घिमिरेमा परिष्कार चेतना आभासित हुन थालेको अनुभव गर्न सकिन्छ र त्यो परिष्कार चेस्टा बिस्तारै 'भाषानुवाद परिषदको अभिनन्दन' (२०००), 'विजयी गोर्खालीको प्रत्यागमन'( २००२), 'अप्सरा'(२००३), 'राष्ट्रिय झण्डा' र 'झरीको साँझ'(२००४) सम्म आइपुग्दा निकै स्पष्ट भइसक्न लागेको देखिन्छ । २००९ सालदेखि कवि घिमिरेको परिष्कार एकातिर अझ प्रबल बनेर अर्को खुड्किलो लागेको र यसतर्फ कवि घिमिरे क्रियाशील हुन लागेको देखिन्छ । यसैगरी उत्तरार्धको तृत्तीय चरण २०४१ देखि २०५२ सम्मको अवधिमा प्रस्तुत प्रवृत्ति यथावत क्रियाशील रहनुको साथै अनावश्यक प्रौढतातिर लम्कनुभन्दा सरल, सहज, कोमलता प्राप्त गर्नतिर बढी

केन्द्रित हुन थालेको देख्न सकिन्छ । यस भनाइको परिपुष्टिका निम्ति विभिन्न लोकलयात्मक गीतिनाटकहरूलाई अघि सार्न सकिन्छ । **गौँथली र गजधम्मे** (२०४५), **इन्द्रकुमारी** ( २०५१), **शकुन्तला** र **अश्वत्थामा** (२०५३) को परिष्कारशीलतामा सदैव युक्तस्तर कायम रहेको दखिन्छ र **हिमालपारी हिमालवारी** (२०५४) र **हिमकमल** (२०५६) ले पनि यो स्तर कायमै राखेका छन् ।

### ३.१.१३ मानवतावाद

स्वच्छन्दतावादी घिमिरे जीवनवादी, सौन्दर्यवादी एवम् मानवतावादी कवि हुन् । उनले पापिनीआमा, राजेश्वरीजस्ता खण्डकाव्य र विभिन्न फुटकर कवितामा मानवतावादी स्वर प्रतिध्वनित गराएका छन् । मानवीय मर्म र वेदनाको मापन उनको काव्यगत मूल स्वर हो । उनका कविताकाव्यमा मानवजीवनका कुण्ठ, नैराश्य, घृणाजस्ता हीनतम प्रवृत्तिबाट माथि उठेर जिजीविषाका साथै मानवतावादी महान् विचार अभिव्यक्त भएको पाइन्छ ।

घिमिरेको **पापिनी आमा** खण्डकाव्यमा अवैध गर्भधारण गरेकी बाइस बर्षे विधवा आफ्नो शिशुको जीवन रक्षाको लागि सामाजिक मर्यादाबाटमाथि उठेर कुर्लनु मानवतावादको आवाज हो । नैतिक बन्धनको कुनै पर्वाह नगरी विधवा समाजसँग विद्रोह गर्दछे र उसको मातृत्वशक्तिले विजय पाउनु मानवतावादी, जीवनवादी एवम् मातृत्वशक्तिको महानता घिमिरेले यसरी व्यक्त गरेका छन् :

ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पीपल
सिर्जना शक्ति संसारमा कैल्यै हुँदैन विफल ।

**राजेश्वरी** खण्डकाव्यको १९ छालमा रानी राजेश्वरी चितामा चढ्न लाग्दा एक कलाकार पात्रको माध्यमबाट रानीलाई हेलम्बूमै जान देऊ, चितामा नजलाऊ भन्दै घिमिरेले मानवतावादी विचारलाई प्रस्तुत गरेका छन् ।

### ३.१.१४ सङ्क्षिप्तता

राष्ट्रकवि माधव घिमिरेका कविताकाव्यमा सूत्रात्मक एवम् सङ्क्षिप्त अभिव्यक्ति पाइन्छ । घिमिरेले सानो र सरल कृतिमा पूर्ण संसार अटाइदिन्छन् । उनले थोरै शब्दमा धरै विषय र भाव व्यक्त गर्दछन् । अर्थात् घिमिरेले काव्यमा व्याख्यात्मक होइन सूत्रात्मक अभिव्यक्ति दिन चाहन्छन् । घिमिरेका काव्यले ओगटेको संसार सानो हुन्छ तर त्यो सुन्दर र आफैमा पूर्ण हुन्छ । उनी आफ्नो सानो सरल एवम् शकल कृतिमा स्वस्थ्य आकार दिन र पूर्णता प्रदान गर्न सक्षम

देखिन्छन् । घिमिरेको **कालीगण्डकी** कवितामा आफ्नै काव्य मान्यताको आत्मस्वीकृति यसप्रकार छ :-

मेरो शिल्पी यस शकलमा स्वस्थ आकार देऊ
यौटा सानो सरल कृतिमा पूर्ण संसार देऊ ।

यिनले एउटा सानो टुक्रे कृतिमा पूर्ण संसार अटाएर लेख्छन् । अर्थात घिमिरेको कृति सानो हुन्छ तर आफैमा पूर्ण हुन्छ । घिमिरेका समस्त कविताकाव्यका आकार, आयाम र संरचना सङ्क्षिप्त हुन्छन् ।

## ३.२ निष्कर्ष

उपर्युक्त मूलभूत काव्यप्रवृत्तिबाहेक कवि घिमिरेका गौण काव्यप्रवृत्तिका रूपमा चिन्तनशीलता र समाजिक चेतनालाई पनि लिन सकिन्छ । चिन्तनशीलतालाई कवि घिमिरेको गौण काव्यप्रवृत्तिका रूपमा लिँदा पनि अनुपयुक्त हुँदैन । घिमिरेका चिन्तनतत्त्व उनका काव्ययात्राका पूर्वार्धका प्रथम र द्वितीय चरणमा पनि केही न केही झलाकझुलुक झल्किरहेकै पाइन्थ्यो र उत्तरार्धका प्रथम चरणमा त यो निकै नै फस्टाएको अनुभव गर्न सकिन्छ । त्यति उल्लेख्य नभएर दुर्बल-दुर्बलै स्वरूपको गौण प्रवृत्ति मात्र रहेको भान हुन आउँछ ।

वर्तमानप्रतिको विद्रोह पनि कवि घिमिरेको काव्यप्रवृत्ति हो । वर्तमानप्रति विद्रोह गरी अतीतका आदर्शतर्फ फर्किएर तिनै आदर्शमा सन्तुष्ट रहने भावना कवि घिमिरेमा पाइन्छ । यिनमा पाइने विद्रोह नै सामाजिक विद्रोह हो । वर्तमान समाजको रीति र खराब संस्कृतिप्रति विद्रोह गर्ने भावना यिनमा पाइन्छ । महाकवि देवकोटामा झैँ उग्र विद्रोही स्वर नपाइए तापनि घिमिरेमा सामाजिक मन्द र स्थिर विद्रोह भने रहेको छ ।

# परिच्छेद चार
# माधव घिमिरेका देशभक्तिपरक कविताकाव्यको विवेचना

## ४.१ माधव घिमिरेको कवित्वको अध्ययन

माधव घिमिरे १९९२ मा '**ज्ञानपुष्प**' शीर्षकको फुटकर कविताको माध्यमबाट साहित्यिक जगतमा देखापरेका हुन् । कविता लेखनको आरम्भमा लेखनाथ पौड्यालको प्रभाव बढी देखापर्ने घिमिरेका त्यसै साल **गोरखापत्र** मा नौवटा फुटकर कविताहरू पनि प्रकाशित भएका छन् ।[1] पुस्तकाकार रूपमा यिनका **नवमञ्जरी** (१९९४) र **चैत-वैशाख** (२०६०) कवितासङ्ग्रहहरू प्रकाशित भएका छन् । यिनका कवित्त्वको अध्ययन गर्नुपूर्व कविताको सैद्धान्तिक स्वरूप एवम् उपविधाको सम्बन्धमा चर्चा गर्न आवश्यक देखिएकाले सङ्क्षिप्तमा तल प्रस्तुत गरिएको छ ।

### ४.१.१ कविताको सैद्धान्तिक परिचय

कविता साहित्यको प्राचीन विधा हो । कविता शब्दको व्युत्पत्ति कवि शब्दमा 'त' (तल्) र 'आ' (टाप) को संयोजनबाट भएको हो ।[2] पूर्वीय साहित्यमा काव्य,कविता र कवि परम्पर सम्बद्ध छन् । कवितालाई कविको कर्म वा सिर्जनाको रूपमा लिइन्छ । पूर्वीय साहित्यका कवितालाई काव्यको समानार्थीका रूपमा लिने गरेको पाइन्छ ।

पश्चिमी साहित्यका कवितालाई 'पोएट्री' भनिन्छ । यो शब्दको व्युत्पत्ति 'पोएट' शब्दबाट भएको हो । ल्याटिनमा 'पोएटा', ग्रिकमा 'पोएटेस' भनिने 'पोएट' शब्दले कवि भन्ने अर्थ दिन्छ । पाश्चात्य जगतमा 'पोएट्री'लाई 'पोएम' भनिन्छ । 'पोएम' शब्दले पनि कविद्वारा सिर्जित पद्यात्मक रचना वा कविको कर्म भन्ने अर्थ दिन्छ । 'पोएम'ले रचनाकारलाई तथा 'पोएट्री/पोएम'ले रचनालाई बुझाउने हुँदा 'पोएट', पोएट्री, 'पोएम' बीच अन्योन्याश्रित सम्बन्ध देखिन्छ । यसरी पूर्वीय साहित्यको कवि र पाश्चात्य साहित्यको 'पोएट' तथा पूर्वीय साहित्यको कविता/काव्य र पश्चिमी साहित्यको 'पोएट्री', 'पोएम' शब्दले समान अर्थ दिएको पाइन्छ ।[3] साहित्यका प्रमुख चार विधाहरू कविता, आख्यान, नाटक र निबन्धमध्ये कविता प्रमुख र सर्वप्राचीन विधा हो । पूर्वीय र पश्चात्य दुबै क्षेत्रका विद्वान्हरूले कवितालाई विभिन्न कोणबाट आ-आफ्नै शैलीमा परिभाषित गरेका छन् । पूर्वीय संस्कृत साहित्यमा स्पष्टतः कविता नै भनेर विद्वान्हरूबाट परिभाषित

---

[1] बालकृण पाखरेल र अन्य (सम्पा.) **नेपाली वृहत शब्दकोश**, (काठमाडौँ : ने.रा.प्र.प्र.२०४०), पृ.१२४५ ।
[2] शिवराम वामन आप्टे, **संस्कृत हिन्दी कोष**, (वाराणसी : मोतिलाल वनारसीदास, ई.१९९६), पृ.२९० ।
[3] नरेन्द्र (सम्पा.) **भारतीय काव्यशास्त्रको परम्परा, काव्यलङ्कार** १/१६, (दिल्ली : नेश्नल पब्लिसिङ हाउस), पृ.२०१३ ।

गरिएको पाईदैन तसर्थ काव्य वा साहित्यकै सन्दर्भबाट कविताको परिभाषा बोध गर्नुपर्ने हुन्छ । पूर्वीय संस्कृत साहित्य, पाश्चात्य साहित्य र नेपाली साहित्यमा विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका कवितासम्बन्धी धारणा र परिभाषालाई यसरी प्रस्तुत गरिएको छ ।

संस्कृत साहित्यमा आचार्य भामहका अनुसार,"शब्दार्थौ सहितौ काव्यम्"[४] अर्थात "शब्द र अर्थको सहभाव काव्य अथवा कविता हो ।"

पाश्चात्य चिन्तक एरिस्टोटलका अनुसार "कविता भाषाका माध्यमबाट अभिव्यक्त हुने अनुकरणात्मक कला हो।"[५]

"कविद्वारा आफ्ना सम्वेग अनुभूति वा स्फूर्त भावानालाई छन्द वा लयमा उनेर प्रस्तुत गरिएको पद्यात्मक वा गद्यात्मक रचना कविता हो ।"[६]

"भावनाको हार्दिक कोमलता नै कविता हो ।"[७]

"भावनाको बौद्धिक कोमलता नै कविता हो ।"[८]

माथि प्रस्तुत भएका पूर्वीय संस्कृत, पाश्चात्य साहित्य र नेपाली साहित्यका विद्वान्हरूले दिएका परिभाषाहरूका अध्ययन र विश्लेषणबाट भाव, विचार वा घटनाको विशिष्ट भाषिक संरचना भएको, बौद्धिक, हार्दिक, कोमल कल्पना, अनुभूति र विचार यक्त एको जीवन र जगतको कलात्मक अभिव्यक्ति, शब्द र अर्थको उचित संयोजनमा संरचित लयात्मक भाषिक सङ्कथन नै कविता हो ।[९]

### ४.१.२ कविताका तत्त्वहरू

साहित्यका विभिन्न विधाहरू हुन्छन् । सबै विधाहरूका आ-आफ्नै तत्त्वहरू हुन्छन् । त्यस्तै कविता विधाका पनि आफ्नै तत्त्वहरू छन् । पूर्वीय आचार्यहरूले काव्यका तत्त्वलाई रस, शब्दार्थ, सौन्दर्य, रीति, ध्वनि आदिका रूपमा हेरेका छन् ।[१०] कवितामा समावेश भएका कल्पना, भाव, ध्वनि, रस र दर्शनजस्ता कुराहरू आन्तरिक तत्त्वभित्र पर्दछन् भने रीति, गुण, अलङ्कार एवम् औचित्य आदि कुराहरू कविताका बाह्य तत्त्व अन्तर्गत पर्दछन् । यी तत्त्वलाई शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, केन्द्रीय कथ्य, अलङ्कारजस्ता पक्षहरूमा छुट्याउन

---

[४] ऐजन् ।

[५] ईश्वरीप्रसाद गैरे, कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ३३२ ।

[६] बालकृष्ण पोखरेल, **नेपाली बृहत शब्दकोष** (काठमाडौँ : ने.रा.प्र.प्र.२०६०), पृ.२०३ ।

[७] लक्ष्मीप्रसद देवकोटा 'वक्तव्य' **नेपाली शाकुन्तल**, (छैठौ संस्क., ललितपुर : सा.प्र.,२०६१ ।

[८] बालकृष्ण सम 'मेरो भन्नु नै' **आगो र पानी** (दोस्रो.संस्क.), (काठमाडौँ : सा.प्र., २०३९), पृ.४५ ।

[९] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत्, पृ.१७ ।

[१०] टङ्कप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा**, (दोस्रो.संस्क.), (काठमाडौँ : सा.प्र., २०३९), पृ.४५ ।

सकिन्छ । यी तत्त्वहरूले नै कविताका लघुरूपदेखि बृहतरूपसम्मका कवितालाई समेटेका हुन्छन् । यहाँ तिनै तत्त्वहरूको सङ्क्षिप्त चर्चा गरिएको छ -

### ४.१.२.१ शीर्षकीकरण

कविताका विभिन्न तत्त्वहरूमध्ये शीर्षक महत्त्वपूर्ण तत्त्व हो । शीर्षकले कविताको सार वा चुरो पहिल्याउँछ । शीर्षक अभिधा, लक्षणा र व्यञ्जना विभिन्न किसिमका हुन्छन् । "शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक, सङ्केत वा उद्घाटक समेत हुनुपर्ने हो ।"[११] कविताको शीर्षकले अभिधात्मक वा प्रतीकात्मक दुबै वा कुनै एकलाई लिएको हुनुपर्छ ।

### ४.१.२.२ संरचना

संरचना भन्नाले कविताको बनोटको अवस्था हो । प्राचीनकालीन काव्यरचनामा रस, छन्द, अलङ्कार, सर्ग ढाँचालाई काव्यको संरचना मानिए पनि आधुनिक कवितामा सर्ग, अनुच्छेद, परिच्छेद, पाउ, हरफ आदिलाई मानिने गरिन्छ ।[१२] कवितामा बाह्य र आन्तरिक गरी दुई प्रकारका संरचना हुन्छन् । यी मध्ये बाह्य संरचनामा हरफ सर्ग वा पाउ पर्दछन् भने आन्तरिक संरचना अन्तर्गत कथनपद्धति, भाव विधान, छन्द, आदि पर्दछन् । त्यसैले यो कविताको महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो । संरचना कविताको स्वतन्त्र एकाइ भएकोले स्वतन्त्र अस्तित्व भएको कविता पनि स्वतन्त्र विधा हो । व्यक्तिपिच्छे संरचनाको विविधता भए तापनि संरचनाको अभावमा कुनै पनि रचना तयार गर्न नसकिने हुनाले यो कविताको प्रमुख अङ्गका रूपमा देखापर्छ ।

### ४.१.२.३ विषयवस्तु

कवितामा विभिन्न तत्त्वअन्तर्गत विषयवस्तु पनि पर्दछ । विषयवस्तुको क्षेत्र विस्तृत र व्यापक हुन्छ । कवितामा मानवीय समाज, संस्कृति, पुराकथा, इतिहास, दर्शन र ज्ञानविज्ञान आदिका साथै मानवमनको समस्त अनुभव व्यापारको कथन यसमा हुन सक्दछ ।[१३] कविले आफ्नो रूचिअनुसार स्वतन्त्र रूपमा आफूले देखे, भोगेका, खेपेका, दुःख, स्वभाव, कुण्ठा, आशा, निराशा, धर्म, संस्कृति, दर्शन, प्रकृति आदि कुनै पनि विषयलाई कविताको विषय बनाउन सक्छ । उसले

---

[११] बासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत्, पृ.१७ ।

[१२] गणेशप्रसाद भट्टराई, कुलचन्द्र कोईराला : दृष्टिकोण एवम् विश्लोषण, (कुलचन्द्र स्मृति प्रतिष्ठान, २०५०), पृ. ६३ ।

[१३] बासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत्, पृ.१७ ।

यथार्थ वा काल्पनिक जुनसुकै विषयलाई पनि आत्मसात् गरी कविता सिर्जना गर्न सक्दछ । स्वतन्त्र छनोटबाट प्राप्त विषयवस्तुलाई कलात्मकताका माध्यमद्वारा नै उत्कृष्ट कविता रचना हुन्छ । त्यसैले विषयवस्तुको चयनमा सचेतता अँगालिनुपर्दछ । अनि मात्रै कविता सुन्दर बन्न पुग्दछ । कविले कविता रचनाको लागि चयन गरेको वस्तु नै कविताको विषयवस्तु हो । जीवन जगतको यावत वस्तु, प्रकृति, मानव स्वभाव, धर्म, संस्कृति, देश, समाज, राजनीति, जीवनका अनुभूति, भोगाइ आदि अनेक पक्ष कविताका विषय हुन सक्छन् । कविताका विषयवस्तुको प्रस्तुति कलापूर्ण, आकर्षक, उपयुक्त, सशक्त र जीवन्त हुनुपर्छ ।

### ४.१.२.४ लयविधान

एक वस्तु अर्को वस्तुमा चिन्न र छुट्याउन सकिने किसिमले मिलेको अवस्थालाई लय भनिन्छ ।[१४] साहित्यका अन्य विधाबाट फरक हुने यो तत्त्व कविताको महत्त्वपूर्ण तत्त्व हो । कविता अन्य विधाभन्दा फरक हुनुको कारण नै लय हो ।"यो लयविधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुबैमा भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र कविताकृतिका चरण/पाउ वा पङ्क्ति/हरफको गतिक्रम र यतिविधानबाट थालिन्छ"।[१५] लयले भाषिक उच्चारण अवस्थामा वर्गगत आरोह, अवरोह वा स्वरताललाई सङ्गीत दिएर श्रुतिमोहक बनाउँदछ । पद वा पदावली अन्तर्गतका सम्पन्न ध्वनि भएका स्वर व्यञ्जन वर्णहरूको आवृत्तिबाट निस्कने अनुप्रासले पनि लयको सिर्जना गर्दछ । यो कविताका हरफहरूमा आदि, मध्य र अन्त्यमध्ये कुनै एक ठाउँमा वा एकै पटक धेरै ठाउँमा पनि आउन सक्छ । त्यसैले लय कविताको अनिवार्य तत्त्व हो ।

### ४.१.२.५ भाषाशैली

भाव प्रकाशनका लागि गरिने अभिव्यक्ति कौशल नै भाषाशैली हो । यसले कवितालाई लयात्मक बनाउँदछ । उपलब्ध भाषिक विकल्पहरूमध्येबाट सबैभन्दा बढी ललित रागात्मक अनि व्यञ्जन र लयात्मक हुनसक्ने गरी भाषाको छनोट गरी लेखिएको कविता बढी मिठास एवम् स्मरणीय हुन्छ ।[१६] ललित रागात्मक व्यञ्जक र लयात्मक हुने वर्ण, पद, पदावली, वाक्य र अनुच्छेदविधान सिर्जना गर्नुलाई नै रचनाकारको विशिष्ट भाषाशैली भनिन्छ । शैली व्यक्तिपिच्छे फरक-फरक हुन्छ । "सरल, आलङ्कारिक, नाटकीय, वर्णात्मक आदि शैली कवितामा प्रयुक्त हुन्छ

---

[१४] बालकृष्ण पोखरेल र अन्य (सम्पा.), **नेपाली वृहत शब्दकोश**, (काठमाडौँ : ने.रा.प्र.प्र., २०४०), पृ.१९६८ ।
[१५] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत्, पृ.१८ ।
[१६] पूर्ववत्, पृ.१८ ।

।"[१७] जनमानसमा बोलिने कच्चा भाषालाई साहित्यकारले परिष्कार र परिमार्जन गरी विशिष्ट बनाउँदछ । भाषा पद्य कवितामा छन्द संरचनालाई वहन गर्न सक्ने हुनुपर्छ भने गद्य कवितामा अन्तर्लयलाई थेग्न सक्ने हुनुपर्छ । कविताको भाषाले भाव, लय, अलङ्कार, बिम्ब, प्रतीक, व्यञ्जना र ध्वन्यात्मक अर्थ समेतलाई उचित तरिकाले प्रकट र प्रस्तुत गर्न सक्ने हुनुपर्छ । विशिष्टीकृत संरचनात्मक शैलीमा कविताले उच्च कलात्मक मूल्य ग्रहण गर्न पुग्दछ । सङ्क्षिप्त, विस्तारित, सङ्केतात्मक, सूच्यात्मक, उपदेशात्मक, निर्देशात्मक र यथार्थपरक शैलीमा शास्वत अनुभूतिमय बनाएर कवितालाई प्रस्तुत गर्न सकिन्छ । कविताको भाषाशैली गद्यात्मक र पद्यात्मक दुबै हुनसक्छ ।

### ४.१.२.६ भावविधान

विचारको अभिव्यक्ति साहित्यमा हुन्छ । पूर्वीय साहित्यमा भावको अस्तित्वलाई स्विकारिएको पाइन्छ । मानव जीवनको यावत् आरोह-अवरोहलाई समेटेर कविताको निर्माण गरिन्छ । प्रत्येक विषयमा भावको अस्तित्व रहने हुनाले कवितामा पनि यो रहन्छ नै । "आख्यानीकृत जुन रूपमा जीवनजगत्को कथन गरिए पनि त्यसको चुरो स्वरूप केन्द्रीय कथ्य चाहिँ भाव नै हो ।"[१८] भावविधानका दृष्टिले कविताका लघु, लघुत्तम बृहत र आर्षमहाकाव्यसम्म क्रमशः विस्तार हुँदै जान्छ ।

जसरी शरीरको केन्द्रीय भाग मुटु हुन्छ, ठीक त्यसरी नै कविताको मुटुको रूपमा भावलाई लिन सकिन्छ । भावले नै भावकमा रसानुभूति गराउने हुँदा कविताको एक महत्त्वपूर्ण अङ्गको रूपमा भावविधानलाई लिन सकिन्छ । मानवीय जीवनजगत्का यावत विषयवस्तुको गुढ, गहन र गम्भीर कलात्मक भाव सिर्जना गर्न सक्नुमा नै कविताको उपयुक्त भावविधान रहेको मान्न सकिन्छ ।

### ४.१.२.७ कथनपद्धति

कथनपद्धति कविताको महत्त्वपूर्ण तत्त्व हो । कथनपद्धतिको माध्यमबाट कविताको भाव प्रकट भएको हुन्छ । कविले आख्यानीकृत वा नाटकीकृत जुनरूपमा जीवन र जगत्को वर्णन गरे पनि त्यसको केन्द्रीय तत्त्व भाव नै रहेको हुन्छ । कवितामा कविले जुनसुकै अवस्थाको अभिव्यक्ति

---

[१७] गणेशप्रसाद भट्टराई, पूर्ववत्, पृ.१७ ।
[१८] पूर्ववत् ।

दिए पनि पाठकलाई प्राप्त हुने मूल वस्तु भाव नै हो । यो भाव कवितामा कविले कहीँ कविप्रौढोक्ति ढाँचामा र कहीँ कविनिबद्ध-वक्तृप्रौढोक्ति र कहीँ दुबै ढाँचाको दोहोरो

कथनपद्धतिगत ढाँचामा प्रकट गर्दछन् । कविले कवितामा आफू कुन स्थानमा रहेर आफ्नो भनाई प्रस्तुत गर्दछ त्यसै आधारमा कथनपद्धति निर्धारित हुन्छ । कविको सोझो कथन कवि प्रौढोक्ति हो भने कथ्यलाई आख्यानमा सजाएर आख्यानका माध्यमबाट गरिएको कथन आख्यानीकृत कथन र आख्यानीकृत कथनभित्र दृश्यचित्र, सम्वाद, मनोवादपद्धति संयोजन गरिएको कथन नाटकीकृत कथनपद्धति हो । कथन पद्धतिलाई दृष्टिविन्दु पनि भनिन्छ । कविले म, हामी सर्वनाम प्रयोग गरेर वा आत्मालापको रूपमा प्रस्तुत गर्दा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दु हुन्छ । कविको सोझो कथन कविप्रौढोक्ति हो भने द्वितीय वा तृतीय पुरुषबाट गरिने कथन कविनिबद्ध प्रौढोक्ति हो ।

### ४.१.२.८ बिम्ब, प्रतीक र अलङ्कार

"सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई समूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो" ।[१९] जीवन जगत्को व्यापक क्षेत्रबाट सङ्कलित गरिएका सामाग्रीहरू नै बिम्ब हुन् । व्यापक अर्थमा भाषामा प्रयुक्त शब्द बिम्बात्मक हुन्छन् । बिम्बले कवितालाई सुन्दर बनाउनुका साथै अर्थलाई व्यञ्जनाधर्मी तुल्याउँछ । बिम्बले कवितामा साङ्गीतिक व्यतिरेक, द्वन्द्व व्यङ्ग्य, लक्ष्यार्थ तथा व्यङ्ग्यार्थ देखाउने काम गर्दछन् । बिम्ब कलात्मक र सौन्दर्य हुनाका साथै यसले कवितामा ओज थप्ने काम गर्दछ । संवेदनात्मक, प्रतीकात्मक, यौन, छाँयात्मक, लोक, मिथकीय, पौराणिक, वैदिक, तान्त्रिक, ब्रह्माण्ड, आद्भूतिक, प्राकृतिक, ऐतिहासिक, स्मृति, शिशु, घनात्मक, ग्राम्य, सांस्कृतिक एवम् आलङ्कारिक आदि बिम्बका प्रकार हुन् ।[२०] बिम्बका साथै प्रतीक दुबै कविताका अनिवार्य तत्त्वको रूपमा रहेका हुन्छन् ।

अलङ्कारलाई कविताको बाहिरी रूप मानिन्छ । कवितामा सरसता, रोचकता प्रदान गर्न यसको ठूलो भूमिका रहेको हुन्छ । शब्द-शब्दमा आउने समवृत वा विषयवृत्तबाट आद्य, मध्य र अन्त्यानुप्रास एवम् यमक, श्लेष, छेकानुप्रास जस्ता शब्दालङ्कार कविले कवितामा जुनसुकै ठाँउमा पनि प्रयोग गरेको हुन्छ । अर्थालङ्कारमा भने व्यञ्जनाको स्वरमा मात्र अर्थ ध्वनित् हुने गर्दछ । अर्थालङ्कार कविताको अनुच्छेद वा समग्र कवितामार्फत् मात्र अर्थिने गर्दछ । अलङ्कार कथ्य विषयलाई कलात्मक र भाव सम्वेद्य गराउन कवितामा प्रयोग हुने हुनाले यसलाई पनि अनिवार्य

[१९] बासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत्, पृ.२० ।
[२०] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, (ललितपुर : सा.प्र.,२०६०), पृ. १ ।

तत्त्वको रूपमा स्वीकारिदै आएको पाइन्छ ।[२१] कवितामा सौन्दर्य विधानका लागि अनेक प्रयोग, प्रकिया र प्रावधानहरू प्रयुक्त हुन्छन्। आभूषण र अलङ्कारले कामिनीका अङ्ग प्रत्यङ्ग सजाएर सुन्दर बनाए झैँ कवितामा अङ्ग प्रत्यङ्ग शब्द, अर्थ, भाव, रूप, स्वरूप सबैलाई अलङ्कृत गर्न सक्नुमा नै कविताको सुन्दरता निहित हुन्छ । कवितामा अलङ्करणका निम्ति अलङ्कार, बिम्ब, प्रतीक जस्ता तत्त्वहरू अनिवार्य हुन्छन् । अलङ्करणमा शब्दालङ्कार र अर्थालङ्कारले भाव र अर्थ दुबै तहमा विशेष सौन्दर्य प्रदान गर्छन् सङ्गति, प्रश्न, संशय, तर्क, द्वन्द्व, विरोधाभाष, प्रशंसा, व्यङ्ग्य आदि सन्दर्भमा बिम्ब प्रयोगले उजिल्याउँछ भने शाब्दिक र आर्थिक तहमा अलङ्करणले सौन्दर्य सिर्जना गर्दछ र प्रतीकले विशिष्ट अर्थ प्रतिपादन गरी कवितालाई उच्च तुल्याउँछ । सम्प्रेषण गर्न सक्नुमा यसको सफलता रहन्छ । उच्च बौद्धिक पाठकलाई आनन्दित क्षणमा पुगेर हराउन सक्नुमा नै कविताको सार्थक उद्देश्य रहन्छ ।

### ४.१.३ नेपाली कविताको विकासक्रम र आधुनिक कालको सापेक्षतामा माधव घिमिरे

नेपाली कविता परम्पराको पूर्वपीठीकाका रूपमा श्रुतिपरम्परा र लोकसाहित्यलाई नै आधार मान्नुपर्ने हुन्छ । श्रुतिपरम्परा अज्ञात गीत, गाथा र कविताहरूमा नै हाम्रो वाङ्मयको आदिस्रोत रहेको पाइन्छ । नेपाली भाषाको यो काव्य अभिव्यक्ति जनश्रुति, शिलालेख, विभिन्न ताम्रपत्र, कनकपत्र, ग्रन्थ आदि हुँदै बिकसित भएर नेपाल एकीकरणपश्चात् लेख्य रूपमा विकसित भएको पाइन्छ । नेपाली साहित्यको इतिहासको खोजी गर्ने क्रममा प्राप्त आधिकारिक जेठो कविता सुवानन्ददासद्वारा रचित **पृथ्वीनारायण** (१९३०-३१) हो ।[२२] कवितायात्राको क्रममा देखिएका उतार चढावलाई दृष्टिगत गरी विभिन्न विद्वान् समीक्षकहरूले कवि यात्राको क्रमलाई बिभिन्न दृष्टिकोणबाट बिभाजन गरेका छन् । यसैक्रममा कसैले राजनैतिक घटनाक्रम र कसैले व्यक्तित्वलाई आधार बनाएर मूल्याङ्कन गरेको देखिन्छ । नेपाली कविताविधाको कालविभाजनमा विद्वान समीक्षकहरूबीच मत-मतान्तर भएपनि पाठ्यक्रमका आधारमा कविताको त्रिखण्डी कालविभाजन यसरी गरिएको छ -

१. प्राथमिक काल : १८२६ देखि १९४० सम्म,
२. माध्यमिक काल : १९४१ देखि १९७४ सम्म,
३. आधुनिक काल : १९७५ देखि वर्तमानसम्म ।

---

[२१] पूर्ववत्, पृ.२०-२८ ।
[२२] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, (ललितपुर : सा.प्र., २०५६), पृ.२८-२९ ।

### ४.१.३.१ प्राथमिक काल (१८२६-१९४०)

सुवानन्ददासको **पृथ्वीनारायण** शीर्षकको कविताबाट प्रारम्भ भएर मोतीराम भट्टको उदय हुनुपूर्वको समयावधिलाई प्राथमिक काल भनिन्छ । यस काललाई पूर्वार्ध वीरकाल (१८२६-१८७२) र उत्तरार्ध भक्तिकाल (१८७३-१९४०) गरी दुई भागमा विभाजन गरिएको छ । पृथ्वीनारायण शाहको एकीकरण अभियान र राज्य बिस्तारका अभिनयद्वारा उत्प्रेरित वीर योद्धाहरूको साहस, शौर्य, बलिदान र त्यागको फलस्वरूप युगीन परिस्थिति अनुरूप कविताद्वारा वीरप्रशंसा, स्तुतिगायन गर्ने कविहरूलाई वीर धाराका कविको संज्ञा दिइएको छ । यस कालका प्रमुख कविहरूमा सुवानन्ददास, शक्तिबल्लभ अर्याल, उदयानन्द अर्याल, सुन्दरानन्द बाँडा, राधावल्लभ अर्याल आदि हुन् ।

१८७३ देखि १९४० सम्मको अवधिलाई प्राथमिककालको उत्तरार्द्धको रूपमा लिन सकिन्छ । १८७२ को नेपाल-अङ्ग्रेज युद्ध सुगौली सन्धिसगै वीरधारा समाप्त हुन्छ भने अर्को तिर धेरै भूभाग गुमाएर नेपालीहरूमा ठूलो आघात पर्दछ । फलत : वीरतापूर्ण चेतनामा नैराश्यको बादल देखापर्छ । सुगौली सन्धि, कोतपर्व, भण्डारखालपर्व जस्ता घटनालाई भोगेको र देखेको नेपाली मानसिकतामा वीरताको जागरण सेलाउँदै बिस्तारै भक्ति भावनाको स्थान लिन थाल्दछ । भक्ति धाराको उदय राजनैतिक कारणबाट नै भएको पाइन्छ । भक्तिकालमा सगुण धाराअन्तर्गत रामभक्ति, कृष्णभक्ति तथा निर्गुण धारा गरी तीन उपधाराहरू देखापर्दछन् । पौराणिक परम्परामा स्थापित कृष्णको सगुण रूपप्रतिको आस्था र भगवानप्रतिको भक्तिभावना प्रकट गरी कृष्णको असाधारण रूप एवम् चरित्रको वर्णन यस धाराका कविहरूले आफ्ना काव्यमार्फत गरेका छन् । कृष्णभक्तिधारामा इन्दिरस, विद्यारण्यकेशरी अर्याल, बसन्त शर्मा र यदुनाथ पोखरेल आदि उल्लेख्य छन् । रामभक्ति धारामा रामको आदर्शमय जीवनगाथा पढेर वा लेखेर जीवन सार्थक बनाउने अभिप्रायले यस धाराका कविहरूले रामको पराक्रम, शौर्य एवम् उदारतालाई आफ्ना रचनाको विषयवस्तु बनाएका छन् । रघुनाथ पोखऱ्याल र भानुभक्त आचार्य यस धाराका प्रमुख कविहरू हुन् । निर्गण धारामा ईश्वरको निराकार रूपलाई विषयवस्तुका रूपमा लिई कलम चलाउने प्रमुख कविहरू शशीधर र ज्ञानदिलदास आदि पर्दछन् ।

प्राथमिक काल कविता लेखनको प्रारम्भिक प्रयास भएकोले शासक स्तुति, वीरवन्दना, राष्ट्रभक्ति र देशप्रेमको भावना एवम् वीर रसको प्रवलता वीर धाराका कवितामा पाउन सकिन्छ । ईश्वरको साकार तथा निराकार रूपको चित्रण, भक्तिरस, दार्शनिकता तथा आध्यामिकता आदि विशेषताहरू भक्ति धाराका कवितामा पाउन सकिन्छ । समग्रमा हेर्दा संस्कृत साहित्यलाई उपजीव्य मान्दै अनुवाद लेखन आत्मसाथ गरिएको र हिन्दी, अवधी, बज्र एवम् मैथली भाषाको

प्रयोग, शास्त्रीय र लोकलयको प्रयोग, विधागत शिल्पसचेतताको कमी यस कालका कविताहरूमा पाइने वैशिष्ट्य हुन् ।

### ४.१.३.२ माध्यमिक काल (१९४१-१९७४)

नेपाली कविताको माध्यमिक काल मोतीराम भट्टको अभ्युदयसँगै प्रारम्भ हुन्छ । लगभग साढे तीन दशक लामो यस अवधिमा नेपाली राजनीतिमा ठूलो हेरफेर आएको देखिन्छ । राणाहरूको निरङ्कुशता र विलासिताले जरो गाडेको परिवेशमा राष्ट्रनिर्माणका आकाङक्षा बिस्तारै सेलाउँदै जानले शासकवर्गसँगै यस कालका कविहरू उनीहरूको चाहना अनुरूप शृङ्गारिक कविताको सिर्जना गर्न पुग्दछन् ।

नेपाली कविताको माध्यमिक कालको शृङ्गारिक धारालाई मोटामोटीमा पूर्वार्द्ध (१९४१-१९६१) र उत्तरार्द्ध (१९६२-१९७४) का रूपमा बाँडन सकिन्छ । प्रकारान्तरले यसलाई पूर्वमाध्यमिक र उत्तरमाध्यमिक कालका रूपमा पनि चिन्न सकिन्छ ।[२३] पूर्वार्द्धका कविहरूले शिष्ट एवम् मर्यादित तवरले श्रृङ्गारिक भावधारामा कविता रचना गर्नुका साथै यसलाई उत्कर्षमा पुऱ्याउने काम गरेको पाइन्छ भने उत्तरार्द्धमा अश्लिल श्रृङ्गारिक भावधाराका कविताहरू देखापर्दछन् । यस अवधिका केन्द्रीय प्रतिभाका रूपमा मोतीराम भट्टको नाम अगाडि आउँछ । उनले नेपाली साहित्यमा गजल विधाको सूत्रपात गर्दै उर्दू शैलीका सायरी पनि लेखेका छन् । यस चरणका प्रतिनिधि कविहरूमा मोतीराम भट्ट, गोपीनाथ लोहनी, लक्ष्मीदत्त पन्त, शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, पहलमानसिंह स्वाँर, चक्रपाणि चालिसे, कृष्णप्रसाद रेग्मी आदि हुन् । यस कालमा शृङ्गारिक धारा मुख्य रूपमा रहन्छ भने गौण धाराका रूपमा भक्तिधारा, नैतिक औपदेशिक धारा, शासकस्तुति धारा, सामाजिक, सांस्कृतिक धारा देखापर्दछन् श्रृङ्गारिक भावधारामा रचना गरिएका यस कालका प्रायः सबै कवितामा नैतिकता, औपदेशिकता, वीरवन्दना, शासकस्तुति, सामाजिक, सांस्कृतिक जागरण, बिम्ब, प्रतीकको प्रयोग, हलन्त तथा अजन्त भाषाको प्रयोग, हिन्दी, उर्दू , संस्कृत र फारसी भाषाको समिश्रण, अनुवाद र रूपान्तरण, सामुहिक लेखनजस्ता वैशिष्ट्यहरू पाइन्छन् भने केही मौलिक खालका कविताहरू पनि देखिन्छन् ।

---

[२३] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत्, पृ.१११ ।

### ४.१.३.३ आधुनिक काल (१९७४ देखि वर्तमानसम्म)

१९७४ मा **सुक्तिसिन्धु**को प्रकाशनसँगै माध्यमिक कालको अन्त्य भई आधुनिक कालमा नेपाली कविता प्रवेश गरेको देखिन्छ । माध्यमिक काल र आधुनिक कालका मध्यमणिका रूपमा लेखनाथ पौड्यालले मुख्य भूमिका निर्वाह गरेका छन् । लेखनाथको अग्रणी भूमिकामा थालिएको परिष्कारवादी धारा आधुनिक नेपाली कविताको केन्द्रीय धारा रहेको छ ।[२४] श्रृङ्गारिक धाराको उत्कर्षपश्चात् लेखनाथ पौड्याल, चक्रपाणि चालिसे, सोमनाथ सिग्देल आदि सर्जकहरूद्वारा व्याकरणसम्मत शिल्पपक्षमाथि सचेतता अपनाउँदै नयाँ काव्यशैली लिएर कवितालेखनको थालनीसगै आधुनिककालको सूत्रपात भएको हो । आधुनिक नेपाली कविता विभिन्न धारा-उपधाराको उतारचढावसँगै अद्यावधि निरन्तर रूपमा विकसित हुँदै आएको छ । विभिन्न साहित्यिक आन्दोलनहरूका नव-नव आयाम र मोडमा उभिने अवसर प्रदान गरेको पाइन्छ । नेपाली कविताको आधुनिक कालमा निम्नानुसारका धाराहरू देखापरेका छन् -

(क) परिष्कारवादी धारा (१९७५-१९९०)
(ख) स्वच्छन्दतावादी धारा ( १९९१-२०१६)
(ग) समसामयिक धारा (२०३० देखि वर्तमान)

### (क) परिष्कारवादी धारा (१९७५-१९९०)

श्रृङगारिक कविता लेखन परम्परामा व्यस्त भोगविलास, आमोद प्रमोदमा रुमल्लिएको काव्यजगत्मा नीतिवादी परिष्कृत कविहरूले नयाँ भावधारायुक्त शास्त्रीय शैलीमा परिष्कारवादी कविताको सिर्जना गर्न पुग्दछन् । फलस्वरूप परिष्कारवादी धाराको उदय हुन पुग्दछ । श्रृङ्गारिक भावधाराबाट कवितामा प्रवेश गरेका लेखनाथ पौड्यालले १९६९ को संयुक्त कवितासङ्ग्रह लालित्यअर्न्तगत कवितापथको धोषणा गरेका हुन् ।[२५] यसरी नेपाली कवितामा परिष्कारवादी धाराको प्रारम्भ लेखनाथ पौड्यालबाट भएको हो । १९७५ बाट शुभारम्भ भएको यो धारा देवकोटाको आगमनसम्म प्रमुख र त्यसपछि गौणरूपमा वर्तमानसम्म प्रवाहित रहेको छ ।

परिष्कारवादी धाराअन्तर्गत कविता रचना गर्ने प्रमुख कविहरूमा लेखनाथ पौड्याल, सोमनाथ सिग्देल, चक्रपाणि चालिसे, धरणीधर कोइराला, महानन्द सापकोटा, बालकृष्ण सम आदि उल्लेख्य छन् । यी कविहरूले विभिन्न शास्त्रीय भावधारामा कवितालाई परिष्कार गर्दै

---

[२४] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत्, पृ.११४ ।
[२५] पूर्ववत्, पृ. ११९ ।

लगेको पाइन्छ । बालकृष्ण समको आगमन भएपछि परिष्कारवादी कवितामा नवीन चेतनाको स्फुरण हुन गई ज्ञान र विज्ञानको द्वन्द्वलाई सन्तुलित रूप दिने कार्य भएको देखिन्छ । यस धाराका प्रतिनिधि कवि लेखनाथ पौड्यालका काव्यहरूमा आफ्नो संस्कृति एवम् मुल्यप्रति आकर्षण र विज्ञानप्रति विकर्षण भाव अभिव्यक्त भएको पाइन्छ । "चोखो मिठो भाषाको प्रयोग, छन्द एवम् अलङ्कारको सौन्दर्यपूर्ण विन्यास तथा नैतिकता, आदर्श सत्चरित्रता आदि विषयवस्तुको सम्यक पालना गरेर यिनले नेपाली काव्यक्षेत्रमा यस धाराको जग मजबुत पारेका छन्"।[२६] सोमनाथ सिग्देलमा प्राच्य मूल्यप्रति मोह देखिन्छ भने धरणीधर कोइराला तथा महानन्द सापकोटामा जातिय गौरव, प्राचीनताप्रति आस्था एवम् नीतिपरकतामाथि निष्ठा भएर पनि आधुनिकताको आवश्यक तत्त्वको कसर देखिन्छ ।

**ख) स्वच्छन्दवादी-प्रगतिवादी धारा (१९९१-२०१६)**

नेपाली कवितामा स्वच्छन्दतावादी धारा लक्ष्मीप्रसाद देवकोटाको उदयसँगै १९९१ म प्रारम्भ भएको हो । देवकोटा र सिद्धिचरण श्रेष्ठका कविताहरूबाट सुरुवात भएको यो धाराले परिष्कारवादी वस्तुपरक अभिव्यञ्जनाप्रणालीको विरोधमा औद्योगिक युगको पराकाष्ठा र सामान्ती युग तथा सहरी सभ्यताप्रति व्यङ्ग्य गर्दै प्राकृतिक एवम् ग्रामीण सभ्यताको पक्षमा वकालत गरेको देखिन्छ । यो धारा पाश्चात्य साहित्यमा प्रारम्भ भई अङ्ग्रेजी र हिन्दी साहित्यका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेको हो ।

गोपालप्रसाद रिमाल, केदारमान व्यथित, युद्धप्रसाद मिश्र, माधवप्रसाद घिमिरे, भूपि शेरचन आदि हुन् । यस धाराको मुख्य समयावधि २०१६ सम्म रहे पनि गौणरूपमा वर्तमानसम्म पनि निरन्तर चलिरहेको छ ।

नेपाली कवितामा स्वच्छन्दतावाद भावुकता, काल्पनिकता, प्रकृतिप्रेम, मानवतावाद, स्थानीय तथा आञ्चलिक चित्रण, सौन्दर्यमूलक भावना, काव्यिक सूक्ष्मता आदि वैशिष्ट्यका साथ देखापरेको छ । नेपालीका कतिपय स्वच्छन्दावादी कविहरूले प्रकृतिको सौम्य पक्षका साथै उग्र पक्षको दिग्दर्शन पनि गरेको पाइन्छ । कतिपय कविहरूमा स्वच्छन्दतावादी विद्रोही स्वभाव क्रान्तिकारितासम्म पुगेको पनि देखिन्छ । परिष्कारवादी नियमका कठोर बन्धनलाई पन्छाएर

[२६] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, **पूर्वीय र पाश्चात्य सिद्धान्त**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१), पृ.२८ ।

देखापरेको स्वच्छन्दतावादी अवधिमा नेपाली साहित्यको प्रचुर विकास भएको हुँदा यस समयावधिलाई नेपाली साहित्यको स्वर्णकाल/स्वर्गयुग भनिन्छ ।[२७]

स्वच्छन्दतावादी धाराअन्तर्गत आध्यात्मवादी भाव र स्वच्छन्दता एवम् सामाजिक यथार्थलाई वरण गर्दै अनि आफ्ना अग्रज देवकोटा, सिद्धिचरण र सम आदिबाट प्रभाव एवम् प्रेरणा ग्रहण गरे ।

२०१७ सालदेखि प्रारम्भ भएको प्रयोगवादी काव्यधाराका जटिलता, दुरूहता दुर्वोध्यता आदि जस्ता वैशिष्टयले गर्दा २०३० मा नयाँ-नयाँ सम्भावना लिएर विभिन्न साहित्यिक आन्दोलन तथा राजनैतिक घटनाक्रमसँगै नयाँ पुस्ताको उदय हुन्छ, फलस्वरूप प्रयोगवादी धाराको अपकर्ष हुन पुग्दछ र समसामयिक भावधारामा कविता प्रवेश गर्न पुग्दछ ।[२८] २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भएपछि साहित्यकारहरूले आफ्ना कुण्ठित अनुभवहरूलाई स्वतस्फूर्त रूपमा कवितामार्फत प्रकटीकरण गर्न थालेका छन् । यस समयावधिमा मोदनाथ शास्त्री, मूरारि पराजुली, गोविन्द भण्डारी, बोधराज पन्त, ऋषिराम भूसाल, बूँद राना, दिल सहानी जगतबहादुर जोशी, हर्षबहादुर बुढामगर, अम्बरध्वज खाती, कालीप्रसाद रिजाल, दैवज्ञराज न्यौपाने, क्षेत्रप्रताप अधिकारी, घनश्याम न्यापाने, बालकृष्ण भट्टराई, लक्ष्मीनाथ अधिकारी आदि प्रतिभाहरू देखिन्छन् ।

### ४.१.४ कविताका उपविधाहरू

साहित्यका प्रमुख चार विधाहरू कविता, आख्यान, नाटक र निबन्धमध्येका प्रमुख विधा कवितालाई विषयवस्तुको आख्यानीकरण र अनुकूलको प्रबन्धका आधारमा मुक्तक (लघुत्तम रूप), फुटकर कविता (लघु रूप), खण्डकाव्य (मझौला रूप), महाकाव्य (वृहत रूप) र विकासशील महाकाव्य (वृहत्तम रूप) जस्ता पाँच उपविधाहरूमा वर्गिकरण गरिएको पाइन्छ ।

#### ४.१.४.१ मुक्तक -(लघुत्तम रूप)

मुक्तक कविताको सबैभन्दा लघुत्तम रूप हो । यो स्वतन्त्र, स्वायत्त, एकल, एकश्लोके पद्यात्मक सबभन्दा सानो कवितात्मक अभिव्यक्तिको रूप हो । संस्कृत साहित्यमा वर्णमात्रिक, मात्रिक, एकश्लोके कविता, जापानीमा हाइकु, नेपालीमा मुक्तक तथा एउटा गजल यसको स्वरूप हो । अनुभूतिका लहरहरू स्वतः प्रकट हुने दुई हरफ, चार हरफ र पाँच, छ हरफमा मुक्तक टुङ्गिन्छ । सङ्क्षिप्त, मितव्ययी, चट्किलो, सूत्रात्मक रूप एवम् भावकथनमा झिलिक्क बिजुली चम्के झैं अनुभूतिको प्रकटीकरण मुक्तकमा गरिन्छ ।

---

[२७] पूर्ववत्, पृ. २९३ ।

[२८] शालिकराम पौड्याल, 'रूपन्देही जिल्लाको कविता सृजनाको परम्परा र विकास', पदचिह्न, (वर्ष १, अङ्क १, २०६३ असार), पृ.११२-११३ ।

#### ४.१.४.२ फुटकर कविता (लघु रूप)

मुक्तकभन्दा ठूलो खण्डकाव्यभन्दा सानो एकाइ फुटकर कविता हो । यो पत्रपत्रिकामा छापिने किसिमको सीमित श्लोकको संरचना रहेको हुन्छ । फुटकर कवितामा जीवन जगतको एक सन्दर्भ, एक प्रसङ्ग र एक मनोदशाको प्रकटीकरण हुन्छ । यस्तो कविता गद्य र पद्य दुबै रूपको हुन सक्छ । लघु रूपको फुटकर कवितामा विषयवस्तुको झरी उठी वर्षिई विश्रान्त हुन पुगेको स्थिति रहन्छ ।

#### ४.१.४.३ खण्डकाव्य (मझौला रूप)

लघुरूप फुटकर कविताभन्दा ठूलो बृहत रूप महाकाव्यभन्दा सानो मझौला रूप खण्डकाव्य हो । खण्डकाव्यमा समग्र जीवनजगतको एकपक्ष, चतुवर्गमध्ये एक वर्ग, नवरसमध्ये एक रसको संयोजन रहन्छ । जीवनजगतको एक भागको आख्यानलाई कवितात्मक रूपमा संयोजन गरी कुशलतापूर्वक प्रस्तुत गर्ने कार्य खण्डकाव्यमा गरिन्छ ।

#### ४.१.४.४ महाकाव्य (बृहत रूप)

समग्र जीवनजगतलाई समेट्ने विषयवस्तु, चर्तुवर्ग फल प्राप्ति, नवैरसको परिपाक प्रयोग सहितको आख्यानीकरण भएको, पञ्च सन्धिको निर्माण गरिएको, आठभन्दा बढी सर्गहरूमा संयोजित सृजनको महानदी नै महाकाव्य हो । महाकाव्यमा सिङ्गो युग, जाति, सभ्यता, संस्कृतिका घटना प्रतिघटनाले आख्यानको स्वरूप धारण गर्दछ । यसमा कविताभित्र आख्यानीकरण नाटकीकरणको प्रयोग गरिएको हुन्छ । महाकाव्यमा स्थूल बस्तुको रसमय, अनुभूतिमय, कवित्वको कलात्मक उत्कृष्ट महानद यात्रा रहन्छ । यो कविताको बृहत रूप हो ।

#### ४.१.४.५ विकासशील महाकाव्य (बृहत्तम रूप)

विकासशील महाकाव्य कविताको बृहत्तम रूप हो । सिङ्गो जातिको जीवनजगतको प्रस्तुति, खण्ड र सर्गहरूको बृहत्तम संरचना,सिङ्गो जातिकै सभ्यता र संस्कृतिमूलक उपाख्यान, अनेक रस, अनेक वर्ग, अनेक पक्षको विषय र विषयान्तर उच्चतर कवितात्मक प्रस्तुति विकासशील महाकाव्यमा रहन्छ । पूर्वीय साहित्यमा एक लाख श्लोक भएको वेदव्यास लिखित ‘महाभारत’ चौबिस हजार श्लोक भएको बाल्मीकि ‘रामायण’ विकासशील महाकाव्य हुन् भने पाश्चात्य साहित्यमा होमरका ‘इलियड’ र ‘ओडेसी’ महाकाव्य हुन् ।

यसरी लेखनाथ पौड्यालको नेतृत्वमा विकसित भएको भाषिक, व्याकरणिक परिष्कारसहितको शास्त्रीय सीमाभित्र कविता लेख्ने परिष्कारवादी साहित्य १९७५ देखि १९९०

सम्म निकै विकसित भयो । १९९१ पछि लक्ष्मीप्रसाद देवकोटाको नेतृत्वमा स्वच्छन्दतावादी प्रगतिवादी धाराको प्रवर्तन भयो । यो धारामा सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल आदिले लेखनलाई अगाडि बढाए । गोपालप्रसाद रिमालले प्रारम्भ गरेको गद्य कविता लेखनलाई भूपि शेरचन लगायतका प्रगतिवादी कविहरूले सशक्तरूपमा अगाडि बढाए । कवि माधव घिमिरे पनि त्यसै धारामा कविता लेखनकार्य गरेका छन् । उनको 'घामपानी' (२०१०), बाला-लहरी (२०२६) र सुनपङ्खी चरी (२०५३) नामक गीतिकवितासङ्ग्रह यिनै प्रवृत्तिहरूलाई अगालेर लेखिएका पाइन्छ । घिमिरेका देशभक्ति कविताका बारेमा बिस्तृत अध्ययन गर्नु पूर्व स्वच्छन्दतावादी प्रगतिवादी धाराका विशेषताहरू उल्लेख गर्न सान्दर्भिक हुने हुँदा यहाँ प्रस्तुत गरिएको छ ।

१. पूर्वीय साहित्यबाट प्रभावित स्वच्छन्दतावादको प्रर्वतन गर्नु,
२. वर्णमात्रिक, मात्रिकछन्द, लोकछन्द एवम् मुक्तलयमा कविता लेख्नु,
३. लयात्मकता र छन्दमा बढी जोड दिनु,
४. व्यङ्ग्य विद्रोह, क्रान्ति, मुक्ति र स्वतन्त्रताको चाहना प्रस्तुत गर्नु,
५. युगीन विकृति, विसङ्गतिप्रति व्यङ्ग्य, असन्तोष, आक्रोश र विद्रोह,
६. देशभक्ति कविताको थालनीमा विस्तार गर्नु,

### ४.२. माधव घिमिरेका कवितामा देशभक्ति

माधव घिमिरे राष्ट्रवादी कवि हुन् । उनका कवितामा राष्ट्रवाद वा राष्ट्रियता १९९५ आषाढ महिनामा प्रकाशित **वनशोभा** कवितादेखि फेला पार्न सकिन्छ ।[२९] साहित्यमा स्वदेशको ध्यान हुनुपर्छ भन्ने उनको मान्यता छ । यस सन्दर्भमा घिमिरेले भनेका छन्: "हामी जुन देशमा बस्छौं, त्यो देशको सौन्दर्यको विशेषतासँग हामी परिचित हुन्छौं ।" सूर्यका किरण छिरेर एकाएक कुहिरो फाट्न लाग्दा जुन दिब्यसङ्गीत आउँछ त्यो कान्तिपुरको र इङ्गल्याण्डको कविले मनमनै सुन्न सक्छन् । तर लेकको टाकुराबाट हेर्दा भर्खरै झरीले छोडेका पहाडहरू कसरी नजिकै देखिन्छ, यो पहाडी प्रदेशमा बस्ने कविले मात्र अनुभव गर्ने कुरा हो । हाम्रो नेपालमा बिहानी पखको मिर्मिरे आकाशमा घामको झुल्का पर्दा हिमालका चुलीहरू तामाको मुनाजस्तै एकपछि अर्को टुसाउँदै जान्छन्, यस्तो नेपालको वर्णन नेपालीले गर्छ भने यो विशेषता मैदानी देश या समुद्री-दीपका मानिसहरूका निम्ति पनि एउटा नौलो देन हुन सक्छ । भवसागरमा

[२९] डी.सी.कृष्णराज, 'कवि माधवप्रसाद घिमिरेका फुटकर कविताहरुको समीक्षात्मक अध्ययन', अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि.कीर्तिपुर, २०६१, पृ.५१ । ....

विनाखियौनाको डुङ्गा खियाउने कल्पना कुनै बङगाली कविको हुन सक्छ, तर, हाम्रो नेपालमा त कठिन हिमपथ छन्, जहाँ हिड्दा हिड्दा हिउँले पाइला मेटिदिन्छ र बाटो हराउँछ । "नेपाली हुँ कठिन गिरीमा चढ्नलाई सिपालु"[३०] यो नेपालको कविता हो । 'पहाडकी छोरी हे हिउँगोरी' यसमा नेपालको छायाँ छ ।

जुन कविमा मौलिक प्रतिभा छैन, ऊ स्वदेशमा साहित्यको विरौटो बनाउन  सक्दैन । योगीले आफूलाई अमर बनाउँछ, तर कविले आफ्नो देशलाई आफ्नो धर्ती र आकाशलाई अमर बनाउँदछ  ।

राष्ट्रकवि माधव घिमिरेले 'गाउँछ गीत नेपाली' देखि लिएर 'लाग्दछ मलाई रमाइलो' सम्म र **धर्तीमाता**देखि **राष्ट्रनिर्माता** सम्मका खण्डकाव्यहरूमा आफ्ना हृदय भरी उर्लिएका देशभक्तिका छालहरू छताछुल्ल पारेर पोखेका छन् । उनले आफ्ना रचनाहरूमा देशको माटोदेखि लिएर हिमाल, पहाड, वनजङ्गल, झरना, खोलानाला, तथा घामपानीसम्मका बारेमा रोचक तरिकाले व्याख्या गरेको पाइन्छ । यति मात्र होइन नेपाली वीरता, नेपाली पसिना, नेपाली ध्वजा आदिको महिमागान पनि उनका कवितामा छ । यसरी आफ्ना कवितामा कवि घिमिरेले प्रखर राष्ट्रभक्तिको आवाज घन्काएका छन् । नेपालको महिमा, नेपाली जातिको वीरता र सीप तथा नेपाली सामाजिक सांस्कृतिक आदर्शको गाथा गाउन मन पराउने कवि माधव घिमिरेका कवितामा देशभक्तिको स्वर अत्यन्त तीब्र र सशक्त रूपमा प्रकट भएको छ । अतीतका गौरवगाथा गाउने क्रममै पनि घिमिरेले नेपाली ऐतिहासिक राष्ट्रियताका सन्दर्भहरू प्रस्तुत गर्दै देशभक्तिपरक राष्ट्रिय राग अलापिरहेका छन् । पहाडको उच्चता, चौतारीको बसाई, मादलुको घिन्ताङ् सारङ्गीको रेटाई, बिहानको झुल्को घाम, हिमालको टल्काई, कवितामा डुबीरहने राष्ट्रवादी कवि  हुन् ।

यसरी माधव घिमिरेका प्रायजसो कविताकाव्यहरूमा देशभक्तिको भाव झल्किएको पाइन्छ तथापि उनका देशभक्तिपरक कविताकाव्यहरूलाई तल उल्लेख गरिएको छ :

| **कृतिको नाम** | **प्रकाशन वर्ष** |
|---|---|
| स्वदेशभक्ति | २००२ |
| स्वदेशी गीत | १९९५ |
| स्वदेशी गीत | १९९५ |
| हाम्रो भावना | १९९५ |

[३०] माधव घिमिरे, **आफ्नो बासुरी आफ्नै गीत**, चौथो.संस्क., (काठमाडौँ : साझा प्रकाशन, २०४९), पृ.४ ।

| | |
|---|---|
| जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी | १९९६ |
| राष्ट्रिय झण्डा | २००४ |
| स्वदेशको सङ्ग्रेलो | २००७ |
| नेपाल ठूलो भए | २००८ |
| तर अचल नेपाल नझुकोस् | २००९ |
| हामी विपना रच्छौँ | २००९ |
| दधिमन्थन | २०१२ |
| सम्बोधन | २००२ |
| पँधेर्नी | २००३ |
| नवयुवक | |
| नेपालै नरहे | |
| राजेश्वरी | २०१७ प्र.सं |
| राष्ट्रनिर्माता | २०६२ आ.सं |
| धर्तीमाता | २०३० प्र. सं |

यद्यपि माधव घिमिरेलाई २०६० सालको असोज महिनामा सरकारले **राष्ट्रकवि** सम्मान प्रदान गऱ्यो । कवि घिमिरेले १९९५ साल भाद्र ३१ गते र असोज १४ गते शुक्रवारका दिन **गोरखापत्र** मा प्रकाशित दुई गीतिकविता स्वदेशी गीतबाट नै स्वराष्ट्रको महिमागान गर्न थालेको पाइन्छ ।[३१] उनका कवितामा प्रयुक्त देशभक्तिको भावनालाई तल व्याख्या र विवेचना गरिएको छ ।

### ४.२.१ स्वदेशभक्ति

उपजाति छन्दको चार श्लोकमा फैलिएको ‘स्वदेशभक्ति’ कविता राष्ट्रकवि माधव घिमिरेको राष्ट्रवादी स्वरको प्रथम अनुगुञ्जन हो । जीवनको उत्तरार्धमा राष्ट्रद्वारा राष्ट्रकविको सम्मान पाउने कवि घिमिरेले आफ्नो राष्ट्रवादी प्रवृतिको प्रथम सङ्केत अठार वर्षकै कलिलो उमेरमै गरिसकेका छन् । प्रस्तुत कवितामा कवि घिमिरेले स्वदेशभक्तिको महिमागान गरेका छन् । स्वदेश गौरवको यथार्थता बुझ्न नसकी आफूले भूल गरेको सन्दर्भबाट यस कविताको थालनी भएको छ । ‘जन्म दिने आमा र जन्मभूमि स्वर्गभन्दा महान् हुन्छन्’ भन्ने मूलमन्त्रलाई यस कवितामार्फत आत्मासात् गरेका छन् । यस कविताको पहिलो श्लोकमा कविले प्रथम पुरूषप्रधान शैलीको प्रयोग गरी आफ्नो देशलाई विचित्र धामको रूपमा स्वीकार गरेका छन् । स्वदेशको

[३१] डी.सी. पूर्ववत्, पृ.६० ।

महत्त्व बुझ्न नसकेका कविले पश्चाताप पनि गरेका छन् । कविताको दोस्रो र तेस्रो श्लोकमा द्वितीय पुरुषप्रधान शैलीको प्रयोग गरी स्वदेश भक्तिको सन्देश दिएका छन् । कविताको अन्तिम श्लोकमा कविले समष्टिमानवलाई स्वदेशप्रति श्रद्धा एवम् भक्तिभाव राख्नुपर्छ भन्ने उपदेश दिएका छन् । हामीभित्र रहेको आलस्यको अन्त्य गरी सबै मिलेर नेपाली नाम जोगाई राखौँ भन्ने भावबोध यस कविताबाट गर्न सकिन्छ । हामी कर्मशील र उद्यमी बन्नुपर्छ भन्ने सन्देश पनि प्रस्तुत कविताबाट पाउन सकिन्छ । यस कवितामा कतै-कतै केही त्रृटिहरू छन्द भङ्गको दोष आदि फेला परेता पनि शीर्षक चयन, भाषाशैली, शिल्प र भावका दृष्टिले हेर्दा अन्य पूर्ववर्ती कविताको दाँजोमा यो कविता परिष्कृत देखिन्छ ।

### ४.२.२ स्वदेशी गीत

प्रस्तुत 'स्वदेशी गीत' शीर्षकको गीतिकविता झ्याउरे छन्दको संरचनाविधानको आधारमा ३+२, ३+२, ३+३ अक्षरको संयोजनमा रचना गरिएको छ । यसमा दुई-दुई पाउको पङ्क्तिपुञ्जहरू रहेका छन् । **मुनामदन**को प्रकाशन पछि कवि घिमिरेमा त्यसको गहिरो प्रभाव परेको देखिन्छ । "लोकगीतबाट प्रेरित शैली मेरो आफ्नो निजी काव्यशैली हो"[३२] भन्ने कवि घिमिरेले नेपाली ग्रामीण जनजीवनको वास्तविकतालाई समेटेर यो कविताको विषयवस्तु बनाएका छन् ।

आफ्नो देश छोडेर जाने चाहना नभए पनि साहूको ऋण तिर्नको लागि स्वदेशलाई छाड्नुपरेको बाध्यताको भावबोध यस कवितामा पाइन्छ । स्वदेश छोडेर जाँदा रूखका छाँया, डाँडाकाँडा आदिले 'नजा न नजा !' भनेर इसारा गरेको प्रसङ्गलाई पनि कविले यस कवितामा व्यक्त गरेका छन् । स्वदेशलाई छाड्नु कठिन कुरो हो । आफ्नो देशलाई बिर्सेर अरूको देशमा जानु निश्चित रूपले आफ्नै देशलाई पछि पार्नु हो भन्ने भाव यस कवितामा कविले पोखेका छन् ।

नेपालका वन, पाखा, पखेरा हरिया घाँसका कलिला मुनाको सम्झना विदेशमा बस्दा हुन्छ । बाल्यकालका साथीभाइको सम्झना, स्वदेशी वस्तुको सम्झना आदिले विदेशमा यो छाती पोल्ने छ भन्ने भाव यस कवितामा छ । विदेश गइसकेपछि आफूलाई बिर्सने काम नगर्नु भनी कविले यस कवितामार्फत् साथीप्रतिको श्रद्धाभाव व्यक्त गरेका छन् । नमरी बाँचे कालले साँचे स्वदेश हेर्न र स्वजन भेट्नको लागि फर्केर आउने आशा यस कविताको उन्नाइसौँ पङ्क्तिमा

---

[३२] शैलेन्द्रप्रकाश नेपाल, राष्ट्रकवि माधव घिमिरे, (काठमाडौँ गण्डकी समाजिक गुठी, २०६१), पृ.१० ।

व्यक्त गरिएको छ । आफ्नो जन्मस्थान छाडेर अविदितको दुनियाँमा यात्रा गर्दा हुने पीडाबोध प्रस्तुत कवितामा अभिव्यक्त भएको छ ।

यसरी प्रथम पुरुष रचित 'स्वदेशी गीत' शीर्षकको कवितामा कवि स्वयम् गरिब बनेर नेपाली गरिब किसानमाथि आफू आरोपित भएका छन् । यस दृष्टिले हेर्दा 'स्वदेशी गीत' शीर्षकको कवितामा रूपकालङ्कार पर्न गएको देखिन्छ । देशभक्तिको भावना, स्वजातीय प्रेम, नेपाली जीवनशैलीको यथार्थता, प्राकृतिक सौन्दर्यप्रतिको अति आकर्षण, प्रकृतिको मानवीकरण जस्ता कविका प्रवृत्तिहरू यस कवितामा प्रकट भएका छन् ।

### ४.२.३ स्वदेशी गीत

झ्याउरे छन्दको प्रयोग गरी दुई-दुई पङ्क्तिमा अन्त्यानुप्रास मिलाइएको 'स्वदेशी गीत' शीर्षकको कविता पुनः प्रकाशित भएको छ । यस कवितामा कविले दुई काल्पनिक पात्र मोतीचन्द्र र लालबहादुरलाई खडा गरी स्वदेश छाडी विदेश आएको कारण मोतीचन्द्रमा पश्चात्ताप उत्पन्न भएको भाव प्रकट गराएका छन् । पहिलो 'स्वदेशी गीत' शीर्षकको कविता झैँ यो कविता पनि सम्पूर्ण दृष्टिले स्तरीय रहेको देखिन्छ । आकारको दृष्टिले हेर्दा पहिलो कविता भन्दा यस कवितामा एक श्लोक कम रहेको देखिन्छ । यस कविताको अन्तिम श्लोकमा मोतीचन्द्रले विदेशमा पाएको दुःख सुनी लालबहादुरले आफ्नै देशमा उद्योग धन्दा गरेर स्वदेशको प्रेम गर्दै बस्ने अठोट गरेको भाव प्रकट भएको छ ।

यसरी सम्वादात्मक शैलीमा रचना गरिएको प्रस्तुत कविताको मूल सन्देश प्रत्येक व्यक्तिमा स्वदेश भक्तिको भाव जगाउनु हो ।

### ४.२.४ हाम्रो भावना

प्रस्तुत कवितामा कवि घिमिरेको प्रिय छन्द मन्दाक्रन्ताको पहिलो प्रयोग भएको छ । यस भन्दा पहिलेका कुनै कवितामा घिमिरेले मन्दाक्रान्ता छन्दको प्रयोग गरेको देखिँदैन ।[##] चार-चार पाउको सात श्लोकसम्म यो कविता फैलिएको छ । सातैवटा श्लोकहरूमा कविले बेग्ला-बेग्लै प्रसङ्गको उल्लेख गरेका छन् । यस कवितामा अभिधार्थ भन्दा व्यञ्जनार्थको प्रयोग भएको छ । प्रथम श्लोकमा कविले रूखको सन्दर्भलाई लिएका छन् र त्यो रूखमा आफू चढ्न नसकेको सन्दर्भ बताएका छन् । दोस्रो श्लोकमा उनले चराको पखेटा ल्याएर आफू त्यो रूखमा चढ्ने इच्छा राखेका छन् । तेस्रो श्लोकमा द्यौताले आफूलाई समाती माथि लगेको र के माग्छौ ? भन्ने

---

[३३] डी.सी.कृष्णराज, पूर्ववत्, पृ.३५ ।

प्रश्नको जवाफमा पञ्चामृतको खोलो माग्थेँ भन्ने चाहना व्यक्त गरेका छन् । कविताको चौथो श्लोकमा पहिले वर्णित रूखको फल झारी खाने इच्छा राखेका छन् । तर त्यो रूखमा चढिकन फल टिप्न कसले सक्ला र ? भन्ने उनको प्रश्न छ । यस कविताको पाँचौ श्लोकमा कविले हाम्रा बा यस रूखमा चढ्न के कम छन् ? भन्ने प्रश्न गरेका छन् । तर कविताको छैठौँ श्लोकमा राजा यस रूखमा चढ्न सक्लान् अरू त सक्दैनन् भनेका छन् । राजा जस्ता ठूला कोही छैनन्, उनी रूखमा चढ्छन्, त्यसमा कुनै सन्देह छैन भनी ठोकुवा गरेका छन् । यस कवितामा कविले बिम्बात्मक प्रस्तुति दिएका छन् ।

यसरी देशको लागि मरिमेट्ने मनमा देशभक्ति भएको राष्ट्रियताको प्रतीक मानिने व्यक्तिको जय-जयकार गर्नुपर्छ भन्ने भाव कविले यस कवितामा अभिव्यक्त भएको पाइन्छ ।

### ४.२.५ जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि

दुई-दुई पङ्क्तिमा अन्त्यानुप्रास मिलाइएको प्रस्तुत कविता अनुष्टुप् छन्दमा रचना गरिएको छ । जम्मा अठार श्लोकमा फैलिएको यस कवितामा कविले जीवनदायिनी जननी ( माता) र जन्मभूमि स्वर्गभन्दा महान् हुन्छन् भन्ने केन्द्रीय भावलाई प्रस्तुत गरेका छन् । कविको विचारमा विदेश स्वर्ग समान भए पनि त्यो सपना तुल्य छ, तर स्वदेश अमूल्य छ । आफ्नै काखमा जन्माएर माया ममता दिई हुर्काउने आमाको न्यानो मातृवात्सल्यलाई हामीले कदापि बिर्सनु हुँदैन भन्ने भाव यस कवितामा पाइन्छ । स्वदेशप्रेमको महिमागान गर्दै यस कविताको अन्तिममा कविले भगवान् इन्द्रले स्वर्गमा नडाकुन् किनभने मलाई स्वर्ग हेर्ने रहर छैन । स्वर्गभन्दा महान् मातृभूमिको सेवा गरी यही देशमा बस्न पाऊँ भनेका छन् । यसरी हेर्दा यस कवितामा राष्ट्रभक्तिको भावना भरपुर मात्रामा देखिन्छ । प्रथम पुरुष दृष्टिविन्दुमा यो कविता रचिएको छ ।

### ४.२.६ राष्ट्रिय झण्डा

प्रस्तुत कविता राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा रचित **चैत-बैशाख** कवितासङ्ग्रहमा ( पहिलो प्रकाशन,२०६०) सङ्कलित छ । राष्ट्रियता र देशभक्तिको भाव अभिव्यक्त भएका कवितामध्ये उनको 'राष्ट्रिय झण्डा' (२००४) कवितालाई अविजेय नै ठहर्छ । यो कविता २००४ साल जेठको साहित्यिक गोष्ठीमा प्रथम स्थान प्राप्त गरेको कविता हो र उनलाई उत्कृष्ट कविका रूपमा स्थापित गराउने कविता पनि हो ।[३४]

---

[३४] ऐजन् ।

स्रग्धरा छन्दमा रचित, वीररसले परिपाक भएको 'राष्ट्रिय झण्डा' शीर्षक कवितामा कवि नेपालीको वीरतापूर्ण इतिहास र स्वाभिमानी नेपालीहरूको गाथालाई मुक्तकण्ठले गाएका छन् । यस्तो इतिहास कुनै बेला पनि अन्त्य नहुने धारणा राख्दै त्यसैको प्रतीक हाम्रो राष्ट्रिय झण्डा हो भन्ने भाव अभिव्यक्त गरेका छन् ।[३५] राष्ट्रवादी कवि माधव घिमिरेले प्रस्तुत कविताको शीर्षक 'राष्ट्रिय झण्डा' चयन गरेका छन् । शीर्षक चयनका अन्य विकल्पहरू पनि हुन सक्थे तर तत्कालीन राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशको आधारमा यस कविताको शीर्षक चयन गरिएको देखिन्छ । खासगरी दोस्रो विश्वयुद्धको समयमा नेपाली सिपाहीहरूलाई बेलायतको पक्षमा जर्मनसँग वीरतापूर्वक लड्नु परेको थियो ।[३६] त्यसकारण नेपाल र नेपालीको राष्ट्रियताको प्रतीक हाम्रो 'राष्ट्रिय झण्डा' नै हो । त्यहीं झण्डाको माध्यमद्वारा नेपाली वीरताको महिमागान गर्ने प्रयोजनका निम्ति प्रस्तुत कविताको शीर्षक 'राष्ट्रिय झण्डा' चयन गरिएको हो । 'राष्ट्रिय झण्डा' कविता कवि घिमिरेको राष्ट्रप्रेमले मुखरित भएको कविता हो । उक्त कवितामा कविले नेपाली वीरता र राष्ट्रिय चेतनालाई प्रस्तुत गरेका छन् । केन्द्रीय कथ्यको दृष्टिले हेर्दा यस कवितामा कविको विस्तारित गरेर बहुवचन हामीको प्रयोग गरी राष्ट्रिय चेतलाई प्रस्तुत गरेका छन् । अभिधार्थमा यस कवितामा 'राष्ट्रिय झण्डा' को महिमागान गर्दै कविले नेपाली जातिको वीरताको वृहत विश्लेषण गरेका हुन् ।[३७] यसको व्यञ्जनात्मक अर्थ बेग्लै छ, त्यो के हो भने दोस्रो विश्वयुद्धको समयमा नेपालीलाई अङ्ग्रेजको तर्फबाट लड्नै पर्थ्यो । त्यसैले दोस्रो विश्वयुद्धमा लड्न जाने नेपाली सिपाहीहरूलाई कविले आफ्नो जन्मभूमि नेपालको स्वाभिमान र प्रतिष्ठा जोगाउन आह्वान गरेका छन् । साथै नेपाल र नेपाली जातिमाथि आक्रमण गर्ने बैरीसँग रणक्षेत्रमा वीरतापूर्वक हाम्रो राष्ट्रिय झण्डालाई शिरमा राखी लड्नु पर्ने सन्देश पनि यस कवितामा व्यञ्जनाका माध्यमबाट व्यक्त गरेका छन् । प्रस्तुत कवितामा प्रयुक्त शब्द र अर्थ दुबैका कारणले प्रस्तुतभन्दा अप्रस्तुत अर्थ पारदर्शिकताका साथ झल्किएको छ । कवितामा प्रवेश गरेर पढिसकेपछि प्रत्येक पाठकमा वीरत्वको भाव उर्लेर आउँछ ।[३८] वीररसले परिपाक भएको प्रस्तुत कवितामा कवि घिमिरे नेपाली जातिको एकता र नेपाल राष्ट्रको अखण्डताका पक्षमा विशेष जोड दिएका छन् ।

जस्तै :

छौं हामी आज जो-जो वरपर छरिँदा देशका दाजुभाई

[३५] ऐजन् ।
[३६] ऐजन् ।
[३७] ऐजन् ।
[३८] ऐजन् ।

एकै कर्तव्य हाम्रो विपुल चहकिलो पार्नु नेपाललाई
नेपाली एक झण्डामुखी सब गनिँदा आज एकै करोड
भोली नौलाख तारा तलतिर हरियो भूमिमा नौ करोड !

(राष्ट्रिय झण्डा)

तसर्थ कवि घिमिरे राष्ट्रवादी कवि हुन् । उनका कवितामा राष्ट्रवाद वा राष्ट्रियता १९९५ आषाढ महिनामा प्रकाशित 'वनशोभा' कवितादेखि फेला पार्न सकिन्छ । जब २००४ सालमा नेपाली साहित्य परिषद्द्वारा आयोजित बृहत साहित्य सम्मेलन भयो, त्यस सम्मेलनमा कवि घिमिरेले 'राष्ट्रिय झण्डा' शीर्षकको कविता लेखी कविहरूमा प्रथम स्थान प्राप्त गर्नु भएको थियो । त्यहीँ साहित्य सम्मेलनदेखि नै घिमिरेभित्र रहेको राष्ट्रिय चेतना स्पष्ट रूपमा बाहिर प्रकट भयो । यसरी नेपाली साहित्यमा राष्ट्रियताको भावलाई लोकप्रिय बनाई साहित्यिक उच्चतातर्फ शिखरमा पुऱ्याउने कार्यको शुभारम्भ र त्यसको सूक्ष्म प्रयोग गर्ने काम कवि घिमिरेबाट भएको छ । उनको राष्ट्रिय भावना अन्य नेपाली कविहरूका तुलनामा विशिष्ट रूपमा देखापरेको छ । त्यहीँ राष्ट्रिय भावना विशिष्ट रूपमा देखा परेको हुनाले नै नेपाली साहित्य जगतमा कविशिरोमणि लेखनाथपछि राष्ट्रिय सम्मान प्राप्त गर्ने सौभाग्यशाली स्रष्टाका रूपमा कवि माधव घिमिरेलाई लिन सकिन्छ ।[३९]

प्रस्तुत कविता चार पाउको एक श्लोक हुने 'स्रग्धरा' छन्दमा रचित छ । यसमा जम्माजम्मी दश श्लोक छन् । यो कवि घिमिरेको लामो आकारका फुटकर कविता मध्येको एक हो । नेपालीको जातीय, वीरता र भौगोलिक परिवेशको चिनारी गराउने सन्दर्भबाट यो कविताको उठान गरिएको छ ।

जस्तै :

नेपाली नाम हाम्रो त्रिभुवनभरका छौँ बडा वीर जाति
छाती निर्धक्क हाम्रो गति अति छरितो चढ्दछौँ माथिमाथि
हाम्रो बस्ती छ उच्च शिखर हिमचुली देशको टाकुरामा
हाम्रो आदर्श उच्च झलल् रविशशी हेर हाम्रो ध्वजामा । (श्लोक:१)

नेपाली जातिलाई प्रथम पुरुषको बहुवचन रूप 'हामी' मा रूपान्तरण गरी कविले यस कवितामा नेपाली वीरता र राष्ट्रिय चेतलाई प्रस्तुत गरेका छन् । कविले कविताको शीर्षक

---

[३९] डी.सी. कृष्णप्रसाद, घिमिरेका फुटकर कविताहरुको समीक्षात्मक अध्ययन, अप्रकाशित शोधपत्र (२००...)

'राष्ट्रिय झण्डा' चयन गरेका छन् । खासगरीदोस्रो विश्वयुद्धको समयमा नेपाली सिपाहीहरूलाई बेलायती पक्षमा जर्मनसँग वीरतापूर्वक लड्नु परेको थियो । त्यसबेला नेपाल र नेपालीको राष्ट्रियताको प्रतीक हाम्रो झण्डा नै थियो जो अहिले पनि रहेको छ । यहीँ झण्डाको माध्यमद्वारा नेपाली वीरताको महिमागान गर्ने प्रयोजनको निम्ति प्रस्तुत कविताको शीर्षक 'राष्ट्रिय झण्डा' चयन गरिएको हो । 'राष्ट्रिय झण्डा' कवि घिमिरेको युद्धकविता हो । दोस्रो विश्वयुद्धको बेला वीरता प्रदर्शनका लागि अनेक नेपालीहरू युद्धमा होमिएको बेला, भारतवर्ष उथुलपुथुलमा मडारिएको बेला, नेपाल भित्र पनि ज्वालामुखी धुँवाएको बेला कवि घिमिरेले यसको रचना गरेका हुन् । यो परम्परागत युद्ध कविताको सर्वोत्कृट नमुना हो ।

जस्तै:

नेपालीलाई डाक्ला विगुल धरहराबाट कुर्ली कमाल
प्यारीले बाधिदेलिन् झटपट खुकुरीलाई रातो रूमाल
रातो झण्डा उठाई फरफर अगुवा वीर गर्लान् कमान
बाजाले ताल देलान् चलचल चल रे देशका नौजवान । (श्लोक: ५)

### ४.२.७ स्वदेशको सङ्ग्रेलो

प्रस्तुत कविता चार पाउको एक श्लोक हुने 'शार्दूलविक्रीडित' छन्दमा रचिएको छ । यसमा जम्माजम्मी १२ श्लोक छन् । यो कविता कवि घिमिरेको लामो आकारका फुटकर कवितामध्ये एक हो । नेपाली जातिको चिनारी र उसको आर्थिक अभावको पीडा देखाउनुका साथै आफ्ना सन्तानहरूदेखि टाढा बस्नु पर्दा नेपाल आमालाई रोइरहनु परेको सन्दर्भबाट यस कविताको भाव उठान भएको छ ।

जस्तै :

नेपाली जन हुँ म खालि दु:खले फ्याँकेर आएँ यहाँ
छन् आमा शिरमा लिई हिमचुली रोइ रहेकी उहाँ । (श्लोक: १ )

नेपाली जातिलाई प्रथम पुरुषको एकवचन रूप 'म' मा रूपान्तरण गरी कवि घिमिरेले यस कवितामा नेपाली खोलानाला, नदी, वन, पाखा, पखेरा, खेत, पहाड, चउर, मेलापात, हिमाल, पहाड, तराई, घामछायाँ चिनारी गराउँदै यस कवितामा राष्ट्रभक्तिको भाव प्रकट गरेका छन् ।

यो कविताको शीर्षक 'स्वदेशको सङ्ग्रेलो' चयन गरिएको छ । तत्कालीन राष्ट्रिय एवम् सामाजिक परिवेशका आधारमा प्रस्तुत कविताको शीर्षक चयन गरिएको छ । खास गरी आर्थिक

अभावको कारणले धन कमाउनको निम्ति विदेश पसेका नेपाली दाजुभाइहरूले आफ्नो जन्मभूमि नेपालको सम्झना गरेको सन्दर्भमा यो कविताको शीर्षक 'स्वदेशको सङ्ग्रेलो' चयन गरिएको हो ।

जीवन निर्वाहको निम्ति आफ्नो श्रम र पसिना बेच्नको लागि विदेशिनु पर्ने अवस्थालाई यस कविताको शीर्षकले नै देखाएको छ । खासगरी नेपालीहरू उहिलेदेखि अहिलेसम्म विदेशी भूमिमा गई काम गनुपर्ने हिजो थियो र आज पनि छँदैछ । विदेशमा बस्दा नेपाली चाडपर्व-दसैं, तिहार, प्रियतमाको प्रेम, भाइको आधार र आमाको ममताको सम्झना यो कवितामा गरिएको छ । यस कविताको शीर्षक अभिधार्थ प्रधान छ । उक्त शीर्षकले कविताको केन्द्रीय कथ्यलाई समेटेको छ ।

जस्तै :

आमाको ममता र भाइहरूको आधार सम्झन्छु म
छायाँमन्तिरको शान्त स्निग्ध दिलको संसार सम्झन्छु म । (श्लोक : ६)

### ४.२.८ नेपाल ठूलो भए

यो कविता पनि चार पाउको एक श्लोक हुने 'शार्दूलविक्रीडित' छन्दमा संरचित छ । यसमा जम्माजम्मी तीन श्लोक छन् । यो पनि कवि घिमिरेको छोटो आकारका फुटकर कविताहरू मध्ये एक हो । नेपाल र नेपालीको दयनीय अवस्थाको चिनारी गराउने सन्दर्भबाट यस कविताको भाव उठान गरिएको छ । कुरा धेरै र काम थोरै गर्ने नेपाली प्रवृतिप्रत्ति असन्तोष प्रकट गर्दै कविले भनेका छन्:

खाली खल्बल होइन शान्त क्षणको चैतन्य हो जागृत
मन्त्रीको पदलाभ होइन-मनको हो उच्चता उन्नति । (श्लोक : २)

व्यक्तिगत स्वार्थको निम्ति लिप्त हुने, पैसा आर्जनको निम्ति हुरुक्क हुने विगत र वर्तमान मानवप्रवृत्तिलाई छेड हान्ने सन्दर्भबाट यस कविताको भाव विस्तार गरिएको छ ।

प्रस्तुत कविताको शीर्षक 'नेपाल ठूलो भए' कविले चयन गरेका छन् । तत्कालीन राष्ट्रिय एवम् सामाजिक आवश्यकताका आधारमा प्रस्तुत कविताको शीर्षक चयन गरिएको हो । खासगरी राणाकालीन नेपालमा नेपालप्रतिको कर्तव्यलाई बिर्सेर आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्नतिर अनुरक्त रहेका मन्त्री र प्रधानमन्त्रीहरूलाई लक्षित गर्दै यो कविताको शीर्षक चयन गरिएको हो ।

खासगरी राणाकालीन नेपालमा नेपालीका सम्पूर्ण अधिकारहरू खोसिएका थिए । बाटोघाटोको निर्माण गरिएको थिएन । कुर्सीमा बस्दा र पदासीन गरिएको बेला जति नयाँ कुरा

गरेता पनि भोको पेट भोकै थियो, लाटो मानिस लाटै थिए । अर्धनग्न शरीरको धोको पूरा गरिएको थिएन, नेपाल र नेपालीको यही परिवेशको आधारमा यो कविताको शीर्षक चयन सार्थक रूपमा गरिएको छ ।

जस्तै :

यस्ता पर्वत देशको विकटमा उस्तै छ बाटो भने
बस्ता बात नयाँ गरेर, दुनियाँ उस्तै छ लाटो भने
भोको पेट र अर्धनग्न तनको उस्तै छ धोको भने
वास्ता छैन मलाई-मन्त्रिपदमा आसीन कोको बने । (श्लोक : १)

प्रस्तुत कवितामा कवि घिमिरेले ठूलो भइकन के भयो र? भन्ने तीब्र व्यङ्ग्य गर्दै आफू बरु यदि नेपाल ठूलो हुन्छ भने धूलो भइकन बिच्छियूँ म त यहीँ भन्ने इच्छा व्यक्त गर्दै देशभक्तिको भावनालाई स्पष्ट पारेका छन् ।

जस्तै :

ठूलो भैकन के भयो र? भ्रममा नेपाल धूलो भए
धूलो भैकन बिच्छियूँ म त यहीँ - नेपाल ठूलो भए । (श्लोक : ६)

### ४.२.९ तर अचल नेपाल नझुकोस्

प्रस्तुत कविताको शीर्षक 'तर अचल नेपाल नझुकोस्' चयन गरेका छन् । कविले नेपाल र नेपालीको स्वाभिमान अचल रहोस् र यसको शिर नझुकोस् भन्ने भाव बुझाउनको लागि प्रस्तुत कविताको शीर्षक चयन गरेका हुन् ।

हाम्रो इतिहासलाई पल्टाएर हेर्दा नेपालीमाथि अनेकौं प्रहार भएका छन् तर नेपाली वीरहरूले नेपाली शिरलाई कतै झुक्न दिएका छैनन् । यसरी कविले वीर गोर्खालीहरूको महिमागान गाउँदै हिमालका छाँयाहरू झुकोस् तर अचल नेपाल नझुकोस् भन्ने राष्ट्रवादी भावनालाई व्यक्त गरेका छन् ।

जस्तै :

पुगोस् मेरो माया जति जति लगाए पनि पुगोस्
झुकोस् शैलच्छाया, तर अचल नेपाल नझुकोस् । (श्लोक : २)

यस कवितामा कविले आफ्नो अचल-अटल नेपाल झुक्न नहुने कुरा व्यक्त गरेका छन् । नेपालको उन्नति सधै हिमालको शिखर झैँ उच्च रहोस् भन्ने चाहना राखेका छन् ।

जस्तै :

'पहाडी झर्ना झैँ वनचउरमा सम्पति बहोस्
सुनौला झुल्का हिमशिखरमा उन्नति रहोस्' । (श्लोक : १)

### ४.२.१० हामी बिपना रच्छौँ

यो कविता चार पाउको एक श्लोक हुने 'शार्दूलविक्रीडित' छन्दमा संरचित छ । यसमा जम्मा तीन श्लोक छन् । यो कवि घिमिरेको छोटो आकारका फुटकर कवितामध्ये एक हो । हाम्रो छिमेकी मित्रराष्ट्र भारत स्वतन्त्र भइसकेको र नेपालमा पनि प्रजातन्त्र आइसकेको समयमा एउटा प्रवासी नेपालीको मनमा जागेको देशप्रेमको भावनालाई काल्पनिक रूपमा प्रस्तुत गर्ने सन्दर्भबाट यस कविताको भावको उठान भएको छ । प्रवासी नेपालीहरू जो स्वदेशबाट फ्याँकिएर विदेशमा बसेका थिए । तिनीहरूको स्वदेश फर्किने तीव्र इच्छालाई प्रस्तुत गर्ने सन्दर्भमा यस कविताको भावको विस्तार गरिएको छ । विदेशको उन्नति देखेर उनीहरूमा पनि स्वदेशमा केही गर्ने इच्छा जागेर आएको छ ।

कविले यस कविताको शीर्षक 'हामी बिपना रच्छौँ' चयन गरेका छन् । तत्कालीन राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशको आधारमा यस कविताको शीर्षक चयन गरिएको छ । खास गरी २००७ सालमा नेपालमा प्रजातन्त्र आइसकेको र छिमेकी राष्ट्र भारत स्वतन्त्र भइसकेको सन्दर्भलाई आधार बनाएर चयन गरिएको प्रस्तुत कविताको शीर्षक सार्थक छ । यस कविताको शीर्षकले नै कविताको समग्र भावलाई अभिव्यक्त गरेको छ ।

नेपाल र नेपालीको सर्वपक्षीय उन्नति नै वीर सहिदको सपना थियो । त्यही सपना पूरा गर्नको लागि तिनीहरूले आफ्नो प्राणको बलिदान दिए । फलस्वरूप नेपालमा प्रजातन्त्र आयो । नेपालमा प्रजातन्त्र प्राप्त भएपछि सहिदको सपनालाई बिपनाको रूपमा रचना गर्ने कविको चाहना छ । कविको उपर्युक्त चाहना नै यस कविताको शीर्षक हुन पुगेको छ । नेपालमा राणाशासनको अन्त्य र नयाँ नेपालको निर्माण गर्ने सन्दर्भमा यो कविताको रचना गरिएको छ ।

यस कवितालाई केन्द्रीय कथ्यको दृष्टिले हेर्दा जुन सपना देखेर नेपालका सपूतहरूले राणाशासनको अन्त्य गर्नको निम्ति आत्मबलिदान गरे र नेपालमा २००७ सालमा राणाहरूको अन्त्य भयो र प्रजातन्त्र आयो । उता मित्रराष्ट्र भारत पनि स्वतन्त्र भएर नयाँ भारतको निर्माणमा लाग्यो । यस अवस्थामा हामी पनि वीर सहिदको सपनालाई बिपनामा रूपान्तरण गरी नयाँ नेपालको निर्माणमा लाग्नु पर्छ र नेपालमा प्राप्त प्रजातन्त्रलाई घर, टोल र छिमेकमा जस्तै बलियो बनाउनु पर्छ भन्ने केन्द्रीय कथ्य यस कवितामा व्यञ्जनास्तरमा प्रस्तुत गरिएको छ ।

यसरी हेर्दा कविताको शीर्षक र केन्द्रीय कथ्यका बीच अन्तर्सम्बन्ध रहेको देखिन्छ । कविले वीर सहिदहरूको सपनालाई बिपनामा रूपान्तरण गर्ने र राष्ट्रियताको मालामा आवद्ध हुन आह्वान गर्दै देशभक्तिको भावनालाई व्यक्त गरेका छन् ।

जस्तै :

फोस्रा स्वाँग रचेर व्यर्थ सपना सोचेर के हुन्छ र !
हामी आज रचौँ जुटेर बिपना नेपालको सुन्दर । (श्लोक : ६)

### ४.२.११ दधिमन्थन

कविले यस कविताको शीर्षक 'दधिमन्थन' चयन गरेका छन् । कविले नेपालको सौन्दर्यको वर्णन गर्नका लागि कविताको शीर्षक चयन गरेका छन् र खास गरी 'दधि'को अर्थ दही हुन्छ । दही मन्थन गरेपछि त्यसको सार तत्त्व नौनी निस्कन्छ, जो विभिन्न दृष्टिकोणले सुन्दर र महत्त्वपूर्ण हुन्छ । तर यो कविताको शीर्षकमा प्रस्तुत 'दधि' शब्दको अर्थ अभिधास्तरमा होइन व्यञ्जनस्तरमा झल्किएको छ । त्यसैले यो कविताको शीर्षक 'दधिमन्थन' प्रतीकात्मक छ ।

पौराणिक प्रसङ्गअनुसार, जसरी ब्रह्माजीले समुद्रको मन्थन गरेर अमृत निकालेका थिए, त्यसैगरी प्राकृतिक सुन्दरताको सृजनाको निम्ति कविले गोठालोले दधि वा दही मन्थन गरेको सन्दर्भलाई कल्पना गरी यस कविताको शीर्षक चयन गरेको हुँदा उक्त शीर्षक सार्थक भएको देखिन्छ । यहाँ 'दधि' शब्द नेपालको प्रतीकको रूपमा प्रयोग गरिएको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

गोठालोले गोठमा दही मथने काम मिर्मिरे बिहान ब्युँझेर गर्दछ । ऊ चेतनाको प्रतीक हो, किनभने उसले सुनौलो प्रतिभालाई बोलाउँछ ।

जस्तै :

गोठालोले पनि अब दही गोठमा मथ्न थाल्यो
डाकी ज्योतिर्मय प्रहारमा मिर्मिरेको उज्यालो । (श्लोक : २)

यो कविता 'मन्दाक्रान्ता' छन्दमा संरचित छ । यसमा पहिलो प्रकाशनमा आठ श्लोक समावेश गरिएको थियो ।[४०] तर शिल्पसचेत कवि भएको हुँदा पछि प्रकाशित **चैत-वैशाख** कवितासङ्ग्रहमा आवश्यक परिष्कार गरी जम्मा तीन श्लोक मात्र राखिएका छन् । यो कवि

[४०] डी.सी.कृष्णराज, पूर्ववत्, पृ.४० ।

घिमिरेको छोटो आकारको कवितामध्ये एक हो । जन्मभूमिको अत्यन्त माया गर्ने र नवचेतनाको उज्यालो डाक्ने सन्दर्भमा यस कविताको उठान गरिएको छ ।

जस्तै :

बिहानीको सिरसिर हावा फेरि फर्केर आयो
गङ्गा बिम्भ्केसरि बगरमा लेक बँसी सुसायो । (श्लोक : १ )

नेपाली जातिलाई तृतीय पुरुष पात्र गोठालोको रूपमा प्रयोग गरी राष्ट्रभक्तिको भाव प्रत्येक नेपालीमा जगाउने प्रयास यस कवितामो गरिएको छ । ज्योतिर्मय प्रहारलाई बोलाउँदै ज्ञान र चेतनाको उज्यालो क्रमश : गोठाला गोठालीका तहसम्म फैलाउने प्रयोजनको निम्ति कविको गोठालोले दधिमन्थन गर्ने काम गरेको देखिन्छ । कलम समात्ने हातले मात्र होइन, मथनी फन्काउने गोठालाका हातले पनि नवचेतनाको स्वर घन्काउन सक्छन् भन्ने सन्दर्भबाट यस कविताको भाव विस्तार गरिएको देखिन्छ । कविताको मध्य भागमा कविले मुलुकमा ब्याप्त अज्ञान र अन्धकारलाई च्यातेर पूर्वी आकाशमा सुनौलो रङ्ग झुल्किँदै जाओस् भन्ने आग्रह गरेका छन् । यही आग्रहसँगै कविताको भाव बिस्तार गरिएको छ । यस कविताको तेस्रो श्लोकको पहिलो पाउदेखि कविताको मूल सन्देश अभिव्यक्त हुँदै जान थालेको देखिन्छ । यही नै कविताको भावको समापन वा बैठानको स्थिति हो । अर्थात दधिमन्थनको मधुर ध्वनि सुनेर नीदरीबाट तत्कालै माथिको चमरीको पहेँलो घिउ झैँ सुनौली वर्णकी ‘गौरी’ ब्युझिइन् भन्ने कविको भाव उपर्युक्त पद्यांशमा रहेको छ । कविको अन्तर्दृष्टिमा ती ‘हीमगौरी’ अन्य कोही होइनन् ‘नेपाल आमा’ हुन् ।

यसरी दधिमन्थनबाट नौनीको रूपमा गोठालोले प्राप्त गरेको उसकी प्रिय ‘नेपाल आमा’ हुन् भनी कविले प्रतीकात्मक ढङ्गले नेपाललाई स्त्रीलिङ्ग रूपमा रूपान्तरण गरेका छन् ।

कविताको अन्तिम चरणमा कविले सिङ्गो धर्तीलाई नै शैलको टाकुरामा नयाँ रूप लिएर उठेको र यो रूप जलनिधि वा महासागरलाई वीरका पाखुराले मन्थन गरेर ल्याएको हो कि भन्ने भाव प्रकट गरेका छन् ।

जस्तै :

ओहो धर्ती प्रतिदिन नयाँ शैलका टाकुरामा
ल्याए जस्तै जलनिधि मथी वीरले पाखुरामा । (श्लोक : ६)

### ४.२.१२ सम्बोधन

यस कविताको शीर्षक ‘सम्बोधन’ राखिएको छ । स्वदेशको महिमागान गर्ने सन्दर्भमा यस कविताको शीर्षक चयन गरिएको छ ।

प्रस्तुत कविताको शीर्षक अभिधार्थप्रधान छ । नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण मुलुक हो । यहाँको गौरीशङ्कर हिमालमाथि सूर्यको पहिलो किरण पर्दछ र सोही पर्वतका काखमा किरणका मुस्लाहरू छिर्दछन् । रातिमा पनि स्वयम् उजेली काठ बलेर यो देशमा कोल्टा र गुफालाई उज्यालो पार्दछ । यसरी चौबीसै घण्टा प्रकाशवान् हुने आफ्नो सुन्दर मुलुकको स्तुतिगान गर्ने क्रममा चयन गरिएको उपयुक्त शीर्षक सार्थक छ । कविताको शीर्षक 'सम्बोधन' ले केन्द्रीय कथ्यलाई समेटेको छ ।

प्रस्तुत कविता 'शार्दूलविक्रीडित' छन्दमा संरचित छ । यसमा जम्मा तीन श्लोक मात्र छन् । प्रत्येक श्लोकका प्रत्येक पाउमा उन्नाइस अक्षर छन् । यो कवि घिमिरेको छोटो आकारका फुटकर कविताहरूमध्ये एक हो । नेपालको भौगोलिक परिवेश र प्राकृतिक सुन्दरताको चिनारी गराउने सन्दर्भबाट यस कविताको भाव उठान गरिएको छ ।

प्रत्येक श्लोकको चौथो पाउमा कविले क्रमिक रूपमा मेरो उज्वल देश ! मेरो सुन्दर देश ! मेरो किन्नर देश ! पदसमूहको प्रयोग गरी स्वदेशको स्तुतिगान गर्ने सन्दर्भमा यस कविताको भाव विस्तार गरिएको छ ।

जस्तै :

मेरो उज्वल देश ! खेल समयको आलोक नौलो त्यहाँ (श्लोक : ४)

दिनमा सूर्यको किरणले उज्यालो हुने र रातमा उजेलीकाठ बलेर उज्यालो हुने देश नेपालको सम्बोधन गर्दै कविले यस कविताको दोस्रो श्लोकमा सर्वप्रथम गौरीशङ्कर हिमालमाथि परेको सूर्यको झुल्को क्रमशः बिहान बेसीतिर सर्दै जान्छ र छायाँ बेलुका पहाडको चउरमा झुक्तछ भनेका छन् । इन्द्रधनुषले छोएर पाखा, वन र खेत राम्रा भएका छन् भन्ने कविको भनाइबाट यस कविताको भाव पराकाष्टमा पुगेको छ ।

प्रस्तुत कविताको दोस्रो श्लोकमा देवदारू वनमा मीठो सुसेली भरेर हावा डुलेको र नदीनालाहरू हा हा र हु हु गरी दौडेको शब्दचित्र कविले देखाएका छन् । यहीँ श्लोकको तेस्रो पाउमा छायाँमन्तिर बसेर बैंसालु बालाले विरहका गीत गाएको सन्दर्भबाट यस कविताको भाव समापनको अवस्थातिर पुगेको छ । तेस्रो श्लोकको चौथो पाउमा कविले नेपालको सम्बोधन गर्दै राष्ट्रवादी भावनालाई व्यक्त गरेका छन् ।

जस्तै :

छायाँमन्तिर गाउँछन् विरहमा बैंशालु बाला जहाँ<br>
मेरो किन्नर देश ! बोल् समयको सन्देश नौलो त्यहाँ । (श्लोक : ६ )

### ४.२.१३ पँधेर्नी

यस कवितामा कविले पानी भर्ने 'पँधेर्नी' पात्र मार्फत नेपालीहरूमा भएको देशभक्तिलाई उजागर गर्न खोजेका छन् । यस कवितामा नेपालको सुन्दर स्वरूप पँधेरो, पँधेरो नजिकै कराइरहेका चराहरूका सुन्दर गुञ्जन, भगवानप्रति नेपालीहरूको आस्था इत्यादिलाई प्रस्तुत गरेका छन् । यसो हेर्दा यो देशभक्तिपरक कविता जस्तो नदेखिए पनि यसको मर्मलाई खोतल्दा देशभक्ति देख्न सकिन्छ । अझ कविले अहिल्यै विश्व हाक्न सक्ने क्षमता पनि नेपालीमा रहेको कुरा व्यक्त गरेको देख्न सकिन्छ ।

जस्तै :

बेला साइतको भयो जलघडा बोकी पँधेर्नी गइन्
हाकूँ विश्व कि ? आजकै दिन अहो, ती मुस्कुराई गइन् । (श्लोक : ५)

### ४.२.१४ नवयुवक

यो कविता 'मन्दाक्रान्ता' छन्दमा संरचित छ । यसमा जम्मा १० श्लोक छन् । कविले यस कवितामा नवयुवकको माध्यमबाट देशभक्तिको भावनालाई व्यक्त गरेका छन् । डाँडाकाँडा, वन र चउरमा घाम लागिरहेको बेलामा र लाखौँलाख व्यक्तिहरू काम मागिरहेको बेलामा नवयुवकलाई आलस्य फालेर उठी पृथ्वी तीन बित्ता उचाल्न कविले आग्रह गरेका छन् ।

जब टाढा-टाढा गर्जिएर विपतका बेलामा छाँया जस्तै बनेर आफ्नो देशलाई घेर्छन्, त्यतिखेर सबै मान्छेहरू डरले तर्सिएर आफ्नो घरघरमा लुकेर बस्छन् । त्यतिखेर हे युवक, तिमी खतरा खोज्न घरबाट बाहिर निस्क या आफ्नो देशको रक्षाको निम्ति घरभित्र नबसेर बाहिर आऊ र आँधिबेरीसित जुध्दै कालसँग जिस्क भनेर नवयुवकलाई कविले आह्वान गरेका छन् । नवयुवक भनेका देशका कर्णधार हुन् । देश र संसारलाई हाक्ने भनेका नै नवयुवक हुन् भन्दै नवयुवकको माध्यमद्वारा देशभक्तिको भावनालाई यसरी व्यक्त गरेका छन् ।

जस्तै :

छिः यो बेला नबस् घरमा, निस्क आलस्य फाली
हे तन्नेरी, उठ न पृथिवी तीन वित्ता उचाली । (श्लोक : ३)

### ४.२.१५ नेपालै नरहे

राष्ट्रकवि माधव घिमिरेले 'नेपालै नरहे' गीतिकवितामा उच्च राष्ट्रवादी भावना व्यक्त गरेका छन् । नेपाली प्रकृति, संस्कृति, इतिहास र समाजको विशिष्टतालाई उल्लेख गरेर उनको यसप्रतिको आफ्नो उच्च सम्मान लाई प्रकट गरेका छन् । उनका अनुसार नेपाल भएर मात्र

नेपालीहरूको अस्तित्व रहने हो । नेपालै नरहे नेपालीहरू रहने भन्ने कुरो असम्भव छ । नेपालको एउटा विशेषता भनेको यहाँ रहेको उच्च हिमालहरू पनि हुन् । भौतिक रूपमा अग्ला यी हिमालले हाम्रो प्रतिष्ठा र गौरवको प्रतीकात्मक अर्थ पनि बोक्दछ । वास्तवमा हिमाल नभएको भए नेपाल र नेपालीहरूको प्रतिष्ठा वा सम्मान माथि उठ्न सक्दैन्थ्यो । नेपाल भन्नु हिमालको देश र हिमाल भन्नु नेपालको परिचय रहेको भन्ने कुरा यसरी व्यक्त गरिएको छ :

नेपाली हामी रहौँला कहाँ नेपाली नरहे
उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे । (श्लोक : १)

हिमाल, पहाड र तराईमा विभक्त नेपालको विशेषता यसको भौगोलिक विविधता पनि हो । अन्नको भण्डार मानिने तराईलाई यहाँ कविले सुनको टुक्रासँग र पर्यटकीय महत्त्व बोकेको सेतै टल्किने कञ्चन हिमाललाई हीरासँग दाँजेका छन. । एउटा किसानका निम्ति धर्तीमा धन फलाउने माटो र पानी हुनुपर्छ । यसलाई कविले यहाँ पहिलो धन भनेका छन् । धर्तीपुत्रहरूले तराईको माटोमा सुनजस्तै अन्न फलाएका छन् भने हीरा जस्तो टल्कने हिमालले पर्यटकहरूलाई डाकेर यसको सौन्दर्यलाई उज्यालो पारेका छन् । झ्याल नभएको घरबाट वरपर तथा तल माथि हेर्न असम्भव भएझैँ नेपालै नरहे नेपालीको अस्तित्व रहन पनि असम्भव हुने विचार यहाँ प्रकट गरिएको छ । नेपालको भौगोलिक विशिष्टताको परिचय र देशको अखण्डताको महत्त्वलाई यसरी कविले उल्लेख गरेका छन् :-

जस्तै :

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौँला संसार सन्झ्यालै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे । (श्लोक : २)

विविध सांस्कृतिक सम्पदा पाइने मुलुकका रूपमा पनि यो देश परिचित छ । यहाँ दसैं र तिहार जस्ता अति रमाइला चाडवाड् छन् भने चुड्का र ख्याली जस्ता लोकगीतले यसको सांस्कृतिक समृद्धि लाई चिनाउँछन् । इतिहासमा विजयको धुन झ्याली नामको बाजाबाट सुनिने गरेको र यसले नेपालीहरूलाई साहसी हुन हौसला दिएको प्रसङ्ग पनि यहाँ उल्लेख गरिएको छ । यसैगरी मादलका धुनले नेपाली युवाहरूलाई नचाउने गरेको चर्चा यहाँ गीतकारले गरेका छन् ।

यसप्रकारले आफ्नो देशका सांस्कृतिक चाँडपर्व, लोकगीत र बाजाप्रतिको गहिरो मोह र सम्भावना लाई कवि घिमिरेले यसरी प्रकट गरेका छन् :-

जस्तै :

दसैँ र तिहार रमाइला हाम्रा चुड्का र ख्यालीले
हिर्दय हाम्रो जुर्मुराउँछ जितको झ्यालीले
बैँसको तालमा नाचौँला कहाँ मादलै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे । (श्लोक : ३)

मुख्यतया पहाडी भुभागले बनेको यस देशमा आकाश छुने असङ्ख्य टाकुराहरू छन् । यी टाकुराहरू नेपाली गौरव र स्वाभिमानका प्रतीक पनि हुन । हाम्रो गौरव र सम्मानलाई कसैले खोजेर भेटाउन नसक्ने दावा यहाँ कवि घिमिरेले गरेका छन् । यसैगरी इतिहास रचेका हाम्रा पौरखी पुर्खाहरूको योगदानलाई कसैले आँखा चिम्लेर बिर्सिन खोजे पनि यो बिर्सन सकिने खालको छैन । वीर र पौरखी नेपाली पुर्खाले छाडेका पदचापलाई पछ्याएर आजका नेपाल र नेपाली हिँडिरहेका छन् । यसकारण पुर्खाको त्यो गौरवमय योगदानलाई कसैगरी मेटाउन नसकिने दृढोक्ति यहाँ पाइन्छ । पूर्वबाट उज्यालो नआई नब्युँझेझैँ नेपालै नरहे हामी नेपाली पनि नरहने हुँदा यसको संरक्षण तर्फ लाग्नुपर्ने प्रत्यक्ष सन्देश कवि घिमिरेले यस कवितामा यसरी दिएका छन् :-

जस्तै :

आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न
पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न
बिम्झौला कहाँ पूर्वको पैलो उज्यालै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे । (श्लोक :४)

यसरी समग्रमा नेपाली जातिलाई आफ्नो गौरव र पुर्खाको स्मरण गराई यस देशको अखण्डतातर्फ चिन्तित हुन कवि घिमिरेले आग्रह गरेका छन् । नेपालको विविध प्राकृतिक बनोट, यहाँका अमूल्य सांस्कृतिक सम्पदा र नेपालीहरूको शान र आत्मसम्मानको चर्चा यस कवितामा गरिएको छ । आफ्नो देशसित सम्बन्धित हरेक पक्षहरूलाई माया गरी देशभक्ति हुनुपर्ने भाव प्रकट गरिएको छ ।

## ४.३ घिमिरेका खण्डकाव्यहरूमा देशभक्ति

**मा**धव घिमिरेले खण्डकाव्य लेखनको प्रथम प्रयास १९९५ सालमा **रामविलास** ( संस्कृत) खण्डकाव्यबाट गरेको देखिन्छ ।[४१] **रामविलास** संस्कृतखण्डकाव्यपछि नेपालीमा रचना गरिएका **कृष्णभक्त** (१९९६), **जीवनसङ्गीत** (१९९८), **सुदामाचरित्र** (१९९९), र **क्रान्तिमती** ( २०१४) खण्डकाव्यहरू अप्रकाशित र अलिखित भएकाले हराइसकेका छन् ।[४२] २००४ सालमा अन्तरमनबाटै विशिष्ट प्रेरणा पाएर झुल्किएको पत्नीको शोक भावनालाई कवितामा सङ्गालेर खण्डकाव्य लेख्न थालेका माघव घिमिरेका हालसम्म **गौरी** (२००४), **पापिनीआमा** (२०१७), **राष्ट्रनिर्माता** (२०१७), **राजेश्वरी** (२०१७) र **धर्तीमाता** (२०१७) गरी जम्मा पाँचओटा खण्डकाव्यहरू प्रकाशित रहेका छन् । उनका खण्डकाव्यहरूलाई शोककाव्य (गौरी) सामाजिक काव्य (पापिनी आमा) र ऐतिहासिक काव्य (राजेश्वरी, राष्ट्रनिर्माता) भनी वर्गीकरण गर्न सकिन्छ । **राजेश्वरी** खण्डकाव्यबाट शुभारम्भ भएको घिमिरेको देशभक्ति **राष्ट्रनिर्माता** सम्म पुग्दा चरमोत्कर्षमा पुगेको देखिन्छ । यहाँ माधव घिमिरेका देशभक्तिपरक खण्डकाव्यहरूलाई मात्र व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.३.१ राजेश्वरी खण्डकाव्यको विश्लेषण

२०१७ सालमा प्रथम प्रकाशित **राजेश्वरी** खण्डकाव्यको भूमिकामा स्वयम् कवि घिमिरेले यसको कथास्रोतबारे व्यक्त गरेको केही पङ्क्तिहरू यस्ता छन्-

“राजेश्वरी श्री ५ रणबहादुर शाहकी जेठी रानी हुन् । गुल्मीको राजकुलमा उनको जन्म भएको थियो । पतिपरायणा तर सधैँ उपेक्षिता, सन्तानहीन तर गीर्वाणकी धर्मकी आमा, उदारहृदया तर दरवारिया षड्यन्त्रले हेलम्बुमा फ्याँकिएकी, सधैँ नेपालको सुनौलो सपना देख्ने तर पच्चीसै वर्षको उमेरमा चितामा चढेकी रानी राजेश्वरीको जीवन जटिल भइकन पनि मार्मिक छ । अतीतको यस पुण्य गाथालाई मैले पनि आज आफ्नो स्वरमा उतार्ने प्रयत्न गरेको छु । यस कार्यमा मेरो मुख्य आधार ‘सती विजयमाल’ भन्ने नेवारी लोकगीत छ, जो हेलम्बूमा निर्वासित भएदेखि बाग्मतीमा सती गएसम्मको राजेश्वरीको मर्ममधुर जीवनको शेष अंशसँग सम्बन्ध राख्दछ” ।[४३] यस घटनाबाट प्रस्तुत काव्य नेपालको ऐतिहासिक घटनामा आश्रित रहेको

---

[४१] भानुभक्त पोखरेल, माधव घिमिरेका विशिष्ट खण्डकाव्य (समालोचना), दोस्रो संस्क.,(ललितपुर : साझा प्रकाशन, २०५६), पृ.७० ।

[४२] ऐजन् ।

[४३] बाबराम आचार्य, **नेपाली सङ्क्षिप्त वृत्तान्त**, दोस्रो संस्क., (काठमाडौँ : अन्तर्राष्ट्रिय मञ्च छापाखाना प्रा.लि. अनामनगर, २०६३), पृ.२५९ ।

बुझिन्छ । यस कुरालाई वासुदेव त्रिपाठीले यसरी सर्मथन गर्दछन्- "**राजेश्वरी** खण्डकाव्यको विषयवस्तु हो, नेपालको इतिहासको एक असाधारण अंश, एक असाधारण र एक असामान्य घटना ।[४४] प्रस्तुत काव्यको कथानक 'सती विजयमाल' भन्ने नेवारी लोककथाद्वारा अनुश्रुतिबद्ध हुँदै आएको ऐतिहासिक सत्य घटनामा आधारित छ । रणबहादुर शाहकी जेठी रानी राजेश्वरी दरवारिया षड्न्त्रद्वारा आफ्नै पति राजाद्वारा हेलम्बुमा निर्वासित थिइन् । राजा रणबहादुर शाहको निधन हुनासाथ राजेश्वरीमाथि के कस्तो आपत्ति आइपऱ्यो त्यति नै कथांशमा वा घटनाखण्डमा यो काव्य केन्द्रित छ ।"

**राजेश्वरी** खण्डकाव्यमा राष्ट्रिय स्वर उराल्ने उद्देश्य कवि घिमिरेको होइन, यो कुरो माथिको विश्लेषणबाट पनि स्पष्ट भएको छ । यहाँ जुन रूपको राष्ट्रिय स्वर रन्किएको छ त्यो काव्यको विषयवस्तु, पात्रविधान, घटनास्थल र परिवेशको चतुष्कोणले गर्दा आनुषङ्गिक सिद्धिको रूपमा प्राप्त भएको मात्र हो । यस काव्यमा राष्ट्रोपासना मूल साध्य वा साधनाको केन्द्रीय लक्ष्य होइन । यसमा आजको सन्तप्त मानवताको उपासना मूल साध्य छ । प्राकृतिक परिवेशबाट आणविक परिवेशतिर तानिँदो मानवको निरीह स्थिति देखाई त्यसको समाधानमा प्रकृतिको छहारी औँल्याउनु नै मुख्य उद्देश्य वा प्रमुख लक्ष्य रहेको छ । प्रस्तुत काव्यको अनुशीलनबाट यही कुरा सिद्ध हुन्छ र कवि घिमिरे पनि त्यसै भन्छन् ।[४५]

यस काव्यमा विराट्-व्यापक मानवीय समस्याको सार्वभौम पक्षलाई साधनाको लक्ष्य बनाएको हुनाले प्रस्तुत काव्यको राष्ट्रिय स्वर पनि मानवीय सम्वेदनामाथि थिचिएको छ । नेपाल नेपाली सापेक्ष नबनेर मूलतः विश्व मानवसापेक्ष बन्न पुगेको छ । आजको मानवता आफ्ना हाडमासु आफैले बोकेर आणविक सभ्यताको ज्वालामुखीतिर गइरहेको र त्यसलाई एकान्त कैलाशको प्राकृतिक सञ्जीवनीतिर फिराउनु परेको तथ्य कथ्यको निम्ति उपयुक्त हुने कथासामग्रीको वा प्रबन्धविधानको आवश्यकताले नै कैलाशवासिनी राजेश्वरीको कथ्य-गाथा अँगालिएको हो । राष्ट्रोपासनाको निम्ति वा नेपाल र नेपालीको महिमा गाउनका निम्ति होइन तैपनि आनुषङ्गिक सिद्धान्तकै रूपमा पनि यहाँ राष्ट्रियताको जुन रागिनी रून्झुनाएको छ, त्यो पर्याप्त परिष्कृत र वर्तमान युगको अनुकूल बन्न पुगेको छ ।[४६]

प्रस्तुत काव्यमा नेपालको राष्ट्रिय स्तरको व्यक्तित्वको चरित्राङ्कन, नेपाली गाउँ-ठाउँ, नेपाली चराचुरूङ्गी, नेपालका नदीनाला, नेपालका लतावृक्ष, नेपाली डाँडाकाँडा आदिलाई लिइएको छ र तिनका नामहरू पनि लिइएका छन्, त्यसैले यहाँ सर्वत्र राष्ट्रियताका चहकिला छवि-

[४४] ऐजन्, पृ.२६४ ।
[४५] माधव घिमिरे, पूर्ववत्, पृ.ख र ग ।
[४६] ऐजन् ।

छिर्काहरू चम्किरहेका छन् । तथापि यस काव्यमा आठौँ, नवौँ र एघारौँ छालमा राष्ट्रिय स्वर विशेष मुखर भएको छ भने चौथो छालमा पनि यसको छायाँ निकै घनीभूत हुन खोजेको छ । आठौँ छालमा रानी राजेश्वरीले स्वामी महाराज रणबहादुर शाहलाई काशीबाट फिराएर ल्याएको घटना चित्रित छ र त्यहाँ राष्ट्रिय वीराङ्गनाको जोश-जाँगर र राजनैतिक कौशलद्वारा राष्ट्रोत्थान भएको कुरा स्पष्ट पारिएको छ ।[४७] जसबाट वीरताको सञ्चार हुनुका साथै राष्ट्रिय भावना तथा देशभक्ति चलमलाएको छ । जस्तै :

फर्किन् फेरि पुरानु प्यार प्रियमा सञ्चार सारा गरी
कुर्ले गद्गद् गर्वले अनि चिसापानी र चन्द्रागिरी
लाग्यो अग्ला काम्न कान्तिपुरमा षड्यन्त्र दरवारको
लामो वार लगाई बीच पथमै भाला र तरवारको : ८/२

बोलेथे जयकार वीरहरूले त्यो वीरताको अगि
डोलेथ्यो अनि खल्बलाइ वनमा चित्लाङ् खोलो बगी
हाँसेथ्यो नवकान्ति कान्तिपुरमा हेरेर चन्द्रागिरि
छाएथ्यो त्यस कीर्तिका लहरले टिष्टा र रावी तरी :८/४

एघारौँ छालमा रानीका मुखबाट नेपालीले आफ्ना गुमेका भू-भागहरू फिर्ता लिई आफू फैलिनु पर्ने आवश्यकता प्रकट गरिएको छ तर नेपालीको यो अविराम गतिको बढाई 'जाई कटक नगर्नु, झिकी कटक गर्नु' भन्ने खालको छ । आफ्नो गुमेको वस्तु फिर्ता लिनका निम्ति युद्ध गर्नु र स्वाभिमानको सुरक्षाका निम्ति अनाक्रमक ढङ्गको वीरता प्रदर्शन गनुपर्छ भन्ने खालको राष्ट्रबोध छ । बुद्धको शान्तिसन्देश फिँजाएर वा पूर्वीय प्रभा फैलाएर संसारमा नेपालीत्व फिँजाउने कुरामा यहाँ बढी जोड दिइएको छ, अर्थात् नेपाली माटोको वा नेपाली राष्ट्रको माध्यमले बिराट मानवताकै उपासना गर्ने मूल लक्ष्य राखिएको छ ।[४८] यसरी यस छालमा सर्वाधिक उग्र हुन खोजेको राष्ट्रभक्तिमै पनि पर्याप्त मर्यादा र शालीनता राखिएको छ र नेपालको सीमा विस्तार गर्ने, नेपालीत्व फैलाउनुको मूलमर्ममा ज्योतिजलले अर्थात् पूर्वीय आर्य-मानवतावादी चिन्तन रसले संसारलाई सचेत गर्नुपर्छ भन्ने आशय राखिएको छ ।[४९] जो आजको

[४७] ऐजन् ।
[४८] ऐजन ।
[४९] ऐजन् ।

विषाक्त संसारलाई शीतल सन्देश दिई मानवीय सम्वेदनाको मर्मबोध गराउँने विश्वजनीन उच्च-पवित्र कर्तव्यमा परिणत हुन पुगेको छ ।

जस्तै :

नेपाली अविराम बढ्छ अहिले नाला तरी पश्चिम
टिस्टा हुन्छ प्रविष्ट पूर्वतिरको आभा लिई आदिम : ११/.१
रच्छन् वीर जुटेर आज बलिया किल्ला कलुङ्गामहाँ
पुर्खाका पदचिह्न छन् अमिट रे प्रत्येक ढुङ्गामहाँ
हाम्रो हिर्दय हिल्छ मूल, छहरा, छाँगा र गङ्गामहाँ
हाम्रो जीवन खिल्छ ज्योतिवनका अम्लान थुङ्गामहाँ : ११./२

मेरा शैल र साँध ज्योतिजलमा सारा डुबाईकन
पानी भर्दछु स्वर्गका कलशले शोभा उवाईकन : ११./३

नेपाली जनको सिँगार म गरूँ सिन्दुर मेरो पुछी
फुस्केको यस केशसाथ शिराका चिन्ता जुरामा कसी
साँच्चै बाँच्न सकूँ मरेर अरूको अव्यर्थ उद्देश्यमा
केही साँच्न सकूँ विराट मनुजको अक्षय यै कोशमा : ११/.५

नवौं छालमा नेपाली राजारानीको महिमा र गरिमाद्वारा नेपाली बहादुर हृदयको दुर्दमनीय तर झन्कृत भएको छ । राजा रानीले प्रजालाई सन्ततिवत् स्नेह गर्ने कुरा व्यक्त गर्दै मौसुफहरू जनताका निम्ति मरिमेटीबक्सिन्छ भन्ने ध्वनि प्रस्तुत गरिएको छ । जस्तै :
(राजा रानीको स्वरमा)

वैरीको मुटु काम्दथ्यो थरथरी मैले नबोले पनि
मैले जानिनँ मान्न आजतक नै आज्ञा कसैको पनि : ९/२

चौधौं छालमा गीर्वाणका स्वरमा बालकको मातृवात्सल्य, नेपालीको दरवारिया हजुरिया चाकडीवादी मनोवृत्ति र नेपाली पुर्खाको पौरख तथा नेपाली लोककथाका बिम्ब पनि प्रस्तुत गरिएका छन् ।

जस्तै :

आऊ हेर्न, पुगेर आठ अब त ठूलो भएको छु म
आमा वीर सपूत भैकन तिमीलाई स्वयं पाल्छु म : १४/३
खोज्छन् घेर्न मलाई आज यसरी सर्दार सारा किन
खैरा दाँत र अञ्जुली लुगलुगे, आँखा गरी चिम्चिम : १४/४

आमा ! फेरि कथा म सुन्छु-'पुरुखा कस्ता थिए पौरखी
नाघ्थे पर्वत पाउमा गरूडका जस्ता पँखेटा फुकी'
नाघी सात समुद्र जान्छु सुनको दरबारमा मैं पनि
मारी राक्षस मुक्त गर्छु सहजै सुन्केशरा बन्दिनी : १४/५

माथिका सम्पूर्ण उदाहरण र विश्लेषणबाट प्रस्तुत काव्यको राष्ट्रिय चिन्तन 'नेपाल र नेपाली नै सबैथोक हुन् वा नेपाल राष्ट्र नै सर्वश्रेष्ठ राष्ट्र हो । नेपालीको यौद्धिक बहादुरी नै सर्वमान्य छ' भन्ने खालको नभएर नेपालीले नेपालको धर्तीमा टेकेर आफ्नो स्वाभिमान कायम राख्दै संसारमा शान्तिसन्देश लिएर फिँजिनुपर्छ भन्ने खालको देखिन्छ । यहाँ मानवतालाई, मानवीय सम्वेदनालाई, विराट्-मानवीय समस्यालाई प्रमुखता दिएर टुसाएको राष्ट्रिय चिन्तन छ, मानवतावादी राष्ट्रवादको रन्को गुन्जिएको छ । अन्यत्र पनि यस काव्यमा नेपालीले आफ्नो यौद्धिक बहादुरीमा र आफ्नो राष्ट्रियतावादी उग्रतामा घमण्ड गर्नुभन्दा सबै मनुष्यसँग एकसाथ मिलेर बाँच्ने कुरामा ध्यान दिनुपर्छ भन्ने समेत प्रस्तुत गरिएको छ ।
जस्तै :

के भो दूर पुगेर वीरहरूले विश्वै जितेता पनि
जान्दैनौ जब एकसाथ अरूले बाँच्ने कसरी भनी : १७/५

परिशेषमा यही र यस्तै मानवतामूलक वा मानवीय संवेदना प्रधान बनेर ब्युझिनु नै **राजेश्वरी** का राष्ट्रिय स्वरको परिष्कृत युगानुकूल रूप हो । चिनियाँ जनतालाई नेतृत्व दिँदैमा वा आफ्ना विचारहरू चिनियाँ परिवेशद्वारा स्पष्ट गर्दैमा माओत्सेतुङ र भारतीय जनजीवनको माध्यमले त्यसो गर्दैमा जवाहरलाल नेहरू राष्ट्रिय सीमामा परिसीमित नभएजस्तै र ती नेताहरूले आफ्ना मट्टीमा उभिएर पनि मूलतः विश्वमानवको समस्यालाई हाँक्न चाहेजस्तै कवि घिमिरेले नेपालमा बसेर, नेपाली भाषामा, नेपालका पात्र टिपेर काव्य लेखे पनि उनी राष्ट्रिय सीमामा सङ्कुचित, सीमित छैनन् । **राजेश्वरी** काव्यमा फलतः प्रस्तुत काव्यको राष्ट्रिय स्वर पशुपतिको दर्शन होइन, सिद्राको व्यापार मात्र हो अर्थात् मुख्य लक्ष्य प्राप्ति होइन आनुषङ्गिक फल मात्र हो

।[५०] तर यस्तै आनुषङ्गिक प्राप्ति वा अवान्तरसिद्धिकै रूपमा भए पनि प्रस्तुत काव्यमा जुन प्रकारको नेपाली धर्ती, नेपाली प्रकृति, नेपाली चालचलन र नेपाली जिन्दगानी आदिप्रति आदरभाव र ममता जागृत गराउने राष्ट्रिय चैतन्य वा स्वदेशविषयक रति बिउँझिएको छ, त्यो आफैँमा पनि महत्त्वपूर्ण बनेको छ र त्यसले विराट् धर्ती, विश्वव्यापी प्रकृति र विश्वमानवप्रति प्यार गर्न प्रेरित गरेको छ । यसरी **राजेश्वरी**को राष्ट्रिय स्वर वर्तमान युगका विश्व-नागरिकताको राग-रागिनीमा बाँधेर गाइएको गीतझैँ प्रतीत हुन्छ ।[५१]

उपर्युक्त कुराहरूलाई दृष्टिगत गर्दा **राजेश्वरी** खण्डकाव्यको प्रमुख पात्र **राजेश्वरी** एक देशभक्त पात्र रहेको र देशको लागि हरप्रहर चिन्तन गरिरहने पात्रको रूपमा व्याख्या गरिएको छ । यस काव्यमा देशको ऐतिहासिक घटनाको साथ-साथै राष्ट्रपरक भावना, भनाइ वा श्लोकहरू प्रस्तुत गरिएको छ । यस काव्यमा सारा नेपालीहरूमा राजेश्वरीको जस्तै देशको बारेमा सकारात्मक सोच आओस् भन्ने अपेक्षा गरिएको जस्तो देखिन्छ । सरसर्ती हेर्दा यस काव्यको माध्यमबाट राष्ट्रकवि घिमिरेले सारा नेपालीहरूलाई राष्ट्रको हितको लागि अगाडि बढ्न अभिप्रेरित गरेका छन् र राष्ट्रप्रेमी व्यक्तिको गुणगान गाइएको हुनाले यस खण्डकाव्यलाई राष्ट्रभक्तिपरक खण्डकाव्य भन्न सकिन्छ ।

### ४.३.१.१ ऐतिहासिक विषयवस्तुसँग राजेश्वरी खण्डकाव्यको तुलना

**राजेश्वरी** खण्डकाव्यको कथावस्तु नेपालको इतिहासको एउटा कालखण्डसँग सम्बन्धित घटनालाई लिएर तयार गरिएको हो । तर कथावस्तु र कथानकमा भने नितान्त फरक रहेको देखिन्छ । राजा रणबहादुर शाह कलाप्रेमी र सितार बजाउनमा पनि सिद्धहस्त रहेका थिए ।[५२] रणबहादुर शाहकी कान्छी श्रीमती (कान्तिवती) क्षयरोगले मृत्यु भएपछि रानीका साथ सती जान्छु भनी आलापविलाप गरी रुन थाल्छन् । राजालाई अलपत्र छोड्नु भएन भनी महारानी राजेश्वरी दिनभर राजभवनमा रहेर दैनिक राज्य प्रशासनका अत्यावश्यक कामहरू हेर्ने र रातिमा भने पाटन पुल्चोकमा नै राजासँग गएर बस्न थालिन् ।[५३] रानी कान्तिवतीको मृत्युपछि रणबहादुर शाह भारत जान्छन् । पुनः पछि राजालाई राजेश्वरीले काशीबाट फर्काएर राजकाजमा सम्मिलित

[५०] भानुभक्त पोखरेल, 'माधव घिमिरेका विशिष्ट खण्डकाव्य' (समालोचना), दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५६), पृ.७० ।

[५१] ऐजन् ।

[५२] बाबुराम आचार्य, **नेपालको सङ्क्षिप्त वृत्तान्त**, दोस्रो संस्क., (काठमाडौँ : अन्तराष्ट्रिय मञ्च छापाखाना प्रा.लि. अनामनगर, २०६३), पृ.२५९ ।

[५३] ऐजन् ।

गराउँछिन् ।[५४] राजेश्वरी र त्रिपुरासुन्दरीका बीचमा गृहकलह हुन्छ । दामोदर पाण्डे राजेश्वरीको पक्षमा र भीमसेन थापा त्रिपुरासुन्दरीको पक्षमा हुन्छन् । सुगौली सन्धिपछि भीमसेन थापा सक्रिय भई शासन चलाउन थालेपछि षड्यन्त्र गरी राजेश्वरीलाई हेलम्बूमा निर्वासित गराइन्छ ।[५५] रणबहादुर शाहको मनपरीतन्त्र सहन नसकेर राजेश्वरी आफै हेलम्बूमा गएकी थिइन् भनेर इतिहासकार ढुन्डीराज भण्डारीले उल्लेख गरेका छन् । इतिहासकार बाबुराम आचार्यका अनुसार उनको निगरानीका लागि १०० जना सैनिकसहित उनलाई हेलम्बूमा खेदिएको थियो ।[५६] इतिहासमा वर्णित समग्र सत्यतथ्य घटनाहरू प्रस्तुत **राजेश्वरी** खण्डकाव्यमा उल्लेख भएको पाइँदैन । राजेश्वरी निर्वासित भएको तीन वर्षमा राजाको मृत्यु हुन्छ र राजेश्वरी पुनः राजनीतिमा सक्रिय हुन्छिन् भन्ने आशङ्काले उनलाई षड्यन्त्र गरी बिहानै उज्यालो हुने बेला हेलम्बूमा कुटीको आँगनमा उभिएका सातजना दूत राजेश्वरीलाई कान्तिपुरमा लैजान बोलाउछन् भन्ने प्रसङ्गबाट **राजेश्वरी** खण्डकाव्यको शुभारम्भ भएको छ ।

जस्तै :

हे राजेश्वरी ! पूज्य राजमहिषी हेलम्बूकी वासिनी
यै छायाँमय देवदारु-वनमा हवौली छिपेकी तिमी
आएको पनि तीन वर्ष अब यो एकान्तमा भैसक्यो
रानी नै नभएर कान्तिपुरको शोभा सबै गैसक्यो । (श्लोक :१/५)

तसर्थ ऐतिहासिक विषयवस्तुसँग राजेश्वरी खण्डकाव्यको तुलना गर्दा त्यति सामाञ्जस्यपूर्ण देखिँदैन भन्दा कुनै अत्युक्ति नहोला ।

### ४.३.२ राष्ट्रनिर्माता खण्डकाव्यको विश्लेषण

राष्ट्रकवि माधव घिमिरेद्वारा रचना गरिएको **राष्ट्रनिर्माता** खण्डकाव्य उच्च उदार राष्ट्रिय भावनाले भरिपूर्ण काव्य हो । यो खण्डकाव्य सम्वादात्मक शैलीमा रचना गरिएको छ । २०२३ सालमा प्रथम प्रकाशित[५७] **राष्ट्रनिर्माता** खण्डकाव्य कथावस्तुका दृष्टिले त्यति सम्पन्न छैन । यसमा कथावस्तु छैन नभनुँ नेपाल राष्ट्र र नेपाली जातिका निर्माणको सिङ्गो महाकथन यसले

---

[५४] कृष्णप्रसाद आचार्य र नाराययणप्रसाद गौतम, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, (काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार, २०६१), पृ.१५३ ।

[५५] ऐजन् ।

[५६] पी.पौड्याल, **आधुनिक नेपालको इतिहास**, दोस्रो संस्क.,(काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५४), पृ.५९ ।

[५७] यो काव्य कविता २/४ शरद २०२३, पृ.५६५ मा पहिलो पटक प्रकाशित भएको छ । पछि २०३० पुस्तकाकारमा प्रकाशित हुँदा पनि यसमा उल्लेख्य छाँटकाट भएको छैन ।

अँगालेको छ- कथावस्तु भनुँ यो महाकथा काव्यको मञ्चमा खुलेर नआई पर्दापछाडि झलाकझ्लुक मात्र देखिन्छ । यसैले **राष्ट्रनिर्माता** कथात्मक वा चाहिँदो मात्रामा कथानक र घटनाक्रमहरूका तान्त्रिककुटीको ग्रन्थ भएको काव्य निश्चय नै होइन, किनभने यहाँ हल्का छायाँ खस्दै गरे पनि त्यसलाई आफैँमा जीवन र क्रियाशील भएर खेल्ने अवसर दिइएको छैन । यसको मतलब यसमा कथातत्त्व वा कथावस्तु छँदैछैन् भन्नेचाहिँ होइन । राष्ट्रको निर्माण एक अनन्त प्रक्रिया हो । आज यो भू-प्रदेशको बिस्तारमा होइन्, राष्ट्रिय आत्माको परिष्कारमा हुन्छ । राष्ट्रजन जीवित हुन्जेलसम्म नै यो प्रक्रिया कहिल्यै सकिँदैन, राष्ट्रजन जीवित रहन्छन् ।[५८] राष्ट्र निर्माणको जोश रहुन्जेलसम्म नै राष्ट्रजन जीवित रहन्छन् । पातलो या क्षीण जेजस्तो भएपनि **राष्ट्रनिर्माता** काव्यको कथावस्तु निम्नानुसार छः :

नेपालको एकीकरण गर्दै जाँदा पृथ्वीनारायण शाह निकै लामो विजययात्रापछि आफ्ना सहयात्री भाइ दलमर्दन शाहलाई विशाल हिमालको महिमा सुनाइ, शरदकालीन समयमा आफू पनि विकसित-विस्तृत हुँदै गएको र तबसम्मको विजयले आफू उत्साहित हुन लागेको कुरा सुनाउँदछन् । उनी स्वयम् पनि विशाल बनेको अनुभव व्यक्त गर्दै यस्तै विजय-सङ्घर्षमा लागिरहने हार्दिक इच्छा प्रकट गर्दछन् ।[५९] दाजुका यस्ता कुरा सुनेर दलमर्दन शाह आफूलाई गोर्खा नै राम्रो लागेको र युद्ध गर्दा-गर्दै थाकिसकेको कुरा गरी जुनसुकै क्षेत्र पनि रम्य-भव्य हुन्छ, विशालतामा मात्रै आकर्षण हुन्छ वा त्यसप्रति आकृष्ट हुनुपर्छ भन्ने छैन, किनभने सानातिना भेक पनि उत्तिकै आकर्षण हुन्छन् भन्ने निष्कर्ष प्रस्तुत गर्दछन् । अनि जितिसकेका क्षेत्र-प्रान्तहरूको चर्चा गर्दै ज्यादै विशाल राज्य बनाउनुको पनि उत्रो सार्थकता छैन, समाल्न पनि सकिन्न, जति जितेको भू-भागलाई व्यवस्थित र सुरक्षित राखी विश्राम लिएर बसौँ, युद्ध गर्न छोडौँ भन्छन् । भाइका यस्ता भनाइमा पृथ्वीनारायण मञ्जुर हुँदैनन् र विशाल विस्तारको लागि उचाइमा बढ्दै कोशी, गण्डकी र कर्णाली नदीहरूले सिँचेको, उच्च विराट् हिमाल हाँसेको विशाल क्षेत्रमा नै आफूलाई विस्तारित गर्नुपर्ने र आफूले चालेको कदम युगको आवश्यकता हो भन्दछन् ।

अनि ऋग्वैदिक, पौराणिक तथा ऐतिहासिक कालदेखिको विभूति र महिमाले सम्पन्न भएको नेपालको महत्त्व प्रस्तुत गर्दै त्यसको विराट सौन्दर्यद्वारा आफूमा पनि विराट्-विशालताका झल्का भरिदैँ गएको अविश्रान्त अघि बढेर जाने दृढ इच्छा प्रकट गर्दछन् । यो कुरा दलमर्दनलाई पटक्कै मन पर्दैन । उनमा पृथ्वीनरायणमा जस्तो महत्त्वकाङ्क्षा छैन र उनी अनवरत संङ्घर्ष गर्दै जीवनभरी दुःख झेलेर इतिहासको आदर्श पात्र बन्ने कल्पना गर्न रूचाउँदैनन् । यस्तो मृगतृष्णा

---

[५८] माधव घिमिरे, **राष्ट्रनिर्माता** ('धर्तीमाता' सहित), पृ.१ ।

[५९] ऐजन् ।

छाडौँ, जो भोगिन्छ त्यो प्राप्ति हो, जीवन भोग्नलाई हो, आराम ऐस पनि गर्नुपर्छ भन्दै सङ्घर्षमा जीवन लगाउनुभन्दा सन्तोषको सास फेरेर बस्नुमा जीवनको सार्थकता देख्दछन् । अनि'दाजु सङ्घर्षमै संलग्न रहने हो भने तबसम्म आफू पनि योद्धा बनेर रणक्षेत्रमा कार्य गरेका अंशियार भाइका नाताले र दाजु जत्तिकै राजपुत्र एवम् राज्यको हकदार भएकाले जितिसकेका भू-भागबाट आफ्नो अंश छुट्याइदिनुपर्छ भन्ने जोडदार प्रस्ताव राख्दछन्, किनभने अब उनी आफू पनि राजा बनेर चम्किने र आफ्नै राजवंशको परम्परा प्रवाहित गर्ने प्रबल इच्छा राख्दछन् । त्यसपछि पृथ्वीनारायण शाह राज्य बाड्न नमिल्ने आधार प्रस्तुत गरी-'शिकारीले शिकार मारेर बिलो बाँडेजस्तो नसम्झ, राज्य वा राष्ट्र व्यक्तिगत सम्पत्ति होइन' भन्दै राष्ट्रिय अखण्डताको महत्त्व र अनिवार्यता स्पष्ट गर्दछन् । अन्त्यमा त्यस प्रकारको राज्य बाँडचुँड गर्ने छिन्न-भिन्न हुने, राज्य टुक्रयाएर राष्ट्रको अस्तित्व नै नामेट पार्ने प्रवृत्तिलाई कुनै हालतमा पनि छुट नदिने दृढ धारण प्रकट गर्दछन् ।[६०] पृथ्वीनारायणका विचारमा-सूर्यले हिमाल चुमेजस्तो गरेर सिङ्गो रूपमा राष्ट्रको उपभोग सबैले गर्नुपर्छ । यत्तिमा काव्य समाप्त हुन्छ ।

प्रस्तुत काव्य राष्ट्रिय सन्दर्भमा आधारित भएको तथा यसको विषयवस्तु नेपालका राष्ट्रिय ऐतिहासिक विभूतिसित सम्वद्ध रहेको कुरा माथि आख्यानकै प्रसङ्गमा स्पष्ट भइसकेको छ । कथावस्तुको चर्चामा विषयवस्तु स्वतः स्पष्ट भइसकेकोले वा कथावस्तु भन्नु नै विषयवस्तु भएकोले पुनः त्यसको उल्लेख गरिरहनु उति आवश्यक प्रतीत हुँदैन, तैपनि सङ्क्षेपमा यस काव्यको विषयवस्तु यसप्रकार छ :- **राष्ट्रनिर्माता** पृथ्वीनारायण शाहको अखण्ड तथा विशाल राष्ट्रनिर्माणको भावना'[६१] भन्ने मान्न सकिन्छ र नेपाल निर्माणको एक यौद्धिक घटना वा नेपाल राष्ट्र जन्मिन लाग्दाको एक ऐतिहासिक प्रसङ्ग यसको मुख्य विषय हो भन्न सकिन्छ । त्यस विषयवस्तुको मूलमर्मका रूपमा नेपाली जातिको जागृति- चेतनालाई स्वीकार गर्नुपर्ने देखिन्छ । अर्थात् राष्ट्रिय-जातिय जागृति-चैतन्य नै यस काव्यको विषयवस्तुको केन्द्रीय मर्म हो ।

**राष्ट्रनिर्माता** पाँच सर्गमा विभाजित छ । प्रथम प्रकाशनमा गुणन-चिह्न दिएर खण्ड छुट्ट्याइएको छ, 'सर्ग' आदि कुनै नाम दिइएको छैन । पछि पुस्तक आकारमा प्रकाशित हुँदा तिनै गुणन-चिह्नद्वारा विभक्त खण्डलाई प्रथम, द्वितीय गरी पाँच सर्गमा छुट्ट्याइएको छ । कविले 'सर्ग' नामले विभाजन गरेअनुसार यसमा पाँच सर्ग छन् । क्रमशः प्रथम सर्गमा २५, द्वितीय सर्गमा २२, तृतीय सर्गमा २५, चतुर्थ सर्गमा २३ र पञ्चम सर्गमा ३३ श्लोक छन्; यसरी प्रस्तुत काव्यमा जम्मा १२८ श्लोक छन् । पृथ्वीनारायण शाहको कथानक रूपमा प्रथम सर्गबाट काव्य

---

[६०] जगन्नाथ त्रिपाठी, 'राष्ट्र निर्मातालाई यसो हेर्दा' **मधुपर्क** १०/३ साउन २ ।
[६१] जगन्नाथ त्रिपाठी, 'राष्ट्र निर्मातालाई यसो हेर्दा' **मधुपर्क** १०/३ साउन २०३४, पृ. ६२ ।

प्रारम्भ गरिएको छ ।[६२] दोस्रो सर्गमा दलमर्दनको कथन आउँछ, तेस्रो सर्गमा पृथ्वीनारायण शाह बोल्दछन्, चौथो सर्गमा दलमर्दन बोल्छन् र पाँचौ सर्गमा पुनः पृथ्वीनारायण नै बोल्दछन् ।

**राष्ट्रनिर्माता** वर्णमात्रिक वर्गको उपजाति छन्दमा लेखिएको छ । बीच-बीचमा इन्द्रबज्रा छन्दमा मात्र जम्मा सात श्लोक र उपेन्द्रबज्रा छन्दमा मात्र पाँच श्लोक पर्न गएका छन् ।[६३] तापनि १२८ श्लोकको काव्यमा तिनको सङ्ख्या नगण्य छ र यस काव्यलाई कुनै पाउ इन्द्रबज्राका कुनै पाउ उपेन्द्रबज्राका मिसिएर श्लोक पूरा हुने उपजाति छन्दको कृति मान्नु पर्याप्त हुन्छ । यहाँ व्याकरणिक त्रुटि छैन वा नगण्य छ - पानी-पानि, सरि-सरी र गरि-गरी जस्ता अव्यय शब्दको ह्रस्व-दीर्घ दोहोरो प्रयोग अशुद्ध मानिदैंन र ‘चुली-चुलि, भाई-भाइ र बत्ति’को प्रयोग अशुद्ध हो तापनि यस काव्यभरी रहेको अशुद्धि ‘यस्ति, चुस्ति, भाई र बत्ति’ तीन शब्दमात्र पाइनु कुनै ठूलो दोष होइन् र यति थोरै त्रुटिलाई लिएर लाञ्छना लगाउन मिल्दैन । यस खण्डकाव्यमा त्यति धेरै र ठूला त्रुटिहरू छैनन् । सबै कुरा मिलेका नै देखिन्छन् ।[६४]

**राष्ट्रनिर्माता** काव्यको एउटा महत्त्वपूर्ण बुँदा हो-राष्ट्रिय चिन्तन । यहाँ राष्ट्रिय चिन्तन वा राष्ट्रवादी स्वर परिष्कृत हुनुको साथै वर्तमान युगको अनुकूल पनि बनेको छ । प्रस्तुत काव्यको राष्ट्रिय स्वर सामान्य धरातलको मात्र नभई राष्ट्रभक्ति दर्शनको परिपाकमा पुगेको छ । यस काव्यको विषयवस्तु राष्ट्र, राष्ट्रियता वा जाति र जातीयताको निर्माणसित सम्वद्ध भएकोले यहाँ राष्ट्रिय चिन्तन चलमलाउनु स्वाभाविक हो र कवि घिमिरे स्वयम् राष्ट्रिय स्वरका प्रबल कवि हुनाले प्रौढावस्थातिर पुगिसकेकाले यसमा राष्ट्रभक्तिको स्वरले गहन दार्शनिक परिपाक पाउनु पनि स्वाभाविक हो ।[६५]

प्रस्तुत काव्यमा प्रत्यक्षतः राज्यको अंशवण्डा गरिनु हुँदैन भन्ने तथ्यमा बढी जोड दिइएको छ तापनि राष्ट्र किन अखण्डनीय हुनुपर्छ ? राष्ट्रको रूप कस्तो हुनुपर्छ ? त्यसको उपयोग कसरी गरिनुपर्छ ? आफ्ना राष्ट्रप्रति राष्ट्रनायकले के-कस्तो र कतिसम्म वैयक्तिक अधिकार राख्न सक्छ ? राजा वा राष्ट्राध्यक्ष र राजपरिवार राष्ट्रका सन्दर्भमा स्वयम् के हुन् ? राजा वा राष्ट्राध्यक्षलाई प्रेरित गरेर राष्ट्रिय कार्यमा दीक्षित गराउन जनता वा जातिको के-कस्तो भूमिका रहन्छ ? वा कुन तत्त्वले राष्ट्राध्यक्षलाई नै पनि अनुप्राणित गरिरहेको हुन्छ ? इत्यादि विविध गम्भीर प्रश्नहरू केलाइएका छन् । यी र यस्ता थुप्रै प्रश्नहरूको उत्तर पनि आजको युगसन्दर्भका आँचमा दिइएको छ । यसै क्रममा अर्थात् यस्ता प्रश्नहरू सम्यक रूपले उत्तरित हुँदा स्थानियतावाद र

---

[६२] ऐजन् ।
[६३] ऐजन् ।
[६४] ऐजन् ।
[६५] ऐजन् ।

साम्प्रदायिक  विभाजनवाद दुबै खण्डित भएका छन् तथा तिनको दुष्परिणाम के-कस्तो हुन्छ भन्नेसमेत स्पष्ट पारिएको छ । दलमर्दन शाहको 'तरवार फालेर फूलको थुङ्गो समात्ने अनि आरामसित बस्ने' प्रस्तावको जवाफबाटै 'राजा वा राष्ट्राध्यक्षको इच्छाले मात्र राज्य वा राष्ट्र चलेको हुँदैन । यसका पछाडि जातीय चेतनाको भूमिका रहन्छ' भन्ने कुराको उठान हुन्छ । आफूलाई आराम-ऐश र विलास गर्न पुग्ने जति काम भइसकेपछि किन युद्ध गर्ने भन्ने दलमर्दन शाहको विचारको विरोध पृथ्वीनारायण शाह यसरी गर्दछन् :

हिमालको सुन्दर सिर्जना यो
जातीयताको चिर चेतना यो
यो शक्ति आफैँ शिवतत्वसङ्ग
फलाममा चुम्बकको तरङ्गः ३/१९

यै शक्तिले केवल तानि आयौँ
नजानि आए पनि जानि आयौँ
बढ्ने सधैँ जीवनको कहानी
महानदी बन्दछ मूलपानी ! ३/२०

यी पङ्क्तिहरूमा राष्ट्रनिर्माणको यस अभियानमा हामीलाई खटाउने तत्त्व जातीय चेतना हो । हामी हाम्रा स्वेच्छाले जग्गा-जमिन र सम्पत्ति बढाउन हिँडेका होइनौँ, हामीलाई हिँडाउने त हिमाली जनजातिको युगीन चेतना हो । त्यसैले हामी यो अभियान छाडेर भोगविलास गर्न पाउँदैनौँ भनिएको छ- जो राष्ट्रिय चिन्तनका राजा वा राष्ट्राध्यक्ष मात्र सर्वस्व होइनन्, यसमा जनता वा जातिको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ भन्ने आजका युगबोधको प्रक्षेप स्पष्ट परेको छ ।

चौथो सर्गमा जब दलमर्दन शाह रसमाधुरी भोग्ने कुरामा दाजु असहमत भएको पाउँछन्, तब उनी (दलमर्दन) त्यसो भए म चाहिँ मेरो अंश राज्य पाऊँ, म पनि उत्तिकै राजपुत्र हुँ, म पनि राजा बन्छु, नत्र मैले यत्रो लडाइँ गरेर राज्य बढाएको के अर्थ ? जबकि भविष्यमा मेरो सन्तान सामान्य जनतासरह हलो जोती खाने हुन्छन्, बाबुको सम्पत्तिमा मेरो पनि हक छ, म छुट्टिएर बेग्लै राज्य गर्छु । यसको  खण्डन पृथ्वीनारायण शाह यसरी गर्दछन् :

खेलेर ऐह्रा मृग एक मारी
बाँडी कलेजो जति छन् शिकारी
बिलो लिए झैँ शरमा उनेर

यो राज्य बाँड्ने चिज हैन हेरः ५/३

यो राज्य लिन्छौँ जुन आन अंश
बाँड्दै र चुँड्दै अनि वंश वंश
रहन्छ त्यो केवल गाउँ मात्र
जादूगरी जन्तर नाउँ मात्रः ५/५

पारिन्छ सत्ता जब खण्ड खण्ड
रहन्छ के राष्ट्र त्यहाँ अखण्ड?
थुतिन्छ पत्ता जब खात खात
सिद्धिन्छ शोभा अनि फूलबाटः ५/१०

भासिन्छ सुस्तै जब यो जिमी नै
कहाँ उभिन्छौ भन हे, तिमी नै
काटेर डाली रूखबाट भाइ !
के नीड रच्छौ, कुन गीत गाई ? ५/११

यी श्लोकहरू अवश्य स्पष्टै छ तापनि यहाँ के गर्नु आवश्यक छ भने- राष्ट्र अखण्ड रूपमा राखिनुपर्छ भन्नाले तत्त्व बुझाउँदा नबुझ्ने स्थानीयतावादी- सङ्कुचित, व्यक्तिवादी वा राज्यलाई व्यक्तिगत सम्पत्ति ठान्ने व्यक्तिहरूलाई बल प्रयोग गरेर पनि राष्ट्रिय अखण्डता कायम राखेरै छाड्ने दृढता व्यक्त गरिएको छ । स्थानीयता- क्षेत्रीयतावाद, साम्प्रदायिक विभाजनवाद र वैयक्तिक स्वार्थवादलाई कुनै हालतमा पनि क्षमा नदिने अठोट गरिएको छ । यसप्रकार यहाँ राष्ट्र वा राज्यका सन्दर्भमा व्यक्तिवादी वा साम्प्रदायिक विभाजनवादी प्रवृत्तिको विरूद्ध समष्टिवादी अखण्डतावादी दृष्टिकोणको स्थापना गरिएको छ र यसैभित्र वर्तमान तेस्रो विश्वको मुलुकका राष्ट्रविरोधी अर्थात् विदेशी साम्राज्यवादी– विस्तारवादी शक्तिसित साँठगाँठ गरी आफ्नो राष्ट्रिय स्वतन्त्रता खतरामा पार्न चाहने व्यक्तिहरूका प्रवृत्तिको विरोध पनि स्वतः ध्वनित भएको छ । मानिस सामाजिक प्राणी भएकाले अवश्य समाजमुखी बन्नुपर्दछ । यदि मानिस व्यक्तिमुखी भयो भने समाजप्रति र राष्ट्रप्रतिको आफ्नो दायित्व बिर्सिदिन्छ । त्यसैले मानिसलाई राष्ट्रमुखी बन्न प्रेरित गर्नुपर्छ । मानिसहरू भित्र अनन्त सिर्जनाश्रृङखला हुन्छन् । राष्ट्रमुखी भएमा उनका सिर्जनाले पुष्पित र पल्लवित हुने अवसर पाउँछ । यस काव्यमा पृथ्वीनारायण शाहले अँगालेका जीवनदर्शन समाजमुखी एवम् राष्ट्रमुखी हो भने उनका भाइ दलमर्दन शाहले अँगालेका

जीवनदर्शन व्यक्तिवादी हो । व्यक्तिवादी जीवनदर्शनले समाज र राष्ट्रको कल्याण गर्न सक्दैन । समाज र राष्ट्रमा नयाँ सिर्जन गर्नुपर्छ भन्ने दृष्टिकोण यस खण्डकाव्यमा पाइन्छ । यस काव्यमा पृथ्वीनारायण शाहले अँगालेको समाजमुखी एवम् राष्ट्रमुखी जीवनदर्शन, अँगाल्नु पर्दछ भन्ने विचार व्यक्त भएको पाइन्छ ।

कवि घिमिरे उपर्युक्त राष्ट्रिय अखण्डताको पक्षमा सैद्धान्तिक तर्क मात्र पेस गर्दैनन्– त्यसको व्यावहारिक सुनियोजन पनि प्रस्तुत गर्दछन् । 'राष्ट्रलाई कसरी सबैले उपभोग र सदुपयोग गर्नुपर्छ ? कसरी राष्ट्रलाई अक्षयस्रोतका रूपमा बचाई राख्नुपर्छ ?' भन्ने प्रश्नहरूको समाधान दिनुका साथै त्यसो गर्नका महत्त्वपूर्ण उपलब्धिहरूबारे पनि सचेत गराउँछन् ।
जस्तै :

नेपाल यो सुन्दर दिव्य देश
पुर्खाहरूले चिर भुक्तशेष
पिए पनि नित्य भरी भरी यो
रित्तिन्न कैल्यै मधुमाधुरी योः ५/७

नाना थरी निर्झर निर्झरीको
मुहान यौटै दुधपोखरी यो
तप्केसरी अमृत तालुद्वारा
नाडी नसा सिक्त बनाइ साराः ५/८

सुगन्धमा पुष्पराग जस्तै
मिलेर सप्तस्वर राग जस्तैः ५/२५

यो बाँसुरीको विलना अनादि
न सुख्ख बाँधी न त दुख्ख बाँधी
आफ्नो त्यहाँ आशय भर्न सक्छौ
न बाँसुरी नै तर हार्न सक्छौः ५/२७

यसप्रकार मूलोच्छेदन नगरी राष्ट्रलाई अखण्ड अमृतस्रोतका रूपमा राखेर अनन्तकालसम्म सबैले पिउनुपर्छ, यसरी पिउँदा पिएर सकिने त प्रश्नै उठ्दैन् बरू झन्-झन् भरिँदै जान्छ ।[६६]

[६६] ऐजन् ।

यसर्थ हामी सबैले, सबै हिमाली नेपाली जातिले सूर्यले आफैँ सौन्दर्य-ज्योतिद्वारा उज्यालो बनाउँदै आफैँले हिमालको रसमाधुरी चुमेझैँ सिङ्गो रूपमा राष्ट्रको स्याहार-सम्भार पनि गर्दै त्यसको उपभोग गर्नुपर्छ भन्ने निष्कर्ष निकालिएको छ ।

सम्वादात्मक शैलीमा लिइएको यस खण्डकाव्यमा धेरैजसो राष्ट्रनिर्माणका श्लोकहरूलाई प्रस्तुत गरिएको छ । आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताको लागि युद्ध लड्ने महान् व्यक्तित्व पृथ्वीनारायण शाहलाई प्रमुख पात्रको रूपमा लिइएको यस काव्यका समग्र पक्षको अध्ययन गर्दा राष्ट्रभक्तिको भावना टड्कारो रूपमा देख्न सकिन्छ ।[६७] यस काव्यले समग्र जनमानसमा देशको लागि आफ्नो निजी स्वार्थलाई हेर्नु हुँदैन भन्ने सन्देश दिएको छ । यी कुराहरूको विश्लेषण गर्दा यस काव्यलाई देशभक्तिपरक काव्य भन्नु अत्युक्ति नहोला ।

### ४.३.२.१ ऐतिहासिक विषयवस्तुसँग 'राष्ट्रनिर्माता' खण्डकाव्यको तुलना

**राष्ट्रनिर्माता** खण्डकाव्य ऐतिहासिक काव्य हो । यसको कथावस्तु पृथ्वीनारायण शाह र भाइ दलमर्दन शाहबीचको सम्वादलाई प्रस्तुत गरिएको छ । नरभूपाल शाहको मृत्युपछि पृथ्वीनारायण शाह गोरखा राज्यको राजसिंहासनमा विराजमान हुँदा काठमाडौँ उपत्यकाभित्रका मल्ल राज्यका राजाहरू एकआपसमा सङ्घर्ष गरिरहेका थिए ।[६८] गोरखा राज्यारोहण गर्ने बित्तिकै- "तीर्थ गर्न जाने" भनि बहाना गरी उनी सर्वप्रथम आफ्ना दलबलसहित काशी यात्रातिर लागे । तीर्थ गर्न जाने भन्ने त यिनको बहाना मात्र थियो, वास्तवमा यिनी  नयाँ किसिमका हातहतियारको खोजीकालागि त्यतातिर लागेका थिए ।[६९] तसर्थ यी विभिन्न प्रसङ्गहरूका साथै उनले नेपाल एकीकरणको सन्दर्भमा जितेका कीर्तिपुर (१९२५) काठमाडौँ... ललितपुर आदि जस्ता राज्यहरूको वर्णन प्रस्तुत खण्डकाव्यमा उल्लेख भएको पाइँदैन । उक्त काव्य प्रत्यक्षत : राज्यको अंशवण्डा गरिनु हुँदैन भन्ने तथ्यमा बढी जोड दिइएको छ ।[७०]

नेपाल राष्ट्र निर्माणका महानायक पृथ्वीनारायण शाह नेपालको एकीकरण गर्दै विजययात्राका कदम अगाडि बढाउँदैको खुसियालीमा भाइ दलमर्दन शाहलाई शरद्कालीन सुरम्य वातावरणमा विशाल नेपालको राष्ट्रिय महिमा बताइएको प्रसङ्गबाट मात्र खण्डकाव्यको प्रारम्भ भएकोले ऐतिहासिक विषयवस्तुको तुलनामा **राष्ट्रनिर्माता** खण्डकाव्य नितान्त फरक रहेको प्रतीत हुन्छ ।[७१]

---

[६७] ऐजन् ।
[६८] भानुभक्त पोखरेल, पूर्ववत् ।
[६९] ऐजन् ।
[७०] ऐजन ।
[७१] ऐजन् ।

### ४.३.३ 'धर्तीमाता' खण्डकाव्यको विश्लेषण

**धर्तीमाता** २०३० सालमा सर्वप्रथम प्रकाशित भएको हो । प्रस्तुत कृति **राष्ट्रनिर्माता** खण्डकाव्यमा गाभिएर नै पहिलोपटक महाकाली घिमिरेद्वारा प्रकाशित भएको देखिन्छ, जसमा जम्मा ४७ पृष्ठ छन् । **धर्तीमाता** अथर्ववेद काण्ड अन्तर्गतको 'पृथ्वीसूक्त' को अनुवाद हो । यसमा 'पृथ्वीसूक्त'का ११ देखि ६० सम्मका मन्त्रहरूमध्येबाट जम्मा तैत्तीस मन्त्रहरूको अनुवाद गरिएको छ । प्रस्तुत खण्डकाव्यको रचनाकाल २०२८ भनी तोकिएको छ र यस काव्यका सात टुक्रा पटक-पटक गरी मासिक पत्रिका **मधुपर्क** मा वि.सं २०२८ सालमा नै छापिएको पाइन्छ । तसर्थ **धर्तीमाता** को रचना २०२८ सालमै भएको मान्न सकिन्छ, तापनि पुस्तकाकारमा प्रकाशित नहुन्जेल अर्थात् २०३० सालसम्म

पनि यसको परिष्कार-परिमार्जन हुँदै रहनु सम्भव भएकोले यस काव्यको रचनाकाल २०२८-३० सम्मको अवधि हुन पुग्छ । **अथर्ववेद**को 'पृथ्वीसूक्त'मा जम्मा ६३ मन्त्र छन् र ती सबैको अनुवाद यसमा छैन बरू कविको रूचिअनुसार छानेर लिएका ३३ मन्त्रको अनुवाद मात्र यसमा प्रस्तुत गरिएको छ ।

**धर्तीमाता** काव्यमा कुनै कथावस्तु देखिँदैन । पृथ्वीसित सम्बन्धित वैदिक मन्त्रहरूको भावविस्तार गरिएको कृतिमा कथावस्तु खोज्नु लङ्गडाको पर्वतारोहण हुनसक्छ वा तैपनि धर्ती वा मानवको अनादिकालदेखिको पारस्परिक सम्बन्ध र साहचर्यको कथा-गाथा अति सूक्ष्मै रूपमा भए पनि यस काव्यको धुकधुकीभित्र पाउन सकिन्छ । **धर्तीमाता** पृथ्वीसूक्तको विशुद्ध सक्दो अनुवाद मात्र नभएर पर्याप्त मौलिकता सुसाएको काव्य हो र यसमा वर्तमान युग सन्दर्भको मनुष्यलाई वैदिक चिन्तनसित गाँसेर हेर्ने प्रयास पनि गरिएको छ । पृथ्वी र मनुष्यको अनादिकालदेखिको सहवास वा स्नेहसूत्रभित्र लहरिएको एक सूक्ष्म दीर्घ कथावस्तु मूलग्रन्थ 'पृथ्वीसूक्त' मै पनि पाइन्छ र त्यहीँ कथावस्तु वा आख्यानसूत्र **धर्तीमाता** ले समातेको छ ।

'पृथ्वीसूक्त'मा पृथ्वी, धर्ती वा भूमिलाई नै मुख्य विषय बनाएको छ र पृथ्वीका विविध प्राकृतिक तत्त्वहरूका साथै प्राणी तथा मनुष्यलाई केन्द्रीय वृत्तिमा राखिएको छ । **धर्तीमाता** पनि उक्त 'पृथ्वीसूक्त' कै कतिपय मन्त्रहरूको भावविस्तार भएकोले यसको मुख्य विषयवस्तु पृथ्वी वा धर्ती नै हो अर्थात् मनुष्यलगायत समस्त प्राणीहरूको चिन्तन आवासभूमि धर्ती नै यसको विषय हो । यसरी धर्तीनै विषय भएपछि धर्तीले धानेका तमाम कुराहरू विषयभित्र पर्नु स्वाभाविक हुन जान्छ । **धर्तीमाता** काव्य पृथ्वीको महिमागान भएकाले यसको विषयवस्तु पृथ्वी नै हो भन्नु पर्याप्त हुन्छ । निष्कर्षमा उपास्य 'आलम्बन'का रूपमा पृथ्वी र उपासक 'आश्रय'का रूपमा मनुष्य प्रस्तुत काव्यको विषयभित्र पर्दछन् ।

प्रस्तुत काव्यमा 'माटो र मुटुको सम्बन्ध अविभाज्य र शाश्वत छ, माटो भन्नु मानवको मुटुको सर्वस्व हो तथा सिर्जनी प्रकृति धर्तीकै सन्तति हामी मनुष्यका आदि, मध्य र अन्त्यका सबै कार्य यसै धर्तीमा सम्पन्न हुन्छन् । यसै धर्तीका काखमा हाम्रो अस्तित्व कायम रहेकोले पनि धर्तीको शरण्यतामै हामी बाच्छौँ भन्ने कविको भावनाकण, स्फुरणविन्दु वा चिन्तनतरङ्ग नै मुख्य भावना वा केन्द्रीय प्रतिपाद्य हो । त्यसको सम्मूर्तनको लागि कविले 'पृथ्वीसूक्त'को आश्रय लिएको छ, अनि त्यस भावनालाई मानवविकासका दीर्घतर तर सूक्ष्म मौन आख्यनका कोणमा विस्तारित, पल्लवित गरेको छ र यही नै यसको भावनाको आख्यानीकरण हो । अलिकति विस्तारमा गएर यस कुरालाई स्पष्ट गर्न खोज्दा अदृष्य रहेको वा काव्यको मञ्चमा खुलेर नआएको भए पनि धर्ती र मानवका परस्पर सम्बन्धको जे-जस्तो कथावस्तु यसलाई प्राप्त छ त्यसै स्तरको अस्पष्ट निगूढ रहेर पनि प्रभावोत्पादक आख्यनमयता यसलाई प्राप्त भएको छ भन्न सकिन्छ । कवि आफै उत्तम पुरुषमा 'म' बनेर मानव मात्रको प्रतिनिधित्व गर्दै यस धर्तीमा कुटी बनाउने, अमर माया लगाउने, परस्पर आक्रामक युद्ध गर्ने र सौहार्दमय वातावरण सिर्जना गर्नेसमेत आफैँ बनिँदै आफ्ना उपर्युक्त मूल भावनालाई आख्यानीकृत रूप  दिन्छन् । यसरी यहाँ मरी तरी आत्मविकास गर्दै आइरहेका अगाडि अनन्तकालीन मानवयात्रीका सूक्ष्म कथामय रेशामा कविले आफ्ना भावनालाई जेलजाल गरेका छन्, जसै-तसै आख्यानीकृत रूप दिएका छन् । उच्च कविताका दृष्टिले **धर्तीमाता** नेपाली काव्यजगत्को अमर प्राप्ति हो भने स्थायी र अन्तराको संयोजनमा गीतको ढङ्गले लेखिएको हुनाले शैलीगत दृष्टिले पनि नयाँ सम्भावनाको द्वार उद्घाटित गर्ने कविता कृति हो, तथा समकालीन भाषाभञ्जनको र चिन्तनभाव श्रृङ्खलाविहीन प्रयोगवादी कविता सिर्जनाको परिवेशमा भाषिक सम्वर्धन र भावचिन्तन तथा जीवनपरक दर्शनहीन तत्कालीन प्रयोगवादी कविता लेखनको वातावरणका जीवनबोधी दार्शनिक मूल्यको अडानका दृष्टिले पनि ठूलो उपलब्धि हो ।

आफ्नो जन्मभूमि वा धर्तीलाई सर्वस्व ठानेर लेखिएको यस काव्यमा भूमिलाई जन्मेदेखि मृत्युपर्यान्त साथीको रूपमा लिइएको छ । मानिसलगायत सम्पूर्ण जीवजीवात्मा धर्तीमा जन्मन्छन्, धर्तीमै हुर्कन्छन् र उसका सबै क्रियाकलापहरू धर्तीमा नै सञ्चालित हुन्छन् । त्यसैले यस काव्यमा धर्तीलाई कविले सहवासीका रूपमा लिएका छन् । सदाबहार साथीको रूपमा रहने धर्तीलाई प्यार गर्नुपर्ने कुरा यस खण्डकाव्यमा दर्शाइएको छ, त्यसैले घिमिरेको यस खण्डकाव्यलाई राष्ट्रभक्तिपरक कृति मान्न सकिन्छ ।

जस्तै :

यो धर्तिमा उत्तम राष्ट्र हाम्रो
छ नाभिमा अमृत-तत्त्व हाम्रो : ६/१

यै धर्तिमा अमृत ज्योति पाऊँ
म जिन्दगीका मधुगीत गाऊँः ९/१

जहाँ बसे तापनि मर्त्यजाति
हे धर्ति ! तिम्रै प्रिय काखमाथिः १८/१

धर्ति ! अझै सुन्दरमा पुऱ्याऊ
त्यै देश देशान्तरमा पुऱ्याऊः १९/१

### ४.३.३.१ पृथिवीसूक्तसँग धर्तीमाता काव्यको तुलना

प्रस्तुत काव्यको तुलनाको क्रममा **धर्तीमाता** काव्य 'पृथिवीसूक्त'को अनुवाद हो कि त्यसको आडमा रचिएको मौलिक कृति हो ? अर्थात् अनुवाद र मौलिक विस्तारमा के कति अन्तर छ ? प्रत्येक मन्त्रको अङ्कसङ्ख्या राखी त्यसैको अनुवाद भनिएकोले[७२] यस काव्यलाई अनुवादकै कोटिमा राख्न त सकिएला तर यो कविको सज्जनता मात्रै हो भन्ने प्रतीत हुन्छ- जब दुई पङ्क्ति मन्त्रको अनुवाद बाईस पङ्क्तिसम्म फैलिन पुग्छ अनि **धर्तीमाता**लाई अनुवाद वा रूपान्तरण मात्र मान्न नमिल्ने स्थिति आईपर्छ । तसर्थ यो अनुवाद हो कि मौलिक कृति हो ? भन्ने तथ्यलाई स्पष्ट पार्नको निम्ति 'पृथिवीसूक्त'को मूलमन्त्र, तिनको प्रामाणिक अर्थ र यहाँ गरिएको पद्यानुवादलाई तुलना गरेर हेर्नु आवश्यक हुन्छ ।[७३] 'पृथिवीसूक्त'को प्रथम मन्त्र तथा त्यसको सरल अर्थ क्रमशः तल प्रस्तुत गरिन्छ ।
जस्तै :

सत्यं वृहदृतमुग्रं दीक्षा तपो ब्रह्म यज्ञः पृथिवी धारयन्ति ।
सा नो भूतस्य भव्यस्य पत्युरं लोकं पृथिवी नः कृणोतु ।१।

यसको सरलार्थ सत्यनिष्ठा, विस्तृत यथार्थको बोध, दक्षता, क्षात्रबल, तपश्चर्या, ब्रह्मज्ञान, त्याग र बलिदान आदि यी भावहरूले मातृभूमिको पालनपोषण र संरक्षण गर्दछन् । भूतकालीन र भविष्यमा हुने सबै प्राणीहरूको पालन गर्ने मातृभूमिले हामीलाई विस्तृत स्थान प्रदान गरोस् ।[७४]

---

[७२] माधव घिमिरे, **धर्तीमाता,** ... , (ललितपुर : साझा प्रकाशन), पृ. ३६ ।
[७३] ऐजन् ।
[७४] तिलकप्रसाद लुइटेल, नेपालीमा अनुवनद, **अथर्ववेद**,...... (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ.३८५ ।

कवि घिमिरेले **धर्तीमाता** कै परिशिष्टमा आफैले प्रस्तुत गरेको यस मन्त्रको गद्यानुवाद निम्नानुसार छ :

'महान् सत्य, उच्च ऋत, दीक्षा, तप, ब्रह्म र यज्ञले पृथिवीलाई धान्दछन् । यि नै हाम्री अतीत र अनागत की अधिष्ठात्री पृथिवी हामीलाई फराकिला बस्ति दिऊन् ।१।'

अब उपर्युक्त दुई प्रकारका अर्थबाट पनि सरदर एउटै, उस्तै-उति नै सीमित भावसामग्री निस्किने प्रथम मन्त्रमा आधारित कविताको सिङ्गै अध्याय हेरौं ।

जस्तै :

हे धर्ती होऊ यसरी फराक
कि हुन्छ धर्ती जसरी फराक
जोसाना बित्ता मरिया म पाऊँ
त्यहीँ म यौटा कुटिया वनाऊँ
डाँडा र काँडा अनि ढाकिजाऊँ
गडेर नौलो चिनो राखिजाऊँ

सधैँ-सधैँ आज हिजो र अस्ती
हवौं आदि यस्ती कि अनादि जस्ती
बूढी बज्यै झैँ कहँदी कहानी
छोएर माटो मुटुमा निशानी
सधैँ-सधैँ आज र भोलि पर्सि
हिडिरहन्छ्यौ कहिल्यै नपर्खी
मेटिन्न माटो मुटु हुन्न बन्द
टुङ्गिन्न बाटो क्रम यै अनन्त

केही गरूँ झैँ मनको कुनामा
बस्छ्यौ तिमी जो तप साधनामा
बिम्झेर हाम्रै मृदु मन्त्रणामा
बढ्छ्यौ सधैँ नै नव सृजनामा

मबाट मै जो बढी नै रहन्छु
मभित्र आफै अडिएर किन्तु
यै 'सत्य' ठूलो 'ऋतु' यै उदार

यै हो जगजीवनको अधार

हे धर्ति ! होऊ यसरी फराक
कि हुन्छ छाती जसरी फराकः (पृ. सू. १ मन्त्र)

उपर्युक्त उधृत अंशबाट के स्पष्ट हुन्छ भने **धर्तीमाता** वैदिक मन्त्रको आडलाई शिरानी राखेर रचिएको मौलिक काव्यकृति हो । माथिका दुई पङ्क्ति मन्त्रलाई बाईस पङ्क्तिसम्म तन्काउनु र मूलमन्त्रको छायाँ कता-कता मात्रै परेजस्तो हुनाले पनि **धर्तीमाता** काव्य 'पृथिवीसूक्त'को अनुवाद मात्र चाहिँ होइन बरु 'पृथिवीसूक्त'का मन्त्रको बीजाङ्कुरमा टुसाएको मौलिक रचना हो भन्ने साबित हुन्छ । तसर्थ 'पृथिवीसूक्त'सँग **धर्तीमाता** काव्यको तुलना गर्दा नितान्त रूपले फरक रहेको तथ्य स्वतः स्पष्ट हुन्छ ।[७५]

## ४.४ माधव घिमिरेका गीतमा देशभक्ति

माधव घिमिरेद्वारा रचित गीतहरूमा गेयात्मक गुण ज्यादै सुन्दर रूपमा रहेकोले उनका गीतहरू कर्णप्रिय रहेका छन् । 'गाउँछ गीत नेपाली' र अन्य कतिपय गीतहरू रेडियो नेपालद्वारा प्रसारित भएका छन् भने कतिपय गीतहरू नेपाली कथानक चलचित्रहरूमा समेत ज्यादै मार्मिक पाराले प्रस्तुत भएका छन् । २०३३ सालमा प्रकाशित गीतसङ्ग्रह 'किन्नर-किन्नरी' मा पूर्वार्द्ध र उत्तरार्द्ध गरी जम्मा १६१ ओटा गीतहरू संकलित रहेका छन् । पूर्वार्द्ध खण्डमा राष्ट्रिय भावनाका, स्वदेशमहिमाका र जन्मभूमिप्रति आस्था देखाइएका गीतहरू सङ्कलित रहेका छन् भने उत्तरार्द्ध खण्डमा तरूनी-तन्नेरीको प्रेमाकुल मनोदशाका, विरह चेतनाका, करूणाभावका र मायाप्रितीका गीतहरू सङ्कलित छन् । माधव घिमिरेका देशभक्तिको भाव भएका केही गीतहरूको व्याख्या र विश्लेषण निम्नानुसार गरिएका छन् :-

### ४.४.१ पर्वतकी पार्वती हे

प्रस्तुत गीतमा गीतकार घिमिरेले हिमालय पर्वतकी छोरी पार्वतीको गुणगान गरेका छन् । हिमचुली लहरहरूमा सधैँ पार्वती नै हाँसिरहने र धोबिनी चरीले पनि उनकै गला खोला-खोलामा गाउँदै हिँडेको सन्दर्भलाई उल्लेख गरेर हिमालय पुगी पार्वतीको माध्यमद्वारा स्वदेशको महिमागान

[७५] भानुभक्त पोखरेल, **धर्तीमाता** खण्डकाव्यको विवेचना, ..... (ललितपुर : साझा प्रकाशन २०....), पृ.१२३-१२६ सम्म ।

गाएका छन् । गीतमार्फत घिमिरेले पार्वतीलाई नेपालमा एक अर्काप्रति जुन स्नेह र प्यार रहेको छ, त्यसलाई विश्वभरी सुनाइदेऊ भनि राष्ट्रिय  भावनालाई यसरी अभिव्यक्त गरेका छन् ।
जस्तै :

हिमाललाई लगाइदेऊ इन्द्रिनीको हार
संसारलाई सुनाइदेऊ नेपालको प्यार । श्लोक : ५

### ४.४.२ परन्तु यौटै मूर्तिमा विराट

यस गीतमा माधव घिमिरेले देशभक्तिको भावलाई अभिव्यक्त गरेका छन् । नेपाललाई आमाको सम्बोधन गर्दै कुनै ठाउँमा घाम र कुनै ठाउँमा छाँया भएको र जहाँसुकै जे जस्तो भए पनि सारा सन्तानमाथि एउटै माया गरेको सन्दर्भबाट गीतको थालनी भएको छ । धवलागिरि, कञ्चनजङ्घा, सगरमाथा र पाखापखेराहरूले पनि पलपल रङ्ग बदलिरहने देश नै वसन्तमा मेरो देश हो भनि उनले स्वदेशभक्तिको गीत गाएका  छन् । वीर पुर्खाहरूले अर्ज्याको मुलुक, जहाँ नेपालीहरूको दिल कोमल हुन्छ साथै यो देश भनेको चार जात छत्तीस वर्णको साझा फूलबारी हो भनि देशभक्तिको महिमागानलाई व्यक्त गरेका छन् ।
जस्तै :

फूलबारीभरि छत्तीस थरी फूलै फूलेको
यो देश मेरो-कठोर पौरख, कोमल दिलको । श्लोक : ४

### ४.४.३ जय जय जय हे नेपाल

गीतकार माधव घिमिरेले विश्वको सर्वोच्च शिखर सगरमाथाको देश भनेर चिनिने नेपालमा सधैँभरी जय होस्, कल्याण होस्, शुभ होस् र सुन्दर शान्त अनि विशाल होस् भनी देशभक्तिको भावनालाई उजागर गरेका छन् । सर्वोच्च शिखर सगरमाथामा पहिले नेपाली पुग्छ । यही नेपालमा जन्मेकी सीताले दक्षिण भारतसम्म आफ्नो कीर्तिमान गरेकी छन् भने चीनका राजकुमार स्रोङचोङ गम्पोसित यही धर्तीमा जन्मेकी भृकुटीको शुभविवाह भएको थियो । शान्तिको ज्ञानको पहिलो मुहान यही देशमा जन्मेको बुद्धले ल्याएका थिए । कुनै शक्तिको सामुमा आफ्नो शिर नझुकाउने वीर नेपालीहरूले आफ्नो देशको सीमा पूर्वमा टिष्टा नदी र पश्चिममा काँगडासम्म विस्तार गरेका थिए । जबसम्म आकाशमा सूर्य र चन्द्र रहन्छन्, तबसम्म हामी बाँचिरहने छौं भन्ने प्रखर राष्ट्रवादी भावना यसरी प्रकट भएको छ ।
जस्तै :

बाँचौंला हामी नेपालमा चन्द्र र सूर्य ध्वजाली
नाचौंला हामी हिमालमा ज्योतिको पङ्ख उचाली । श्लोक :५

### ४.४.४ स्वदेश मेरो नेपाल

प्रस्तुत गीतमा गीतकार घिमिरेले संसारभरको सुन्दर देश नै वास्तवमा मेरो स्वदेश नेपाल हो । जुन चन्द्र र सूर्य ध्वजाको शीतल छायाँमन्तिर अवस्थित रहेको छ भनी गीतको प्रारम्भमा नै स्वदेशभक्तिको महिमालाई व्यक्त गरेका छन् । गीतमा नेपालका मल्ल र शाहवंशी राजाहरूलाई क्रमशः सूर्यवंशी र चन्द्रवंशी भनि गीतकारले स्वीकारेका छन् । यही नेपालमा शिवपार्वतीको सगरमाथामा वास थियो । सीताको माइती गाउँ जनकपुर पनि यही नेपालमै पर्दछ । बाइसी राजाहरू बसेको राप्ती देश र चौबिसी राजाहरू बसेको गण्डकी देश पनि सुन्दर शान्त थियो, त्यो सुन्दर देश पनि यही स्वदेश नेपालमै पर्दछन् भनी देशभक्तिको महिमालाई उजागर गरेका छन् ।

जस्तै :

स्वदेश मेरो नेपाल संसारभरको सुन्दर
चन्द्र र सूर्य ध्वजाको शीतल छायाँमन्तिर । श्लोक :१

### ४.४.५ यही हो मेरो चौराली

वीर नेपालीहरूको वीरतालाई वर्णन गरेर गीतकार माधव घिमिरेले देशभक्तिको भावनालाई व्यक्त गरेका छन् । आफ्नो देशको रक्षाको निम्ति नेपाली वीरहरू ढुङ्गाको रास लगाई चौराली बनाएर शत्रुहरूसँग लडेका थिए । दक्षिणबाट एक्कासि अङ्ग्रेजहरूको तोप गर्जिए पछि त्यसको प्रतिकारको लागि सारा नेपालीहरू छहराजस्तो भएर उर्लिए भनेर वर्णन गरेका छन् । आइलाग्नेमाथि वीर नेपालीहरू जाइलाग्नेछन्  भन्दै वीर नेपालीहरूको प्रशंसा वैरीले पनि गर्दछन् भनेका छन् । यसरी आफ्नो देशको रक्षाका निम्ति वीर नेपालीहरू प्राणको आहुति दिएर पनि देशलाई बचाउन सफल हुन्छन् भन्ने देशभक्तिको महिमागान गाइएको छ ।

### ४.४.६ अलकापुरी मै हेर्छु फर्की-फर्की

माधव घिमिरेले प्रस्तुत गीतमा स्वदेशभक्तिको महिमालाई प्रस्तुत गरेका छन् । गीतमा आफू विदेश गए पनि आफू जस्तै एउटा छाँया स्वदेशी वनमै डुलिरहेका र तिहारमा सयपत्री फूलले पनि उनको अनुहारलाई सम्झेर फुलेको प्राकृतिक चित्रणलाई मानवीकरण गरेका छन् । साथै आफू विदेश हुँदा पनि हिमालकै छाँयाले पछ्याइरहला भन्ने कुराको वर्णन गरेर घिमिरेले यस्तो सुन्दर राम्रो देश छाडी आँसुका धाराहरू बगाउँदै विदेश जाने बाटो नै देखिँदैन भनी स्वदेशभक्तिको महिमागान गएका छन् ।

जस्तै :

विदेश जाने देखिन बाटो आँसुले बर्सी-बर्सी
सुनको धुरी अलकापुरी मै हेर्छु फर्की-फर्की । श्लोक : १

### ४.४.७ लाग्दछ मलाई रमाइलो

प्रस्तुत गीतमा माधव घिमिरेले जहाँ पाखापखेरो रहेको छ, जहाँ हिमालमन्तिर पानी भर्ने पँधेरो रहेको छ, त्यही ठाउँ नै मलाई रमाइलो लाग्दछ भनी स्वदेशको महिमागान गरेका छन् । लेकैलाई हेऱ्यो भने लालीगुराँस र बेसीलाई हेऱ्यो भने प्याउलीले सुसज्जित गरेको छ भन्दै .....पिरती बास्ने परेवा र विरहमा बोल्ने न्याउली पनि यही पाखापखेरामै रहेकोले यही सुन्दर रमणीय देश छाडी जो कोही पनि विरानो मुलुकमा माया लगाएर कदापि बस्न सक्दैनन् भन्दै देशभक्तिको भावनालाई उजागर गरेका छन् ।

जस्तै :

सम्झन्छु म हिमचुली आँसुको ढिका खसाली
यो बिरानु मुलुकमा बस्दैन माया बसाली । श्लोक : ४

### ४.४.८ आज मेरो बाडुल्कीमा

गीतकार माधव घिमिरेले यस गीतमा सर्वप्रथम पहिले बाडुल्की लागेको रक्तै आफ्नो देशले सम्झेर पो लागेको हो कि भन्ने कुरालाई सङ्केत गरेका छन् । त्यतिमात्र नभएर कतै हिड्दै ठेस लाग्दा आमाको मुटु दुख्ने र वनवनमा उनकै सम्झनामा न्याउली चरी रोएकी पो हो कि भन्ने सन्दर्भलाई पनि गीतमा व्यक्त गरेका छन् । आफू यति राम्रो देशमा जन्मेर पनि यही देशलाई धोका दियो भने स्वयम्भूका आँखाबाट आँसु झरी त्यो आँसुको सराप लाग्छ भन्दै देशभक्तिको महिमालाई स्पष्ट पारेका छन् ।

जस्तै :

आज मेरो बाडुल्कीमा कसले सम्झिरै'छ
कतै मेरो मुटु छोई देशले सम्झिरै'छ ।
यो देशलाई धोका दिए, सराप लाग्छ मलाई
स्वयम्भूका आँसु भुल्भुलाई । १/३

### ४.५ निष्कर्ष

माधव घिमिरे कवितालेखनबाट साहित्ययात्रा प्रारम्भ गरेका हुन् । यिनी नेपाली कविताको आधुनिक कालको प्रथम चरण परिष्कारवादी धाराबाट कविताकाव्य लेख्दै समसामयिक धारासम्म कलम चलाएको देखिन्छ ।

वनशोभा कवितादेखि यिनका कवितामा राष्ट्रियता फेला पार्न  सकिन्छ । यिनले **धर्तीमाता** खण्डकाव्यदखि **राष्ट्रनिर्माता** सम्मका खण्डकाव्यहरूमा देशभक्तिका छालहरू छताछुल्ल पारेर पोखेका छन् । यिनले आफ्ना रचनामा देशको माटोदेखि लिएर हिमाल पहाड, वनजङगल, झरना खोलानाला तथा घामपानीसम्मका बारेमा रोचक तरिकाले ब्याख्या गरेका छन् ।

स्वदेशभक्ति कवितामा जन्म दिने आमा र जन्मभूमि स्वर्गभन्दा महान हुन्छ । जस्ता देशभक्तिको भावना प्रस्तुत गरेका छन् । त्यसैगरी स्वेश गीतमा साहुको ऋण तिर्न विदेश गएका युवाहरूले आफ्नो देशका पखेरा र वाल्यकालका साथिका सम्झनाका कुराहरू उल्लेख गरीएको छ । त्यसैगरी राजेशवरी खण्डकाव्यमा नेपालीहरूका गुमेका भुभागलाई फिर्ता गराउनु पर्ने कुराले राष्ट्रियताको बोध गराएको छ । राष्ट्रनिर्माता खण्डकाव्यमा देशलाई बाँडे पछि त्यसको केही औचित्य रहँदैन् साथै देश बाँडने चिज होईन जस्ता देश भक्ति प्रस्तुत गरिएको छ । धर्तिमाता खण्डकाव्यमा माटो र मुटुको सम्वन्ध प्रष्ट पारिएको छ । यिनका कविताहरूमा पर्वतकी पार्वती हे देखि लिएर लाग्दछ मलाई रमाईलो र आज मेरो बाडुल्की सम्ममा देशभक्तिको भाव अभिव्यक्त गरिएको पाइन्छ ।

यसरी माधव घिमिरेका धेरै जसो कविताकाव्यहरूलाई नियाल्दा राष्ट्रियताको भावनाले ओतप्रोत भएको पाइन्छ । साथै यिनका कविता र खण्डकाव्य स्वच्छन्दतावादी प्रवृत्तिका छन् । लयविधानको सचेतता, विषयवस्तुगत विविधता, आलङ्कारिक अभिव्यक्ति र काव्यात्मक गीतिप्रवृत्ति नै यिनका प्रमुख विशेषता हुन । यिनले करिब ६ दशक लामो समय कविताकाव्य लेखनमा लगाइसकेका छन् । यिनका कविता र गीतमा स्वच्छन्दतावादी प्रवृत्ति पाइन्छ । समग्रमा भन्नु पर्दा आफ्ना कृतिहरूबाट सम्पूर्ण देशवासीमा आफू जन्मेको ठाँउलाई माया गर्नु पर्दछ भन्ने सन्देश दिनु खोज्नु नै यिनको मुख्य विशेषता हो ।

# परिच्छेद पाँच

# उपसंहार र निष्कर्ष

## ५.१ उपसंहार

माधव घिमिरेले नेपाली साहित्यको विविध विधामा कलम चलाएर नेपाली साहित्यको भण्डारलाई सम्वृद्ध तुल्याएका छन् । घिमिरेको साहित्यिक-यात्रा १९९२ सालमा **गोरखापत्र**मा प्रकाशित 'ज्ञानपुष्प' कविताबाट थालिएको हो । त्यसैगरी माधव घिमिरेको २००२ सालमा रचित 'हामीलाई बोलाउँछन् हिमचुली' नामक गीतबाट गीतियात्रा सुरू भएको हो । घिमिरे महात्मा गान्धीको अहिंसावादी मानवतावादी विचारबाट प्रभावित  छन् । त्यसैगरी उनी संस्कृतका महाकवि कालिदासको थोरैमा धेरै भन्न सक्ने क्षमता तथा बङ्गालीका विशिष्ट कवि रवीन्द्रनाथको दर्शनका रहस्यमय कुरालाई पनि स्पष्ट पारेर बुझाउन सक्ने सामर्थ्यबाट प्रभावित छन् । घिमिरेले विभिन्न महापुरूषका वैचारिक मान्यताबाट प्रेरित भएर तिनलाई साहित्यको आदर्शका रूपमा प्रयोग गर्नुका साथै आफ्नै आदर्श र मान्यताहरूको स्थापना पनि गरेका छन् ।

माधव घिमिरेका राष्ट्रभक्तिपरक कृतिहरू संरचनात्मक दृष्टिकोणले कसिला छन् । उनका काव्य कविताहरूमा कल्पनाको राम्रो प्रयोग भएको छ । घिमिरेले आफ्ना काव्य कविताहरूमा कतै नियमित लय र कतै मिश्रित लयको प्रयोग गरेका छन् । आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास, अनि पद-पदावलीको आवृत्तिबाट घिमिरेका कृतिहरूमा ध्वनिसङ्गीतको सिर्जना भएको पाइन्छ । बिम्ब, प्रतीकहरूको प्रयोग गरेर घिमिरेले थोरैमा धेरै भाव व्यक्त गरेका छन् । **किन्नरकिन्नरी** गीतसङ्ग्रहमा १६१ ओटा गीतहरू रहेका  छन् । २००२ सालदेखि २०६० सालसम्म रचना गरिएका गीतहरू **किन्नरकिन्नरी** गीतसङ्ग्रहभित्र सङ्गृहीत छन् । यस सङ्ग्रहभित्र राष्ट्रियता, प्रणयभाव, प्रकृतिप्रेम, कारुणिकता, मानवताजस्ता विविध विषयवस्तु भएका गीतहरू रहेका छन् । यस सङ्ग्रहभित्र स्वच्छन्दतावादी गीतहरूका साथै समकालीन यथार्थलाई उजागर गर्ने गीतहरू पनि रहेका छन् ।

माधव घिमिरेले ३ ओटा बालगीतसङ्ग्रहहरू पनि प्रकाशित गरेका छन् । ती बालगीतसङ्ग्रहहरू हुन् - **घामपानी** (२०१०), **बाला-लहरी** (२०२६) र **सुनपङ्खी चरी** (२०५३) । **घामपानी** बालगीतसङ्ग्रहमा २२ ओटा, **बाला-लहरीमा** २४ ओटा र **सुनपङ्खी चरी**मा ३० ओटा बालगीतहरू रहेका छन् । यी बालगीतसङ्ग्रहहरूमा घिमिरेले बालबालिकालाई शिक्षा दिने किसिमका सन्देशमूलक गीतहरू लेखेका छन् र कुनै-कुनै बालगीतचाहिँ बालबालिकालाई खेलाउँदा, सुताउँदा गाइने 'लोरी' जस्ता पनि छन् ।

माधव घिमिरेले २००२ सालदेखि हालसम्म करिब ६ दशक लामो समय गीतलेखनमा लगाइसकेका छन् । घिमिरेका गीतहरूको रचनाकाल र गीतिप्रवृत्तिको आधारमा उनका गीतियात्रालाई तीन चरणमा राखेर अध्ययन गरिएको छ । माधव घिमिरेको गीतमा स्वच्छन्दतावादी प्रवृत्ति पाइन्छ भने समकालीनता, लयविधानमा सचेतता, विषयवस्तुगत विविधता, आलङ्कारिक अभिव्यक्ति र काव्यात्मकताजस्ता गीतिप्रवृत्ति पनि पाइन्छ । समग्रमा भन्नुपर्दा उनी स्वच्छन्दतावादी गीतकार हुन् ।

## ५.२ निष्कर्ष

कवितालेखनबाट नेपाली साहित्यको यात्रा आरम्भ गरेका माधव घिमिरेले खण्डकाव्य, गीत, बालकविता, गीतिनाटक आदि लेखेर आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन् । उनका गीतहरूमा राष्ट्रियता, प्रणयभाव, कारुणिकता, मानवताजस्ता विषयवस्तु पाइन्छन् । जीवन भनेको सङ्घर्ष हो भन्ने घिमिरेले केही गरेर संसारमा आफ्नो नाम राख्नुपर्छ भन्ने वाणीलाई आत्मसात् गर्दै आजसम्म पनि निरन्तर रूपमा साहित्य साधनामा लागिरहेका छन् । माधव घिमिरे मूलत : स्वच्छन्दतावादी भावधाराका गीतकार हुन् । समग्रमा भन्नुपर्दा माधव घिमिरे नेपाली गीतिक्षेत्रका एक उत्कृष्ट गीतकार हुन् । नेपाली गीतका क्षेत्रमा उनको स्थान सर्वोपरि छ ।

राष्ट्रियतालाई मूलमर्म मान्दै आत्मबललाई अगाडि बढाउनु हुने राष्ट्रकवि पदद्वारा सम्मानित कवि माधव घिमिरेले आफ्ना कृतिहरूबाट सम्पूर्ण देशवासीमा आफू जन्मेको स्थानलाई माया गर्नुपर्छ भन्ने सन्देश दिन खोज्नु भएको छ । माधव घिमिरेले लेखेका धेरै फुटकर कविता र गीतहरूमा उनको यहीँ साहित्यिक मूल मर्म फेला पार्न सकिन्छ । राष्ट्र एउटा अमूर्त भूगोल हो भन्ने अभिव्यक्तिलाई चुनौती दिँदै मानवजीवनलाई बचाई राख्ने पृथ्वी आफू जन्मेको भूमिलाई वा राष्ट्रलाई सम्मान गर्नुपर्छ, देशलाई बचाउनु पर्छ, कुनै पनि व्यक्तिको पहिचान उसले जन्मेको माटोसँग वा देशसँग गाँसिएको हुन्छ भन्ने भाव उनका खण्डकाव्यहरूमा सल्बलाइरहेका छन् भने उनका कविताहरूले देशप्रेमलाई सम्झाइरहेका छन् ।

जब-जब देश विखण्डनको संघारमा पुग्छ आफ्नो पहिचानका लागि चारैतिरबाट जनताहरू उठ्न थाल्छन्, त्यतिबेला राष्ट्रकवि माधव घिमिरेका राष्ट्रप्रेमको भावनाले ओतप्रोत गीतहरूको सम्झना गराउँछ । लाग्छ उनको गीतमा एकताको सन्देश छ जुन राष्ट्र, समाज र व्यक्तिको स्वभिमानको रक्षाका लागि आवश्यक भई नै रहन्छ ।

माधव घिमिरेका सम्बन्धमा हुन सक्ने सम्भावित शोध शीर्षकहरू माधव घिमिरेका कविता-काव्यमा प्रयुक्त रस, **धर्तीमाता, गौरी** र **राष्ट्रनिर्माता** खण्डकाव्यको कृतिपरक अध्ययन, सामाजिक दृष्टिकोणले **पापिनी आमा** खण्डकाव्यको अध्ययन आदि हुन सक्छन् ।

# सन्दर्भसूची


अधिकारी, हेमङ्गराज, 'स्रष्टा घिमिरे नेपाली काव्यशास्त्रका द्रष्टाका रूपमा', **कविवर माधव घिमिरे अभिनन्दन** ग्रन्थ (सम्पा.), कमलमणि दीक्षित र अन्य, काठमाडौँ : कविवर माधव घिमिरे राष्ट्रिय अभिनन्दन समारोह समिति, २०६०, पृ. ६५९-७०२ ।

आचार्य, कृष्णप्रसाद र अन्य (सम्पा.) **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, (काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार, २०६१), पृ.१५३ ।

आचार्य, बाबुरामः **'पुराना कवि र कविता'**, सा. प्र., नवौँ संस्क. २०६२ ।

आचार्य, भगवत, 'घिमिरे राष्ट्रवादी कवि हुन्', नेत्र एटम (सम्पा.), **राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन**, काठमाडौँ : तन्नेरी प्रकाशन, २०६०, पृ.३२२ ।

उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्यसिद्धान्त**, तेस्रो संस्क. ललितपुर : सा. प्र., २०५७ ।

उपाध्याय, केशवप्रसाद, 'कवि घिमिरे र उहाँका पापिनी आमा, **मधुपर्क**, भदौँ, २०१३, पृ.८५ ।

एटम, नेत्र, **'**अन्तर्वार्तामा बिम्बित माधव घिमिरे**'**, **राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन**, (सम्पा.) नेत्र एटम, काठमाडौँ : तन्नेरी प्रकाशन, २०६०, पृ.२८४-२९२ । समालोचनाको स्वरूप, ललितपुर : सा. प्र., २०६१ ।

**____,____, समालोचनाको स्वरूप**, ललितपुर : सा. प्र., २०६१ ।

कुँवर, उत्तम, **स्रष्टा र साहित्य**, चौथो संस्क., ललितपुर : सा. प्र., २०६० ।

कोइराला, नरेन्द्र, ८ मनचिन्ते मुरली कथासङ्ग्रहको कथानक विश्लेषण, **राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन** (सम्पा.), नेत्र एटम, काठमाडौँ : तन्नेरी प्रकाशन, २०६०, पृ. २०७-२१९ ।

खनाल, केदार, 'कविवर माधव घिमिरेको राष्ट्रवादी स्वर**', कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ** (सम्पा.), कमलमणि दीक्षित र अन्य, काठमाडौँ : कविवर श्री माधव घिमिरे राष्ट्रिय अभिनन्दन समारोह समिति, २०६०, पृ. १२७-१३२ ।

खरेल, किरण, **प्रियतमा**, काठमाडौँ : रूपायन प्रेस, २०३६ ।

खनाल, यदुनाथ, **साहित्यचर्चा**, ललितपुर : सा. प्र., २०३४ ।

गोर्खाली, रमेश, 'सफल राष्ट्रवादी नेपाली' नेत्र एटम (सम्पा.) **राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन**, काठमाडौँ : तन्नेरी प्रकाशन, २०६०, पृ. २४१ ।

गौतम, कृष्ण, 'पापिनी आमा लघुकाव्यमा कवि माधव घिमिरे', **गोरखापत्र**, भाद्र -४, २०३४, पृ.७ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर, सा.प्र.,

२०६०, पृ.१ ।

घिमिरे, माधव, **घामपानी**, काठमाडौँ : ने.भा.प्र. समिति, २०१० ।

____,____, **बाला-लहरी**, ललितपुर : सा. प्र., २०२६ ।

____,____, **आफ्नो बाँसुरी आफ्नै गीत :** दोस्रो संस्क., ललितपुर : सा. प्र., २०४६ ।

____,____, **सुनपङ्खी चरी**, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०५३ ।

____,____, **हिमालपारि-हिमालवारिः** सा. प्र., २०५४ ।

____,____, **चारूचर्चा**, ललितपुर : सा. प्र., २०५८ ।

____,____, **किन्नरकिन्नरी,** दोस्रो संस्क., ललितपुर : सा. प्र., २०६० ।

____,____, **चैत-वैशाख**, ललितपुर : सा. प्र., २०६० ।

____,____, **राष्ट्रनिर्माता** : आठौँ संस्क., ललितपुर : सा. प्र., २०६२ ।

____,____, **धर्तीमाता** : ललितपुर : सा. प्र., २०२८ ।

____,____, **राजेश्वरीः** नवौँ संस्क., ललितपुर : सा. प्र., २०६४ ।

____,____, **मालती मङ्गलेः** तेस्रो संस्क., ललितपुर : सा. प्र., २०५६ ।

____,____, **इन्द्रकुमारीः** सा. प्र., २०५७ ।

घिमिरे, माधव, 'भूमिका भाग' **राजेश्वरी** खण्डकाव्य ललितपुर : सा. प्र., २०१७, पृ.क, ख ।

____,____, राजेश्वरीका सम्बन्धमा, **राजेश्वरी** पृ.क, ख ।

घिमिरे, मुक्तिनाथ, **'**घिमिरेको राष्ट्रिय गीत**'**, **कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ**(सम्पा.), कमलमणि दीक्षित र अन्य, काठमाडौँ : कविवर माधव घिमिरे राष्ट्रिय अभिनन्दन समारोह समिति, २०६०, पृ. ४८७-४८९ ।

तिमसिना, अनिरूद्ध, **'**कविवर घिमिरेको गीतिकवितासङ्ग्रह किन्नरकिन्नरी : एक दीक्षित र अन्य, काडमाडौँ : कविवर माधव घिमिरे राष्ट्रिय अभिनन्दन समारोह समिति, २०६०, विवेचनात्मक निरूपण**'**, **कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ** (सम्पा.), कमलमणि पृ. २१-४१ ।

त्रिपाठी, वासुदेव, **'नेपाली कविताको सिंहावलोकन'**, दोस्रो संस्क., ललितपुर सा.प्र., २०३२ ।

____,____, 'कवि घिमिरेको काव्ययात्रा र राजेश्वरी खण्डकाव्य', **रूपरेखा**, वर्ष १२, अङ्क १३१, चैत्र, २०२८, पृ. ५ ।

____,____, 'कवि घिमिरेको काव्य यात्रा र **राजेश्वरी** खण्काव्य', **रूपरेख**, वर्ष १२, अङ्क १३१ चैत्र, २०२८, पृ. ७ ।

त्रिपाठी वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता भाग-४,** ललितपुर : सा.प्र., २०४६ ।

**____,____,** र रामबाबु सुवेदी, 'एकता बालसाहित्य शृङ्खलाका सञ्चालकहरूका तर्फबाट', सुनपङ्खी चरी, काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०५३, पृ. ४ ।

थापा, हिमांशु, **साहित्यपरिचय**, दोस्रो संस्क., ललितपुर : सा.प्र., २०५० ।

नेपाल, देवी, **छन्द-पराग**, काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६२ ।

नेपाल, शैलेन्द्रप्रकाश, **राष्ट्रकवि माधव घिमिरे,** काठमाडौं : गण्डकी सामाजिक गुठी, २०६१ ।

न्यौपाने, दैवज्ञराज, **'**कविताका एक असल साक्षी**'**, **गरिमा** वर्ष २१, अङ्क १०, पूर्णाङ्क २५०, २०६०, पृ. ११४-१२४ ।

न्यौपाने, दैवज्ञराज, 'कवि घिमिरेका राष्ट्रनिर्माता' **मधुपर्क**, वर्ष ६, अङ्क ६, २०३०, पृ.३० ।

पथिक, मुकुन्दराज, **'**कविवर माधव घिमिरेका गीतमा हिमाल र फूल**'**, **कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ** (सम्पा.), कमलमणि दीक्षित र अन्य, काठमाडौं : कविवर श्री माधव घिमिरे राष्ट्रिय अभिनन्दन समारोह समिति, २०६०, पृ.४४५-४४७ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र., २०४० ।

पोखरेल, भानुभक्त, **कवि घिमिरे र उनका काव्यचिन्तन**, दोस्रो संस्क., ललितपुर : सा.प्र., २०५० ।

**____,____, घिमिरेका विशिष्ट खण्डकाव्य**, विराटनगर : श्याम पुस्तक भण्डार, २०३९, पृ.६६ ।

**____,____, घिमिरेका विशिष्ट खण्डकाव्य,** विराटनगर : श्याम पुस्तक भण्डार, २०३९, पृ.८५ ।

**____,____, घिमिरेका विशिष्ट खण्डकाव्य,** विराटनगर : श्याम पुस्तक भण्डार, २०३९, पृ. १२६ ।

**____,____, माधव घिमिरेका विशिष्ट खण्डकाव्य,** दोस्रो संस्क., ललितपुर : सा.प्र., २०५६ ।

**____,____, कवि घिमिरेको रचनायोग,** ललितपुर : सा.प्र., २०५९ ।

बराल, कृष्णहरि, **गीत सङ्क्षिप्त चिनारी**, **प्रज्ञा**, वर्ष २२, पूर्णाङ्क ७७, २०५०, पृ. ९४-९७

**____,____, गीत : सिद्धान्त र इतिहास,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

भट्टराई, घटराज, **वार्णिक छन्दका समकक्ष कवि**, नेपाली साहित्यकार परिचय कोश, नेपाल रिसर्च एसोसिएट्स, काठमाडौं, २०५१, पृ. ६० ।

माहिला, व्याकुल, **नेपाली गीतसङ्ग्रह** (सम्पा.), काठमाडौं : चाँदनी प्रकाशन प्रा.लि., २०५९ ।

मिश्र, डिल्लीराम, **'**प्रतिभाले पुरस्कार हैन, पुरस्कारले प्रतिभाको सम्मान हेतु**'**, **राष्ट्रकवि**

**घिमिरे समीक्षात्मक अवलोकन** (सम्पा.), मदनमणि दीक्षित र अन्य, काठमाडौँ : कविवर श्री माधव घिमिरे अभिनन्दन समारोह समिति, २०६०, पृ. १७५-१७९ ।

रिजाल, कालिप्रसाद, **'**यो आलोक प्रज्वलित भइरहोस्**'**, **कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ** ( सम्पा.). कमलमणि दीक्षित र अन्य. काठमाडौँ : कविवर श्री माधव घिमिरे अभिनन्दन समारोह समिति, २०६०, पृ. ९०-९३ ।

रिसाल, राममणि, **नेपाली काव्य र कवि**, ललितपुर : सा.प्र., २०३१ ।

**____,____,** 'नेपाली साङ्गीतिक यात्रा : अनेक घटक', **प्रज्ञा**, वर्ष २२, अङ्क ७७, २०४०, पृ. ६६-७१ ।

रेग्मी, कमलराज, **'**कविवर माधव घिमिरेसँगका सम्भनाका सन्दर्भ र क्षणहरू**'**, **कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ** (सम्पा.), कमलमणि दीक्षित र अन्य, काठमााडौँ : कविवर श्री माधव घिमिरे अभिनन्दन समारोह समिति, २०६०, पृ. ५९-७९ ।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य, **नेपाली कवि र कविता**, काठमाडौँ : विभु ऋभु प्रकाशन, २०५४ ।

लुईटेल, हरिगोविन्द, (सम्पा.) 'अफ्रो एशियाली लेखक सम्मेलन', २०६३, **नवयुवा**, पृ. ५० ।

**____,____, कवितासिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : ने.रा.प्र.प्र., २०६० ।

शर्मा, बिन्दु, **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे,** काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन, २०६२, पृ.१६ ।

शर्मा, मोहनराज, **शैलीविज्ञानसिद्धान्त र आलोचना**, काठमाडौँ : ने.रा.प्र.प्र., २०४४ ।

**____,____,** 'गीत विश्लेषणका समकालीन आधारहरू'**, प्रज्ञा**, काठमाडौँ : वर्ष२२, पूर्णाङ्क ७७, २०५०, पृ. २९-३५ ।

शर्मा, रमा, **'**आनन्दमय यात्रा चलिरहोस**'**, **कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ** (सम्पा.), कमलमणि दीक्षित र अन्य, काठमाडौँ : कविवर श्री माधव घिमिरे राष्ट्रिय अभिनन्दन समारोह समिति, २०६०, पृ. ४९५-४९७।

श्रेष्ठ, रमेश, **नेपाली कविताको प्रवृत्ति**, ललितपुर : सा.प्र., २०४९ ।

श्रेष्ठ दयाराम, **वीरकालीन कविता**, ललितपुर : सा.प्र., २०५७।